कातिक २, २०६३

# समय

राष्ट्रिय साप्ताहिक

संविधानसभाको निर्वाचनका लागि सरकार–माओवादी सहमत भए पनि हतियार व्यवस्थापनलगायतका मुद्दाहरूमा विवाद जारी रहँदा निर्वाचनबारे ढुक्क हुन सकिँदैन ।

# संविधानसभाका बाधक



समय
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १२७, असोज २७–कात्तिक २, २०६३




आवरण : माओवादी छापामार

तस्वीर : भास्वर ओझा

## आवरण : शान्तिवार्ता सकारात्मक दिशातर्फ भए पनि संविधानसभाका पूर्वाधार तथा राज्य पुनर्संरचनाजस्ता विषयमा वार्ताकारहरूले पटक्कै ध्यान दिएका छैनन् ३२

### दलित

आफ्नो परम्परा कायम राख्दै बन्दीपुरका बासिन्दाले दलित पुजारीलाई गरेको सम्मान अनुकरणीय छ १२

### विशेष रिपोर्ट

राजनीतिक खिचातानी र बंगाल सरकारको रवैयाका कारण दार्जीलिङ क्षेत्रका नेपालीहरूको गोर्खाल्यान्ड राज्य स्थापना गर्ने सपना चकनाचुर भएको छ १६

### यौनशोषण

विकासे कार्यकर्ताहरूद्वारा हुने गरेका यौनशोषणका विरुद्ध आवाज उठाउन थालेका छन्, जुम्लाका महिला २०


### आर्थिक

लोकतन्त्रसँगै मुलुकमा विदेशी सहयोगको ओइरो नै लागेको छ, तर ४५



श्रद्धाञ्जली : नेपालको सांस्कृतिक पक्षको सम्पूर्ण ज्ञान भएका अद्भुत क्षमताका धनी पाण्डव सुनुवारलाई गुमाएको छ, मुलुकले ५४

सम्पादकीय ................................ ५
डाँक .......................................... ८
दर्शन .......................................... ९
टिपोट ........................................ १०
साहित्य .................................... ५२
अनुहार ..................................... ५७
शून्य समय ................................ ५८



का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले–आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा

**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

कार्यालय ठेगाना :
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिब्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

## सम्पादकीय

# विवेकको 'मरण'

महाअष्टमीको दिन त्रासदीपूर्ण अशुभ सन्देशका साथ सुरु भयो। आठ वर्षीय अबोध बालक विवेक लुइँटेलको पाशविक हत्या एउटा आपराधिक सञ्जालद्वारा गरिएको पुष्टि गऱ्यो प्रहरी संगठनले। विवेकको सकुशल मुक्तिका लागि मुलुकभरि नै प्रार्थना र कामना गर्ने ठूलो संख्याका नागरिकहरू मर्माहत भए, पराजित महसुस गरे।

तर त्योभन्दा दुःखद प्रसंग हो प्रहरी अनुसन्धानमा विवेकका बा-आमा तथा आफन्तहरूले भरोसा गर्न नसक्ने वातावरण बन्नु। अनुसन्धानकर्ताहरूमाथि संदिग्ध अपराधीहरूलाई बचाउन राजनीतिक दबाब, त्यसमा पनि प्रहरी निकायसँग प्रत्यक्ष सरोकार राख्ने मन्त्रीको तर्फबाट त्यस्तो दबाब आउनु राजनीतिक र अपराधको साँठगाँठको प्रमाण हो।

हत्या बालक विवेकको भएको छ, तर लाग्छ सत्ताको कयौं तहमा मानवीय संवेदनशीलता र धर्मको मुटु मानिने 'विवेक'को मरण भएको छ। के संदिग्ध अपराधीलाई बचाउन आदेश दिने गृहमन्त्रीको 'विवेक' जिउँदो छ ? के कानुन व्यवस्थाको स्थिति यति दयनीय हुँदा पनि हत्याराहरूलाई सजाय दिइनेछ भनी आश्वस्त गर्न नसक्ने वा नचाहने प्रधानमन्त्रीको 'विवेक' जिउँदो छ ? अझ महत्त्वपूर्ण परीक्षणमा पुनर्जीवित संसद् र त्यसका अध्यक्ष सुवास नेम्वाङको विवेक। एउटा निर्दोष बालकको हत्यामा मुलुक उद्वेलित छ, तर के संसद्ले यो अपराधको छानबिन हुँदै गर्दा प्रशासनिक र नैतिक उत्तरदायित्व स्थापित गर्ने न्यूनतम पहल गर्ला ? वा मुलुकको ढुकुटी पचाउनुलाई नै उसले आफ्नो सान्दर्भिकताको प्रमाण मान्ला ?




भास्वर ओझा

विवेक लुइँटेललाई नचिन्नेहरू समेत अदालतअगाडि कुर्लिन थालेका छन्- अनुसन्धानमा हस्तक्षेप भएको छ, तर न्याय नमरोस्, नकिनियोस्, नबेचियोस् र न्यायिक छानबिन होस् भनेर। ११ वर्षको द्वन्द्वमा करिब ५ सय विवेकहरूको ज्यान गएको छ। मुलुकमा शान्ति स्थापना होस्, बालबालिकाहरू शान्ति क्षेत्र घोषित गरिऊन् भनी आन्दोलन जारी रहँदा विवेक लुइँटेल हत्यामा उब्जिएको आशंका आफैंमा दुःखद प्रसंग हो।

मुलुकमा कतै पनि विवेक लुइँटेल प्रकरण नदोहोरियोस् भनी व्यक्तिगत शोकलाई एकातिर थाँती राखेर विवेकका बा-आमा लागिपरेका छन्। जहाँसम्म विवेक लुइँटेलको कुरा हो, उनी एउटा प्रेरणा र प्रतीकका रुपमा जिउँदो रहनेछन् अनन्तसम्म। हरेक बालबालिकाहरू असीमित सम्भाव्यता र सम्भावनाका प्रतीक हुन्। उनीहरू समाज र मुलुकका भविष्य पनि हुन्। त्यो सम्भावनालाई कोपिलामै निमोठ्नेहरू सबै अर्थमा 'अपराधी' र 'गद्दार' हुन्। यस्तो अपराध र गद्दारीलाई जराबाटै उखेल्न विवेक प्रकरणमा सरकारले तुरुन्त कस्तो कदम उठाउँछ, त्यसले बालबालिकाहरूका साथै मुलुकको भविष्यप्रति सरकारको संवेदनशीलता वा त्यसको अभावको प्रमाण दिनेछ। प्रारम्भिक चरणमा सरकार पूर्णरुपमा संवेदनहीन देखिएको छ। ■




## समय साता

### घोषणा

नेपाल भ्रमणमा रहेकी शरणार्थी मामिला हेर्ने अमेरिकी सहायक मन्त्री इलेन साउलब्रेद्वारा ६० हजारसम्म भुटानी शरणार्थीलाई आफ्नो मुलुकमा लाने घोषणा।

### आगमन

नेपाल भ्रमणमा रहेका बेलायतका विदेश राज्यमन्त्री डा. किम हवेल्सद्वारा हतियारको प्रभावकारी व्यवस्थापनसँगै सन् २००७ मा हुने संविधानसभाको चुनाव स्वतन्त्र, निष्पक्ष र समावेशी होस् भन्ने बेलायतको चाहना रहेको अभिव्यक्ति।

### रद्द

लामो समयदेखि प्रतीक्षारत नेपाल र भारतबीचको सुपुर्दगी सन्धि माओवादीको आपत्तिका कारण अन्तिम चरणमा रद्द।


### निधन
रंगकर्मीका रुपमा, अभिनय र रेडियोवाचन कलाबाट नेपाली कलाक्षेत्रलाई टेवा पुऱ्याउँदै आएका ७० वर्षीय सिद्धान्तराम जोशीको काठमाडौंमा निधन।

### बेपत्ता

अमेरिकाबाट फर्किरहेका नेपालका प्रख्यात हास्यकलाकार साम्दे सेर्पा दुई सातादेखि नयाँदिल्लीबाट बेपत्ता।

### पुरस्कृत

अन्नपूर्ण क्षेत्रमा कार्यरत पर्यटन गाइड शेषकान्त शर्मा (भुवन केसी) पहिलो पटक आयोजना गरिएको अन्तर्राष्ट्रिय पर्यटन गाइड पुरस्कारबाट जाम्बियाका म्मान्डा चिसानागासँगै सम्मानित ।

### पूर्णता

राजनीतिक विशेषज्ञ ताम्राट स्यामुल, हतियार विशेषज्ञ नर्वेका पूर्वसैनिक जनरल जान एरिक र निर्वाचन विशेषज्ञ रोमानियाका इकटेरिना साल्भु र युद्धविराम विशेषज्ञ जोन वेभनको आगमनसँगै नेपालको शान्तिप्रक्रियालाई सघाउने इयान मार्टिनको राष्ट्रसंघीय टोलीको पूर्णता।

### परीक्षण

संसारभरिका मुलुकहरूको तीव्र विरोध हुँदाहुँदै पनि उत्तरकोरियाद्वारा आफ्नो पहिलो परमाणुबम परीक्षण।

### दुर्घटना
डढेलधुराबाट महेन्द्रनगरका लागि हिँडेको यात्रुवाहक बस असोज २१ गते दशरथचन्द्र राजमार्गमा दुर्घटनाग्रस्त, सातजनाको मृत्यु, ७३ घाइते। यसैगरी नुवाकोटको देउरालीबाट त्रिशूलीतर्फ आउँदै गरेको मिनीट्रक विदुर नगरपालिकामा दुर्घटना, चारको मृत्यु, २८ घाइते।

### सहयोग
बेलायतमा बस्ने नेपालीहरूको संस्था 'बेलायत-नेपाल प्रजातान्त्रिक समाज'द्वारा जनआन्दोलन-२ मा सहादत प्राप्त २५ सहिदका परिवारलाई आर्थिक सहयोग।

### कारण देखाउ आदेश

जनआन्दोलनको भावना विपरीत भएको भन्दै रुक्मांगत कटवालको नियुक्तिको बदरको माग गर्दै परेको रिटमा प्रारम्भिक सुनुवाइपछि सर्वोच्च अदालतद्वारा नियुक्तिको कारण पेस गर्न सरकारका नाममा आदेश जारी।




## इन्सेकको नियत घाम जस्तै छर्लंग

**इन्सेकका अध्यक्ष** सुबोध प्याकुरेलले *समय*को वर्ष ३, अंक १२६ (असोज १३-२६)मा मेरो तस्बिर प्रयोगका विषयमा दिएका प्रतिक्रियाप्रति मेरो ध्यानाकर्षण भएको छ। हुनत यो अदालतमा विचाराधीन विषय हो।

प्याकुरेलको प्रकाशित उक्त प्रतिक्रियाले तस्बिर आफैं बोल्छ भनेझैं स्वयं स्पष्ट रुपमा बिनाअनुमति उनले बारम्बार मेरो तस्बिर प्रयोग गरेका रहेछन् भन्ने जनाउँछ। एउटा व्यवसायिक रुपमा सृजना वा उत्पादन गरिएका कुनै पनि लेख-रचना वा फोटोको निश्चित मूल्य रहन्छ। वेबसाइटमा राखेको, पोस्टर छापेको आदि कुराहरू प्याकुरेलले प्रतिक्रियामा स्विकारेकै छन्। इन्सेकले मेरा फोटाहरू मेरा सहमतिविना वेबसाइटमा राखेको पोस्टर छापेकै कारण त त्यसमा मैले आपत्ति जनाउनुपरेको हो। इन्सेकले फोटो प्रयोग गर्नै मिल्दैन, पाउँदै पाउँदैन, असम्भव भनेर मैले भन्न खोजेकै होइन। चोरी गर्न हुन्न पो भनेको।

पोस्टरमा फोटोहरूको कोलाज बनाएर छाप्नुअघि फोटो पनि कसैको सिर्जना हो, व्यक्तिगत वा अझ त्यसरी संस्थागत रुपमा प्रयोग गर्नुअघि, ज्यान हत्केलामा राखेर क्यामेरामा कैद गरेको उक्त दृश्यको फोटो प्रयोग गर्दा अनुमति लिनुपर्छ भन्ने तपाईंमा कत्ति पनि हेक्का भएनछ। अनुमति, सहमति विना कसैको फोटो वेबसाइटमा राख्न वा पोस्टर छाप्न पाइन्छ त महोदय ? त्यसो गर्दा तपाईंको नियत पनि त्यहाँ अन्यथा जस्तो देखिन आउँछ भनेर मैले किन नभन्ने ? तपाईंका अभिव्यक्ति र बुझपचाइको तरिका देखेर आज एउटा व्यवसायिक व्यक्तिलाई तपाईं रत्तिभर सम्मान गर्न खोज्नु हुँदोरहेनछ भन्ने मैले बुझ्नुपरेको छ। वेवसाइटमा राख्दा अनुमति लिएको हो भनेर लेख्नुभएको रहेछ। त्यसको प्रमाण पनि सम्बन्धित निकायमा बुझाउनुहुने नै छ।

कसैले खिचेको फोटो प्रयोग गर्नुअघि सम्बन्धित फोटोग्राफरसँग अनुमति लिनै पर्छ, अनुमति लिएर पनि यो फलानोको हो भनेर स्पष्ट रुपमा उल्लेख गर्नु पर्छ। इन्सेकको वेवसाइटमा राखेका फोटाहरू हाम्रा होइनन् भन्न सक्नेले 'त्यहाँ प्रयोग भएका फोटाहरू कसैका हुन्, तर हामी भन्न चाहँदैनौं' भन्न किन नसकेको ? तपाईंले कलंकी हत्याकाण्डको उजागर गर्नुबाहेक इन्सेकको त्यसमा अन्य कुनै नियत छैन भनेर पनि लेख्नुभएको रहेछ, इन्सेकका उद्देश्यहरू अब घाम जस्तै छर्लंग भइसके।

यो विषयमा मैले आफूलाई बलात्कृत भएको ठानेको छु। म मात्र होइन, भोलि अरू फोटो पत्रकारहरू पनि यसरी खुलेआम ठगिएको, लुटिएको रमिता हेर्न सकिन्नँ। आइन्दा, त्यसो हुन नपाओस् भन्नका लागि मबाटै पहलको सुरुवात गरेको हुँ।

■ **राजेन्द्र मानन्धर (फोटो पत्रकार)**
कलंकी, काठमाडौं।

## परिणाममुखी हुनुपर्छ वार्ता

*समय* वर्ष ३, अंक १२६ मा शून्य समयमा छापिएको *प्रयोजनविहीन हुनुहुँदैन वार्ता* ज्यादै सान्दर्भिक लाग्यो। अहिलेसम्म हुँदै आएका माओवादी र सरकारका वार्ताहरूले पनि यही देखाएको छ। सर्वसाधारणको आस्थामाथि हरेक समयमा विश्वासघात हुँदै आएको छ। अब पनि दल, सरकार वा माओवादी स्वयं कुनै अडानमा अडिने वा जनभावनालाई बेवास्ता गर्दै जान तम्सिने हुन् भने योभन्दा दुर्भाग्य केही हुन सक्दैन। त्यसैले अबको वार्ता आशामुखी होइन परिणाममुखी बनोस्।

■ **विवेक श्रेष्ठ, खोटाङ**
हाल : शंकरदेव क्याम्पस।

## सजाय हुनुपर्छ बौद्धिक चोरहरूलाई

*समय* वर्ष ३, अंक १२५ मा छापिएको रिपोर्टअन्तर्गत 'बौद्धिक चोरी' पढ्दा ज्यादै मन खिन्न भएर आयो। यो पक्कै पनि महाअपराध हो। बढ्दो बौद्धिक अपराध वास्तवमा नेपालको सन्दर्भमा सबै वर्ग र स्रष्टाहरूले विचार गर्नुपर्ने देखिन्छ। प्रतिलिपि अधिकार नेपालमा लागू गरिए पनि स्रष्टाहरूले चोरी गरिहेको देखिन्छ। फितलो कारबाहीका कारण प्रतिलिपि अधिकार हनन भएको हो। यसले गर्दा मूल स्रष्टा ओझेलमा पर्दै गइरहेका हुन्छन् र साथ-साथै मूल स्रष्टा अवहेलित भइरहेका हुन्छन्। यसो हुनु नयाँ र उदीयमान स्रष्टाका लागि पक्कै पनि दुःखलाग्दो विषय हो। त्यसैले यस्ता विकृतिविरुद्ध सरकारले कडा कारबाहीका लागि नीति निर्माण नगरी चोरी जस्तो जघन्य अपराध गर्ने बौद्धिक अपराधीलाई कानुनी सजाय दिनै पर्दछ।

■ **टहल दाहाल 'नवकिरण'**
navakiran5@yahoo.com
दोलखा,
हाल : विश्वभाषा क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौं

## पठनीय सामग्री

*समय* वर्ष ३, अंक १२६ पढ्न पाइयो। केही कुराहरू जस्तै वन राज्यमन्त्री गोपाल राईको तस्बिर छनोटमा गल्ती र मधेसमा फैलँदो दसैंलाई बढी बढाइचढाइ गरेको पाइए पनि अन्य विषयहरू पठनीय र गहन लाग्यो। विशेष गरी साहित्यलाई दसैं अंकमा विशेष स्थान दिएकोमा *समय*लाई म जस्ता साहित्यानुरागीले धन्यवाद नदिइरहन सकेनन्। राउटेमा दक्षिणा, फर्कियो खुसी, गौरासँगै परिवर्तित मान्यता जस्ता पठनीय विषयहरू पस्केकोमा धन्यवाद नदिइरहन सकिनँ। यस्तै विषयहरू *समय*ले समेट्दै जाओस्, यही छ-शुभकामना।

■ **सन्तोष राई, धरान**
s_rai2002@yahoo.com
हाल : कोटेश्वर



## मन्दिर जाने टीका नलगाउने ?

*समय* वर्ष ३, अंक १२६ पढ्ने मौका पाइयो। त्यसअन्तर्गत पनि दसैंमा टीका जमरा नलगाउने माओवादीको रिपोर्टसँगै प्रचण्ड मनकामना गएको समाचारसँगै सार्वजनिक भयो। माओवादी सधैं एउटा भन्छ र अर्को गर्छ भन्ने भनाइ पनि सत्य सावित भयो। प्रचण्डले मनकामना गएर टीका लगाए कि लगाएनन् ? गाउँमा धर्मको अस्तित्व नभएको भन्दै माओवादी कार्यकर्ताहरू सुगा रटाइ गरिरहेका छन् भने उनीहरूकै नेता मनकामना पुगेका छन्। माओवादीको यस्तो दोधारे नीतिलाई सर्वसाधारणले के भनी बुझ्ने ?

■ **हरि चौलागाई**
रामेछाप।

## क्षमा याचना

*समय*को अंक १२६ मा प्राविधक त्रुटिका कारण स्व. गोपाल राईको तस्बिरका स्थानमा प्रतिनिधिसभाका सदस्य टंक राईको तस्बिर छापिन गएको र त्यसबाट सम्बन्धित पक्षमा पर्न गएको असुविधाप्रति हामी क्षमाप्रार्थी छौं। **सं.**

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**

## दुनियाँका सबै सहर लगभग एकै प्रकारले विकसित भइरहेकाले त्यस देशको मौलिकता र संस्कृति गाउँमै भेटिन्छ ।



■ स्वामी आनन्द अरुण

# ओशोको युक्रेन प्रवेश

**गत २० सेप्टेम्बरदेखि** १ अक्टोबरसम्म ओशो ध्यान शिविर संचालनका लागि हामी युक्रेनमा थियौं । प्रवास बसाईंका क्रममा हामी युरोपकै सुन्दर राजधानी मानिने किभ र ब्ल्याक सीको किनारामा अवस्थित ऐतिहासिक, सुन्दर र पर्यटकीय नगर ओडेसा पनि पुग्यौं । युक्रेन क्षेत्रफल (६,०३,७०० वर्ग किमि) को आधारमा युरोपको सबैभन्दा ठूलो देश र जनसंख्याको आधारमा जर्मनी, इटाली, बेलायत, फ्रान्सपछि युरोपको पाँचौं ठूलो देश हो । सन् २००१ को जनगणनामा यसको जनसंख्या ४ करोड ८४ लाख थियो जुन सन् २००५ मा घटेर ४ करोड ६४ लाखमा झरेको अनुमान छ । यो घट्ने दर वार्षिक लगभग एक प्रतिशत छ । जनसंख्या वृद्धिदर पनि बडो आश्चर्यको विषय रहेछ, जुन देश जति सम्पन्न छ र जति बढी मानिसलाई पाल्न सक्छ त्यहाँ जनसंख्या घट्दो छ र जुन देश जति विपन्न र दरिद्र छ, त्यति नै जनसंख्या बढाउन पौरखशाली छ र त्यसले जीवनस्तर अझ तल झर्दै जान्छ ।

युक्रेन संसारकै अति रमणीय देशमध्ये एक हो । यहाँ साना ठूला गरी ४ हजार नदी बग्छन्, जुन ब्ल्याक सी र आजोव समुद्रमा गएर मिल्छन् । यहाँको कालो माटो अति उब्जाउ छ । त्यसैले यसलाई युरोपको 'ब्रेड बास्केट' भनिन्छ । यहाँको माटो यति उब्जाउ छ कि दोस्रो विश्वयुद्धताका नाजीहरूले यसको उर्वर कालो माटो ट्रेनमा भरिभरि जर्मनी लगेका थिए, तर ईश्वरले दिएको यो वरदान नै यसका लागि अभिशाप पनि भएको छ ।

विगत शताब्दीहरूमा यो भूमिमा पश्चिमबाट पोल्याकहरू, उत्तर र पूर्वबाट लिथवेनियन र रूसीहरूको र पूर्वबाट मंगोलहरूको आक्रमणको सिकार भयो र पूरै भूमि युद्धमैदानमा परिणत भयो । सत्रौं शताब्दीमा पोलिसहरूको नियन्त्रणका विरुद्ध कजाकहरूको विद्रोहले यसलाई करिब १ सय वर्षको स्वतन्त्र अस्तित्व दिलाए पनि पछि रूसी साम्राज्यले यसमाथि नियन्त्रण गऱ्यो । जार शासनको अन्त्यपछि यो सन् १९१७ देखि १९२० सम्म कसैको अधीन भएन र स्वतन्त्र नै रह्यो । पछि यसले सोभियतहरूको क्रूर शासनको पीडा भोग्नु पऱ्यो । यही शासनअन्तर्गत सामूहिक खेतीको नाममा सृजित कृत्रिम भोकमरीको सिकारमा यस मुलुकमा करिब ५० लाख मानिस मरेको अनुमान छ । त्यो निर्दयी शासनको पीडा भोगेर बाँचेकाहरूले बताउँछन् 'त्यसबेला खानेकुरा केही नपाएर मानिसले मानिसको मासुसम्म खाएका थिए ।' यस देशको माटोको प्रत्येक कण अनेक पिँढीहरूले युद्धमा बगाएको रगतले सिंचित छ । यस्तो विषम परिस्थितिका बाबजुद पनि यसले आफ्नो संस्कृति र पहिचान बनाई नै राख्यो र यसले आज आफ्नो प्रगतिको मार्ग आफैं पहिल्याउँदै गएको छ र हाल वार्षिक वृद्धिदर ९ प्रतिशत पुगेको छ । सोभियत संघको विघटनपछि सन् १९९१ अगस्त २४ का दिन यसले स्वतन्त्रताको घोषणा गऱ्यो ।

गत जुनमा भएको मस्को साधना शिविरमा युक्रेनबाट एक टिभी कलाकार युवती भाग लिन आइन् र शिविरमै दीक्षा लिई 'अल्योना'बाट मा ध्यान शुन्यो बन्न पुगिन् । युक्रेन फर्केपछि शुन्योको बानी व्यहोरामा आएको परिवर्तन र उनीलाई सधैं आनन्दित देखेर उनका टिभी कार्यक्रम उत्पादक पति रोमन मुखा प्रभावित भए र साधना शिविरको संचालनका लागि युक्रेन आमन्त्रण गरे र सोहीअनुरूप किभ नजिकै एक सुन्दर रिसोर्टमा ५ दिनको साधना शिविर र राजधानी किभ र ओडेसामा केही सत्संग र प्रवचनका कार्यक्रमहरू भए । रोमन मुखा पनि अन्ततः दीक्षित भए र स्वामी आनन्द रमण बन्न पुगे ।

यो अनौठो देश छ । यो देशमा इस्लामी, बौद्ध, यहूदी, हिन्दु र अन्य सबै जोडेर पनि गैर इसाईहरूको संख्या १ प्रतिशतभन्दा कम छ । अन्य ९९ प्रतिशतहरू इसाई धर्मकै विभिन्न मतमा विश्वास राख्नेहरूको बाहुल्य छ ।

यस्तो पृष्ठभूमि कुनै पूर्वबाट गएको व्यक्तिले गराएको सायद यो पहिलो ध्यान शिविर थियो । यस्तो परिस्थितिमा पनि संस्कृतका ऋचाहरूमा प्रार्थना भयो । कृष्ण, शिव र ओशोका भजनहरूमा सयकडौं व्यक्तिहरू खुलेर नाचे र ध्यानमा गहिरो अनुभूतिमा डुबे । एकदम नयाँ दर्शन भए पनि किभमा ५० र ओडेसामा नौजनाले ओशोको नवसंन्यासमा दीक्षा लिए । यो युरोपको लागि ठूलो संख्या हो । त्यस शिविरमा छिमेकी युरोपेली देश चेक गणराज्य, बेलायतका साथै इजरायल र पूर्व सोभियत संघका विभिन्न गणराज्यबाट पनि शिविरमा आए र रमाएर आफ्नो देशमा पनि यस्तै शिविर गर्न हामीलाई आमन्त्रण दिए । सन् १९६९ मै ओशोले सोधेका थिए, 'तिमी केमा रमाउँछौ ?' मैले 'घुम्ने खुब रहर छ भनेको थिएँ ।' ओशोले 'ल, तिमी आध्यात्मिक रुपले तयार बन । म आफ्नो सन्देश बोकाएर तिमीलाई सारा दुनियाँ यति घुमाउँछु कि घुम्नबाट तिमी अघाउनेछौ ।' विभिन्न मुलुकबाट शिविरको लगातार आमन्त्रण आउन थालेपछि गुरुका यी शब्दहरू चरितार्थ भएर आएको अनुभव भइरहेको छ ।

किभदेखि ओडेसासम्मको कार यात्रा अविस्मरणीय नै रह्यो । किभबाट ओडेसाको दूरी ५ सय किमि छ । जुन देशमा गए पनि त्यस देशको गाउँ हेर्ने मलाई इच्छा लाग्छ किनभने दुनियाँका सबै सहर लगभग एकै प्रकारले विकसित भइरहेका छन् र त्यस देशको मौलिकता र संस्कृति गाउँमै भेटिन्छ । मैले जहाजबाट नगई कारबाटै जाने प्रस्ताव गरें । बीचमा चियाचमेनाका लागि रोकिएर पनि उनको नयाँ अत्याधुनिक कारमा ४ घन्टामै रमणले १४० किमि प्रतिघन्टाको दरले हाँकेर हामीलाई ओडेसा पुऱ्याए । जब कि राजमार्गका ठाउँठाउँमा गतिको सीमा ६० किमी प्रतिघन्टा लेखिएको थियो । मैले यो कुरा उनलाई सम्झाउँदा उनले भने, 'यो हाम्रा लागि होइन, पुलिसको लागि हो । भोलिको आधुनिक कारमा आजको फराकिलो रोडमा हिजोको कछुवाको गतिमा कसरी गुड्ने ?' यहाँ अहिले पनि सरकारी कर्मचारीको तलब सोभियत काल जस्तै भएको राजमार्ग प्रहरीको खर्च उठाउन यो गति सीमा लेखिएको हो । ठाउँठाउँमा राजमार्ग प्रहरीले गति नाप्ने लेजर गनले कारको गति नाप्दा रहेछन् । लेखिएकोभन्दा बढी हाम्रो कारको गति भएकाले हामीलाई रोकियो ।

प्रहरीले लाइसेन्स माग्दा लाइसेन्सभित्र १० ग्रिभ्नी (२ डलर) राखेर दिँदा लाइसेन्स जाँचको जस्तो गरेर खुसुक्क त्यो पैसा खल्तीमा राख्दा रहेछन्, सलोट धन्यवादसहित लाइसेन्स फिर्ता गर्दा रहेछन् । लाइसेन्सभित्रै पैसा राखेर दिने यो चलन देखेर सोध्दा रमणले भने, 'पैसा दिएन भने यिनीहरूले रिपोर्ट लेख्न १ घन्टा लगाउँछन्, भोलि अदालत बोलाउँछन् । अदालत गएर १५ डलर तिरेपछि मात्रै लाइसेन्स फिर्ता पाइन्छ । प्रजातन्त्र आएपछि सबैभन्दा पारदर्शिता यही आएको छ । पुलिसको रेट स्पष्ट तोकिएको छ । ठाउँमै थोरै पैसा दिएपछि सबैलाई सजिलो भएको छ र दुवै पक्ष खुसी छन् ।' पछि पत्ता लगाउँदा ट्राफिक पोस्टकै नाममा त्यहाँ 'दुई डलर पोस्ट' रहेछ ।

रूसमा यो सुविधा उपलब्ध छैन । प्रत्येक चौकीमा ओर्लेर नेपालजस्तै मोलभाउ गर्नुपर्ने हुन्छ, तर त्यसमा यदि तपाईंले कुनै पुलिसको हाकिमलाई चिनेको छ र उसबाट फोन गराइदियो भने ठूलो छुट पाइन्छ ।

मैले मनमनै सर्वव्यापी, सर्वशक्तिमान र नैवेद्य चढाए सधैं जहाँ पनि खुसी हुने भ्रष्टाचारकी देवीलाई मनमनै नमन गरे । ■

# महासचिवमा मुन



वान की-मुन

एजेन्सी

**सायद यो एउटा** संयोग मात्र थियो । दक्षिण कोरियाका विदेशमन्त्री वान की-मुनलाई संयुक्त राष्ट्रसंघका आठौं महासचिवका रूपमा नियुक्त गर्न सुरक्षापरिषद्ले महासमितिलाई सिफारिस गरेकै दिन छिमेकी र वर्षौंदेखि शत्रुवत् रहेको उत्तर कोरियाले विश्वकै चेतावनीलाई अस्वीकार गर्दै आणविक परीक्षण गर्न पुगेको थियो ।

६२ वर्षीय मुनको नियुक्तिमा सामान्य र अपरिवर्तनीय औपचारिकता मात्र बाँकी छ र उनले सन् २००७ जनवरी १ देखि कोफी अन्नानका उत्तराधिकारीका रुपमा कार्यभार ग्रहण गर्नेछन् । 'उत्तर कोरियाले गरेको आणविक परीक्षणबाट उत्पन्न संकटलाई सम्बोधन गर्न म पूरा प्रयास गर्नेछु', मुनले भने ।

ऐतिहासिक या पारम्परिकरुपमा दक्षिण कोरियाको प्रतिद्वन्दीका रुपमा रहेको जापानसँग समेत सम्बन्ध सुधार्न सक्रिय रहेका मुनका लागि छिमेकमा भएको आणविक परीक्षण र त्यसले निम्त्याउने जटिलता त्यति सुखद परिणामको देखिँदैन । तर, त्यो उनका लागि चुनौती र अवसर दुवै बन्न सक्छ । र, खास गरी किनकि आणविक परीक्षणको मामिलासँग उनी सुरुदेखि नै जोडिएका छन् ।

दक्षिण र उत्तर कोरियाको आपसी सम्बन्ध सुधार्ने प्रक्रियामा संलग्न हुनाका साथै उनले युद्ध आणविक परीक्षणसम्बन्धी सम्झौता (सिटिविटी) तयारी समितिका अध्यक्षको भूमिका पनि निर्वाह गरेका थिए ।

अन्तर्राष्ट्रिय मामिलामा स्नातक तहको अध्ययन स्वदेशमा पूरा गरेपछि उनले अमेरिकाको हार्वर्ड विश्वविद्यालयको जोन एफ केनेडी सेन्टरबाट जनप्रशासनमा स्नातकोत्तर उपाधि हासिल गरेका छन् । दिल्लीस्थित कोरियाली दूतावासमा काम गरेर दक्षिण एसियामा पनि उनले 'क्यारिअर-डिप्लोम्याट'का रूपमा करिब ३ वर्ष बिताएका छन् ।

मुनको उम्मेदवारी झन्डै विगत एक वर्षदेखि चर्चामा रहे पनि उनी ६ जनाको दौडमा अगाडि रहेको स्पष्ट भने करिब एक महिनाअगाडि मात्र भएको थियो । उक्त पक्षका लागि सुरक्षापरिषद्का १६ सदस्यमध्येबाट गरिएको अनौपचारिक मत संग्रह (स्ट्र पोल)मा उनले लगातार प्रथम स्थान हासिल गरेका थिए ।

तर, केही संचारमाध्यमले उनीमाथि दक्षिण कोरियाको आर्थिक प्रभुत्वको आडमा उनले यो पद हासिल गर्न सफल भएको आरोप पनि लगाएका छन् । सुरक्षापरिषद्मा सक्रिय रहेका केही मुलुकसँग वाणिज्य सम्झौताद्वारा फाइदा पुऱ्याएको चर्चा हुन थालेपछि मुनले केही आरोप आएमा आफू त्यो सामना गर्न तयार रहेको बताए । ■


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org



ईश्वर का बाआमा

# भएन न्याय

**२०६२ फागुन ६ गते ।** साँझको समय । धरान-१५, खोरिया बस्तीका बासिन्दा आ-आफ्नै धुनमा थिए । एक्कासि नजिकैको जंगलबाट गोली चलेको आवाज आयो । विस्तारै रहस्यको पर्दा उघ्रियो, स्थानीय १७ वर्षीय युवक ईश्वर तामाङलाई गोली लागेको रहेछ ।

भोलिपल्ट स्थानीय अखबारमा समाचार छापियो- भिडन्तमा एक माओवादीको मृत्यु । राजाको निरंकुशता उत्कर्षमा पुगेको समयमा सेनाले जे भन्यो, त्यसैलाई आधार मानेर स्थानीय अखबारले समाचार छापेको थियो । तर, माओवादीले फागुन ७ गते नै एक विज्ञप्ति प्रकाशित गरी ईश्वर आफ्नो पार्टीको सदस्य नरहेको स्पष्ट पार्‍यो । त्यसपछि, खोरिया बस्तीका सुकुमवासीहरू तात्तिए, उनीहरूले सैनिक ज्यादतीविरुद्ध चर्का नारा लाउँदै सडकमा प्रदर्शन गरे । राजाको निरंकुश सत्ताविरुद्ध आन्दोलित राजनीतिक दलका स्थानीय नेताहरूले पनि सेनाको भर्त्सना गरे । सुकुमवासी नेता, मानवअधिकारकर्मी र सञ्चारकर्मीको तीन सदस्यीय छानबिन समिति बन्यो । सेनाले पनि छुट्टै छानबिन समिति बनायो । लाग्थ्यो, पीडितका परिवारमाथि न्याय हुनेछ ।

राजाको शासन अन्त्य भयो, जनआन्दोलनले संसद् पुनःस्थापना गर्‍यो । तर, ईश्वरको परिवारले अझै क्षतिपूर्ति पाउन सकेको छैन । कालीबक्स गण, धरानका मेजरहरू विष्णु बस्नेत र राजेन्द्र श्रेष्ठ सदस्य रहेको छानबिन समितिले त आफ्नो प्रतिवेदन नै सार्वजनिक गरेको छैन । गण स्रोतका अनुसार दुवै मेजर तालिम लिन काठमाडौं गएकाले छानबिन हुन नसकेको हो ।


मानवअधिकारकर्मी राम कोइराला, सुकुमवासी नेता नइन्द्र लिम्बू र पत्रकार राजेश विद्रोहीको तीनसदस्यीय छानबिन समितिले भने फागुन २९ गते नै आफ्नो प्रतिवेदन सार्वजनिक गरेको थियो । उक्त समितिले ईश्वर निर्दोष रहेको ठहर गरे पनि पीडितका परिवारलाई क्षतिपूर्ति दिलाउन भने सकेन ।

'हामीले संयुक्त राष्ट्रसंघ, मानवअधिकार आयोग, गृहमन्त्रालय सबैमा प्रतिवेदन बुझायौं' छानबिन समितिका सदस्य कोइराला भन्छन्, 'तर, सबैले सहानुभूतिमात्र दिन सके ।' ईश्वरको हत्यालाई राजनीतिक मुद्दा बनाएर सडकमा ओर्लिएका सुकुमवासी नेता नै पछि निष्क्रिय बन्न पुगेकाले पीडित परिवारलाई क्षतिपूर्ति दिलाउन नसकिएको कोइराला बताउँछन् ।

छानबिन समिति बनाउने, तर छानबिन नै नगरी लामो अवधिको तालिम लिन काठमाडौं जाने मेजरहरूलाई राजनीतिक परिस्थितिले कोल्टे फेरिसक्दा समेत ईश्वर हत्याको प्रतिवेदन सार्वजनिक गर्न कसैले दबाब दिन सकेको छैन । मेजर बस्नेत र श्रेष्ठको छानबिनमा ईश्वर वास्तवमै गैरमाओवादी रहेको भेटिएमा मात्रै उनको परिवारलाई सरकारी क्षतिपूर्ति मिल्दछ । तर, बस्नेत र श्रेष्ठ आफ्नो गण फर्किने टुंगो अझै लागेको छैन ।

स्थानीय बद्रीनाथ प्राथमिक विद्यालयमा ५ कक्षामात्रै पढेका ईश्वरका बाबा शेरबहादुर तामाङ धेरै सोझा र निरीह छन् । उनकी हजुरआमा विष्णुमाया तामाङ बोल्न त बोल्छिन्, तर ९० वर्षको उमेरमा हिँडडुल गर्न मुस्किल पर्ने भएकाले क्षतिपूर्तिका लागि दौडधुप गर्न सक्दिनन् । दाइ जंग तामाङ काममा गएनन् भने घरमा चुल्हो बल्न मुस्किल पर्छ ।

■ **ओमआस्था राई/धरान** (तस्वीर पनि)

**रिपोर्ट** बन्दीपुरको खड्गजात्रा

# दलित पुजारीका पछिपछि

■ केशव लामिछाने/बन्दीपुर, तनहुँ (तस्बिर पनि)

**एक दलितलाई पुजारी मानेर बन्दीपुरेहरूले देखाएको आदर्शको बाटो पछ्याउनलायक छ ।**



देवीको रुपमा मानेर पूजा हुँदै आएको खड्ग बोकेका दलित पुजारी ।

**सुदूरपश्चिमको डोटीको** शैलेश्वरी मन्दिरमा दलितहरू पसेपछि उनीहरूलाई कथित उपल्ला जातिले कुटपिट गरेको खबर देशभरि फैलिँदा पनि तनहुँको बन्दीपुरका बासिन्दाको कानमा कुनै बतास लागेन । डोटीमा दलितलाई मन्दिरमा पस्न दिन नहुने आवाज उठिरहेका बेला बन्दीपुरवासीहरू भने दलितलाई पुजारी नै मानेर आफ्नो गाउँकी देवीको पूजाआजामा व्यस्त थिए ।

डोटीमा कथित उपल्लाजातिको हुल नै दलितमाथि खनिएको थियो भने बन्दीपुरमा सारा गाउँलेहरूको भीड दलित पुजारीका पछिपछि लागेको थियो । तनहुँको पुरानो सदरमुकाम तथा व्यापारिक केन्द्र बन्दीपुरको सबैभन्दा ठूलो शक्ति पीठ हो, खड्गदेवी मन्दिर । गाउँले सबैले मान्ने त्यही मन्दिरका तीन पुजारीमध्ये एकजना दलित जातिका पनि छन् । तिनै दलित पुजारीलाई अघि लगाएर गाउँलेहरू पछि पछि लाग्ने मेला बन्दीपुरमा यो वर्षको दसैंमा पनि चल्यो ।

गाउँभरि भएकाहरू त भइहाले नै त्यसमाथि पनि गाउँ छोडेर गएकाहरू पनि फर्केर आएका बेला दसैंमा बन्दीपुरमा खड्गदेवीको पूजा हुँदै आएको छ । जात्रा नै लाग्ने पूजामा दलित पुजारीलाई अघि अघि लगाएर गाउँलेहरू पछि पछि लाग्दै बजार डुलाउने परम्परालाई बन्दीपुरेहरूले यसपालि अरू धुमधामसँग निरन्तरता दिए । जात्रा लाग्दा सहरमा कुनै चाडपर्वमा युवायुवती तँछाडमछाड गर्दै झुम्मिएझैं बन्दीपुर बजारभरि नै खुट्टा राख्ने ठाउँ भेटिएको थिएन ।

केवल दसैंका बेला मात्रै खुल्ने यो मन्दिरको विशेषता दलित पुजारी हुनु त हुँदै हो, अर्को विशेषता फलामे हतियारलाई देवीको रूपमा मान्नु पनि हो । कुनै बेलाका सेन राजाले छाडेर गएको खड्गलाई नै देवीको रुपमा मानेर पूजा हुँदै आएको छ । सम्पूर्ण बन्दीपुरेहरूकै सबैभन्दा धेरै आस्था रहेको मन्दिरकी देवीकी स्वरुप खड्गको सबैभन्दा ठूलो पूजा दसैंकै बेला हुने गर्छ । देवीलाई दलित पुजारीले हातमा लिएर बजार घुमाउने र तिनै पुजारीलाई साक्षी राखेर बजारका घरघरका आँगनमा पूजा गर्ने अनौठो चलन अपनाएर जातीय भेदभाव भएको नेपाली समाजभित्रकै एउटा आदर्श परम्परालाई धानिराखेको छ, बन्दीपुरले ।

सबैले मान्ने मन्दिरमा कसरी दलित पुजारी भए त त्यो पनि यति धेरै जिम्मेवारीसहित ? ७० हिउँद काटिसकेका दिलबहादुर कायस्थ भन्छन्, 'मैले सानैदेखि थाहा पाउँदादेखि यस्तै चलन थियो ।' धेरैपटक गाउँको प्रधानपञ्च भइसकेका उनी मन्दिर संचालक समितिका अध्यक्ष पनि हुन् । संस्कृतका श्लोक पाठ गर्दै पूजा गर्ने बाहुन पुजारी पनि छन् मन्दिरमा, तर ठूला जात्रा लाग्दाका मुख्य नायक भने उनै दलित हुन्छन्, जो स्वयं देवीलाई बोकेर बजार घुमाउँछन् र गाउँलेहरू सबैले पूजा तथा दर्शन गर्छन् । दसैंका नवरात्रमा मात्रै खुल्ने मन्दिरमा दलित पुजारी नै हुँदाहुँदै पनि अरू दलित निष्फिक्री प्रवेश पाउने अवस्था भने थिएन, तर ०४६ साल

पछिको परिवर्तनसँगैका कुराले त्यो बन्देज पनि हटाइएको सुनाउँछन् कायस्थ । उनी भन्छन्, 'म आफैंलाई पनि अरू दलित छिर्न दिनुहुन्न जस्तो लाग्थ्यो, तर समाजसेवी चिजकुमार श्रेष्ठ लगायतले सम्झाएपछि मेरो पनि चित्त बुझ्यो र अरूलाई पनि पूजा गर्न दिइन्छ अचेल ।'

मन्दिरमा दलितलाई पनि पुजारीकै स्थानको जिम्मेवारी दिइएकोले गाउँमा छुवाछुत जस्ता मानवताविरोधी भावना कम भएको बताउँछन्, स्थानीय भानुमाविका अवकाशप्राप्त शिक्षक कृष्ण प्रधान । त्यसो त दलित समुदायकै युवा राजु विश्वकर्मा गाउँको मन्दिरमा दलित पुजारी हुँदा आफूहरूको छाती गर्वले फुल्ने गरेको अनुभव सुनाउँछन् । विश्वकर्मा भन्छन्, 'व्यवहारमा जातपात अझै नहटिसकेको समयमा गाउँले सबैले पूजा गर्ने मन्दिरमा दलित पुजारी हुनुलाई अरूका लागि पनि सन्देशमूलक संस्कृति हो ।'

मन्दिरमा देवी मानिएको खड्ग धूप, अक्षता र अबीरले फोहर हुँदै जाने हुँदा वर्षको एकचोटि कामी जातका व्यक्तिलाई सफा गर्न दिने चलनबाट दलितलाई पनि पुजारीको जिम्मेवारी दिने परम्परा सुरु भएको हुनसक्ने अनुमान छ, अध्यक्ष कायस्थको । त्यसो त मन्दिरका तीन पुजारीमध्ये अर्को एकजना मगर जातिका छन् । दलित पुजारी रामबहादुर विश्वकर्मा छन्, अहिले । पहिला उनकै बाबु र बाजे थिए । यो जात्रामा दमाई, सुनार आदि जातिका पनि आ-आफ्नै जिम्मेवारी छन् । दमाई जातिले बजाउने बाजा गाजा यसपटक भने नेवार जातिकाले बजाइरहेका थिए । बजारको शिरानमा रहेको मन्दिरबाट खड्गदेवी निकालेपछि दलितका हातमा भएको खड्गका सामु बजारका धेरै घरका आँगनमा पूजा हुन्छ अनि फेरि बजारको अर्को छेउमा पुगेपछि मगरले देवी लिएर मन्दिर फर्कन्छन् । यो प्रक्रिया पूरा हुँदा घन्टौं लाग्छ किन भने जिल्लाको पुरानो सदरमुकाम भएको बजारमा गुचुमुच्च थुपै घर छन् । त्यसमाथि अघिअघि बाजा बजाउँदैहरू हिँड्नेहरू र पछिपछि हजारौं गाउँलेको ताँती लाग्ने हुनाले लामो समय लाग्ने भयो नै । घर-घर जस्तोमा पूजा गर्नेहरू त भइहाले नै अरू बेला दर्शन नपाइने भएकाले फूलपातीकै दिन निक्लने जात्रामा निक्लेको मौकामा दर्शन गर्ने पूजा गर्ने र फूलपाती अक्षता वर्षाउनेहरूको घुइँचो उत्तिकै हुने गर्छ । बजारको बीचमा पुगेपछि एउटा भेडो काटिने हुँदा पनि हेर्नेहरू त्यत्तिकै हुन्छन् ।


बन्दीपुरे जात्रा हेर्न भेला भएका स्थानीय बासिन्दा ।

केही वर्षदेखि बन्दीपुरको खड्गजात्राको महत्त्व र चासो अरू बढ्न थालेको छ । धेरै मानिसको भीडभाड हुने हुँदा गाउँको विभिन्न क्लबका युवाहरू स्वयंसेवकको बिल्ला भिरेरै सेवामा खटिनुपर्ने अवस्था आउनु जात्रामा भीड बढ्नुकै प्रमाण हो । बाहिर बस्ने बन्दीपुरेहरूले पनि गाउँको मन्दिर र जात्राको महत्त्व बढाउन चासो देखाउन थालेका छन् । त्यसैको प्रमाण हो विदेशमा भएका बन्दीपुरे युवाहरूले हालै पठाएको २ लाख रुपैयाँ । बन्दीपुरको विकासमा चासो लिनेहरूकै सक्रियतामा अहिले मन्दिरको नाममा अक्षयकोष पनि खडा भएको छ, जसमा ६ लाखभन्दा बढी जम्मा भइसकेको अध्यक्ष कायस्थले सुनाए । ■




ओखरपौवा ल्याण्डफिल साइटको पोखरीमा जम्मा भएको फोहर पानी 'ओभर फ्लो' भएर खोलामा पुग्छ ।


ओखरपौवा पुग्ने हिलाम्मे सडक

# ओखरपौवाको आँसु

■ **अनिल अधिकारी/काठमाडौं** (तस्बिर पनि)

काठमाडौंका फोहरमैला व्यवस्थापकहरू यतिबेला वैकल्पिक फोहरमैला व्यवस्थापन क्षेत्रको खोजीमा छन् । तर उनीहरू साउनसम्म फोहरको व्यवस्थापन गर्दै आइएको ओखरपौवा ल्यान्डफिल साइटमा के गल्ती भयो भन्ने लेखाजोखामा भने लागेका छैनन् ।

वास्तवमा ओखरपौवा ल्यान्डफिल साइट निर्माणसँगै त्यस क्षेत्रमा स्थानीय बासिन्दाहरूका समस्या अकासिन थाले । फोहरबापत अघि सारिएका मागको सुनुवाइ नभएको भन्दै स्थानीयवासीले यही साउन १४ गते फोहर बोकेका ट्रकहरू विनासूचना ओखरपौवाबाट फर्काइदिए । विरोधका कारण दुई महिना बितिसक्दा पनि काठमाडौं र ललितपुरभित्रको फोहरको स्थायी टुंगो लाग्न सकेको छैन । जम्माजम्मी १४ महिना नपुग्दै फोहरको राजनीतिले ओखरपौवालाई पुनः एकपटक तताइदिएको छ ।

सम्बन्धित क्षेत्रका बासिन्दा कोही ल्यान्डफिल साइटको बाटो निर्माणक्रमसँगै आफूहरूले प्रयोग गर्दै आएको कुवा सडकमा पुरिएको कारण क्षतिपूर्तिस्वरुप कुवा बनाइदिनुपर्ने अडान अघि सार्छन् । कोही ओखरपौवा-४ सिसडोलमा फालिने फोहर व्यवस्थित नभएको कारण दुर्गन्धले टिकिनसक्नु भएको गुनासो पोख्छन् ।

नुवाकोट सिउडिनीका कालु घिमिरेलाई यस पंक्तिकारले भेट्दा नाक थुनेर हिँड्दै गरेकी थिइन् । 'फोहरले बस्न खान भएन', कालुले भनिन् । गाउँमा डाक्टर आएका छन् भन्ने सुनेर भेट्न जाँदै गरेकी कालुले दुवै हातमा घाउ देखाउँदै भनिन्, 'नदीको पानीले हातखुट्टा चिलाउने, पानी फोका उठ्ने र घाउ हुन थाल्या छ ।'

कोल्पु खोलाको किनारैमा ढुंगा कुट्दै गरेकी २० वर्षीया मञ्जु तामाङ खोलाको पानीले हातखुट्टा चिलाउने अनुभव सुनाउँछिन् । स्थानीय अर्जुन श्रेष्ठ गाउँमा झिँगाले निकै दुःख दिएको बताउँछन् ।

ल्यान्डफिल साइटमा निर्माण गरिएको फोहरको रस (लिचेट) संकलन पोखरी भरिएर नजिकै बग्ने कोल्पु खोलामा खस्ने गरेकोले पानी प्रदुषित हुन गई त्यस्तो हुन गएको अड्कल गाउँलेहरूको छ । साइटका कर्मचारी एवं स्थानीय राजकुमार गौतम लिचेट संकलन पोखरी निर्माणमा प्राविधिक त्रुटि भएका कारण त्यसो भएको बताउँछन् ।

ल्यान्डफिलको अर्कोतिर भागमा लिचेट भरिएको एउटा अर्को पोखरी देखिन्छ, जहाँबाट एउटा खोल्सो भएर लिचेट खोलातिर बग्छ । त्यस्तै ल्यान्डफिल साइटमा ढलको व्यवस्था गरिएको छैन, जसबाट आकाशे पानी सीधै ल्यान्डफिल साइटको फोहरमा मिसिन जान्छ (जुन प्राविधिक दृष्टिकोणले पनि मिसिनु हुन्न) र लिचेटको रुपमा पोखरीमा मिसिन गई पोखरी छिटो भरिने गरेको छ । एक हिसाबले भन्नुपर्दा फोहर व्यवस्थापनका पूर्वाधारको सही निर्माण भएको यहाँ देखिन्न ।

स्थानीय श्यामप्रसाद नेपाल भन्छन्, 'कुनै समय स्थानीय बासिन्दाहरूले खान, नुहाउन र लुगा धुन कोल्पु खोला प्रयोग गर्थे । अहिले लिचेट मिसिनाले मानिस र वस्तुभाउ प्रभावित हुन थालेका छन् ।'

फोहरमैला स्रोत परिचालन केन्द्रका इन्जिनियर अशोक शाही विवाद टेबुलमा बसेर सुल्झाउनु पर्नेमा जोड दिँदै भन्छन्, 'विवाद रहे पनि कमसेकम झिँगाको औषधी छर्ने, फोहर पुर्ने र लिचेट व्यवस्थापनको दैनिक काममा बाधा पार्नु हुँदैनथ्यो । महिना दिनदेखि फोहर व्यवस्थापन कार्य ठप्प भएकै कारण दुर्गन्ध बढेको शाहीको भनाइ छ ।

वातावरण विज्ञहरू लिचेटको मात्रा खोलामा पर्दा पानी प्रदुषित त हुन्छ नै, तर खोला नजिकै थुपारिएको फोहर र पोखरी निर्माण गरी संकलन गरिएको लिचेटले विस्तारै भू-जलस्रोतलाई नराम्ररी प्रभावित पार्ने दाबी गर्छन् ।

फोहर खसाल्नुअघि फोहर व्यवस्थापन राम्ररी गर्ने र दुर्गन्ध न्यूनीकरण गर्न फोहरमैला र महानगरले सहमति जनाएको भए पनि सोअनुसार काम नभएकोमा गाउँलेहरू रुष्ट देखिन्छन् ।

'बेलायत, अमेरिका, जापानमा पनि फोहर फाल्छन् । छिमेकी भारतमा पनि फाल्छन्, तर हामीकहाँ जस्तो दिनहुँ नाकै थुनेर हिँड्ने अवस्था त्यहाँ पक्कै छैन होला', ओखरपौवा वातावरण समितिका समेत सदस्य वरिष्ठ पत्रकार भैरव रिसाल अर्थ्याउँछन्, 'एकदमै नगन्हाउने अवस्थामा फोहर व्यवस्थापन गर्न सक्नु पर्थ्यो ।'

ओखरपौवामा फोहरको दुर्गन्ध त छँदै छ, तर झन्डै चार वर्षदेखिको गाउँलेहरूका मुख्य माग अहिले पनि ओझेलमै रहेको देखिन्छ ।

'फोहर खसाल तर बदलामा विकास पनि गर भनेर हामीले ओखरपौवा द्या हौं', श्यामप्रसाद अगाडि भन्छन्, 'अस्पताल मागेका छौं । विद्यालय मागेका छौं । नाजायज माग त छैन नि !'

ओखरपौवा ल्यान्डफिल साइटका व्यवस्थापक दीपक कंसाकार विद्यालय, अस्पतालजस्ता कुरा राज्यको दायित्व भएको बताउँदै भन्छन्, 'तैपनि महानगर चुप लागेर बस्या छैन । विकास निर्माणको निम्ति ओखरपौवालाई रकम उपलब्ध गराउँदै आइरहेको छ ।' कंसाकारका अनुसार अन्य क्षेत्रमा झैं फोहर खसालेबापत विकासका निर्माणका लागि गत वर्ष महानगर, फोहरमैला तथा स्रोत व्यवस्थापन केन्द्रले ओखरपौवालाई ७० लाख रुपैयाँ उपलब्ध गराइसकेको छ ।

त्यो पैसा वैकल्पिक बाटोअन्तर्गत ओखरपौवाको रातेमाटे-नुवाकोटको कुवरीसम्मको १८ किमि बाटो खन्ने काम लगायत बाटामा कल्भर्ट, ढल, ढुंगाका


खोलातिरमा ढुंगा कुट्दै गरेकी यी महिला पनि लिचेट मिसिएको पानीले आफू पीडित भएको बताउँछिन् ।


ओखरपौवा ल्यान्डफिल साइटको फोहर पानी कुलोबाट यसरी नै खेतमा पुग्छ ।

## गोकर्णको असफलतापछि बल्लबल्ल तयार भएको ओखरपौवा ल्यान्डफिल साइटमा पनि काठमाडौंका फोहरमैला व्यवस्थापकहरूले पुरानै गल्ती दोहोर्‍याएका छन् ।

पर्खाल निर्माण, धादिङका ६ वटा स्कुलमा सहयोग र साना मोटरबाटो निर्माणमा खर्च भएको ओखरपौवा स्यानिटरी ल्यान्डफिल साइट मूल समितिका अध्यक्ष राममणि घिमिरे बताउँछन् । उक्त रकम आवश्यकताको आधारमा डम्पिङ साइटसँग सम्बन्धित विभिन्न सातवटा गाविसमा प्राथमिकताको आधारमा विनियोजित गरिएको समितिका एक सदस्य बताउँछन् ।

एकातिर गाउँलेहरूले अस्पताल, भेटनरी, उच्च मावि, बाहिरी चक्रपथको निर्माण, १० किमि भित्री सडक कालोपत्र र २० जना स्थानीय युवालाई रोजगारीको माग राख्दै ओखरपौवा ल्यान्डफिल साइट बन्द गरेको महिना दिन बितिसक्यो । अर्कोतिर विनियोजित रकम मूल माग पूरा गर्ने काममा नभई विकासका अन्य कार्यमा खर्च भएको देखिन्छ ।

'यो वर्ष २ करोड रुपैयाँ प्रस्ताव गर्दै छौं । त्यो रकम पनि त्यसरी नै खर्च होला', समितिका सदस्य अगाडि बताउँछन् ।

फोहर ओसार्नकै निम्ति सम्बन्धित निकायले २०५३ सालतिर झन्डै ६ करोडको लगानीमा निर्माण थालेको बालाजु-धर्मस्थली-तीनपिप्ले सडक त्यसै लथालिंग छ । त्यसबाट फोहर ओसारिने कुनै सम्भावना छैन । विभिन्न कारणले गर्दा ५ वर्ष ओखरपौवा ल्यान्डफिलको कार्य सुचारु हुन सकेन र २०५८ देखि पुनः संचालन भयो । आयोजना सञ्चालन भएदेखि जापानको १ करोड २५ लाख सहित ओखरपौवामा प्रवेशमार्ग, ल्यान्डफिल साइट निर्माण, विद्युतीकरण, जग्गा अधिकरण मुआब्जाका निम्ति झन्डै ३० करोड ८५ लाख रुपैयाँ खर्च भइसकेको बुझिन्छ ।

ओखरपौवाको विकासका निम्ति गाउँलेहरूले ५ वर्षे योजना तयार गर्नुपर्ने, दुर्गन्ध सहेबापत त्यस क्षेत्रका मानिसले सुविधा पाउनु पर्ने र राज्यले गर्छु भन्या कुरा गर्नैपर्ने पत्रकार रिसाल बताउँछन् । 'अब राज्यले स्वीकृति दिने मेडिकल कलेज ओखरपौवामै बन्नु पर्छ । प्रभावितहरूलाई छात्रवृत्ति दिनु पर्छ । त्यसो भएमा गाउँमा सरसफाइप्रति सावधानी अपनाइन्छ', रिसाल भन्छन् ।

आउँदो असोज १ सम्म ओखरपौवामा पाँच लाइन टेलिफोन उपलब्ध गराउने, फोहरबाट अति प्रभावित र विपन्न परिवारका बीसजनालाई जागिर दिने र छिट्टै बिजुली बत्ती पुग्ने कुरामा मूल समिति अध्यक्ष घिमिरे ढुक्क छन् । तर फोहरमा पुनः राजनीतिको वातावरण सृजना नहोला भन्न यसै सकिने अवस्था छैन । 'फोहरमा राजनीति गर्नु हुँदैन । यसले विकास कार्य अवरुद्ध पार्छ', घिमिरे अगाडि भन्छन् ।

राजनीतिक दलहरूले नगरपालिकामा कर्मचारी भर्ना गर्न फोहरमा राजनीति गर्ने गरेकाले पटक पटक फोहरको समस्या जनताले भोग्दै आइरहेको गुनासो छ ।

टेकु, ललितपुरको मनमोहन पार्क, टुँडिखेल हुँदै हाल महानगरले फोहर बल्खुमा फाल्दै आइरहेको छ । यहाँ स्मरणीय के छ भने २०५८ सालतिर सर्वोच्च अदालतले बागमती नदी किनाराको बल्खुदेखि चोभारसम्म फाल्ने गरेको फोहर वातावरणीय प्रभावको दृष्टिकोणले प्रतिकूल हुने हुँदा तुरुन्त बन्द गर्न सम्बन्धित निकायलाई अन्तरिम आदेश जारी गरेको थियो । हरेक ठाउँमा विरोध खेप्दै आइरहेको कामनपाले अहिले फोहर फाल्न स्थानीय बल्खु कुमारी क्लबलाई राजी गराई विद्यालय र क्लब भवन बनाउन ९ लाख रुपैयाँ उपलब्ध गराएको छ ।

'सर्वोच्चले भन्दैमा हुन्छ र ? कि उसले राम्रो ठाउँ खोजिदिनु पर्‍यो', कंसाकार भन्छन् । विष्णुमती लिंक रोडअन्तर्गत फोहर डम्प गर्दै निर्माण गरिएको बालाजु-कालिमाटी बाटो यसअघि नै प्रचलनमा आइसकेको छ । बल्खु-चोभारको बाटो यस्तै प्रक्रियामा छ ।

'नागरिकको सरसफाइसँग सम्बन्धित प्रश्नमा सर्वोच्चको आदेश पालना नगर्ने सरकारी निकायबाट जनताले कस्तो नैतिक पाठ सिक्ने हो ?', पत्रकार रिसाल प्रश्न गर्दै भन्छन्, 'दुई दुईवटा उपप्रधानमन्त्रीको ठाउँ राज्यले दिन सक्ने, फोहरको ठाउँ किन दिन नसक्ने ?'

काठमाडौं र ललितपुरबाट दैनिक ३-४ सय टन फोहर उत्पादन हुने गरेको छ, जसको व्यवस्थापन वर्षौंदेखि फोहरमैला र महानगरको टाउको दुखाइ बनेको छ ।

ललितपुरको अपलडोल वा सुन्दरीघाटलाई महानगरपालिकाले आपत्कालीन डम्पिङ साइटको रुपमा हेरिरहेको बुझिन्छ । सुन्दरीघाटमा फोहर फालेबापत विकास निर्माणको निम्ति यसअघि महानगरले ७० लाख रुपैयाँ उपलब्ध गराइसकेको छ । 'अपलडोलमा ढल र कालोपत्रे सडकको निम्ति सम्बन्धित क्षेत्रले ३ करोडको माग गरेका छन्', कंसाकार बताउँछन् ।

नेपाल सरकारले दीर्घकालीन सम्भावनाको रुपमा हेरेको ओखरपौवा डम्पिङ साइट निर्माणमा जापान सरकारले अर्बौं रुपैयाँ खर्चिन तयार भइरहेको बुझिन्छ । 'यस्तो बेला विवाद र फोहरको राजनीतिमा अल्झिने हो भने यसले ठूलो घाटा व्यहोर्नुपर्छ', कंसाकार अगाडि भन्छन् ।

उपत्यकाभित्रबाट उत्पादित ७० प्रतिशत कुहिने फोहरलाई महानगरवासीले घर-घरमै तह लगाउन सके थुप्रै फोहर घट्न सक्ने विश्वास महानगरपालिकाको छ । इन्जिनियर शाहीका अनुसार फोहरबाट उत्पादित मिथेन ग्याँसलाई वैकल्पिक ऊर्जाको रुपमा प्रयोग गर्न सके पृथ्वीको वातावरणमा बढ्दै गइरहेको तापक्रम न्यूनीकरणमा एकातिर योगदान पुग्ने देखिन्छ भने अर्कोतिर कार्बन क्रेडिट कार्यक्रममार्फत आय आर्जन गर्न र विद्युतीकरण प्रक्रियामा समेत आयोजना आत्मनिर्भर हुन सक्छ, जसले फोहर व्यवस्थापन कार्यक्रमको दिगो विकास अवश्यम्भावी रहन्छ । ■




# टाढिँदै छ गन्तव्य

**जातीय पहिचानको लागि दार्जीलिङका नेपालीभाषीले सयवर्ष अघिदेखि माग गरेको छुट्टै राज्य गोर्खाल्यान्ड सहजै प्राप्त हुने छाँटकाँट देखिँदैन ।**


■ **छत्र कार्की/दार्जिलिङ, भारत**

**कुरा आजको हैन,** ठ्याक्कै सय वर्ष पुग्यो । त्यो बेला दार्जीलिङका नेपालीभाषीको प्रतिनिधिमूलक संस्था 'हिलम्यान एसोसिएसन'ले नै पहिलोपल्ट केन्द्रीय सरकारसँग छुट्टै राज्यको माग अघि सारेको थियो । समय धेरै अगाडि बढिसकेको छ, तर नेपालीभाषीले उठाएको छुट्टै राज्यको मागचाहिँ अहिले पनि ज्यूका त्यूँ छ । सुरुमा शान्तिपूर्ण र पछि स्वरुप परिवर्तन गरेर सशस्त्र आन्दोलन छेड्दा पनि त्यहाँका नेपालीले आफ्नो अभीष्ट प्राप्त गर्न सकेका छैनन् ।

राज्य र केन्द्रीय सरकारको राजनीतिक खेल र नेपालीभाषीबीचको लुछाचुँडीले छुट्टै राज्यको माग स्वीकृत हुन नसकेको त्यहाँका बौद्धिक वर्गको विश्लेषण छ । विगत १७ वर्षदेखि एकछत्र राज गर्दै आएको गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (गोरामुमो) र विपक्षी गठबन्धन पिपुल डेमोक्रेटिक फ्रन्टबीच अहिले पानी बाराबार मात्र होइन, हानाहान नै छ । यसले गोर्खाल्यान्ड स्थापनाको लक्ष्यलाई फाइदा होइन, हानि नै देखिन्छ ।

अखिल भारतीय गोर्खा लिग, कान्तिकारी मार्क्सवादी कम्युनिस्ट पार्टी (क्रामाकपा), भारतीय जनता पार्टी, कांग्रेस (आइ), गोर्खाल्यान्ड राष्ट्रिय मुक्ति मोर्चा (सिके प्रधान)लगायत विपक्षी दलहरूको साझा मोर्चाको रुपमा सन् १९९९ मा पिपुल डेमोक्रेटिक फ्रन्ट बनेको छ । घिसिङको गोर्खाल्यान्ड राष्ट्रिय मुक्ति मोर्चा र मार्क्सवादी कम्युनिस्ट पार्टीबाहेक सबै दल छुट्टै राज्यको मागमा दृढ छन् ।

दार्जीलिङ र डुवर्सलाई मिलाएर छुट्टै गोर्खाल्यान्ड बनाउने माग स्वीकृत गराउने काम सजिलो नभएको त्यहाँका नेपालीले बुझिसकेका छन् । सन् १९१७ मा हिलम्यान एसोसिएसनका प्रतिनिधिमण्डलले छुट्टै राज्यको माग गर्दै केन्द्रीय सरकारलाई स्मरणपत्र पनि बुझाएको महत्त्वपूर्ण घडीदेखि शान्तिपूर्ण अनि पछि रक्तपातपूर्ण आन्दोलन थेगेका त्यहाका नेपालीजनको छुट्टै राज्य बन्ला भन्ने आशा क्षीण हुँदै गएको छ । दार्जीलिङ


दार्जीलिङ सहर

चौरस्ताका पेम्बा तामाङ भन्छन्, 'खै, अब त गोर्खाल्यान्ड बन्ला भन्ने आस पनि मरिसक्यो ।'

सन् १९०७ मा बीजारोपण भएको गोर्खाल्यान्ड आन्दोलन असीको दशकअघिसम्म शान्तिपूर्ण रुपमा नै अघि बढ्यो । सत्तरीको दशकमा दार्जीलिङका प्रबुद्ध व्यक्तिको अगुवाइमा प्रान्तीय परिषद् पनि बन्यो । उक्त परिषद् बनेपछि दार्जीलिङको छुट्टै राज्यको मागका साथै सांस्कृतिक, सामाजिक विकासलगायत कुरा पनि प्रमुखतासाथ नउठेका होइनन् । तर, असीको दशकमा आएर मात्र छुट्टै राज्यको मागले निश्चित आकार लिएको बताइन्छ । त्यो बेला गोर्खा लिगलगायत केही दल, विभिन्न व्यक्ति र संघसंगठनको भूमिका अग्रणी थियो ।

छुट्टै राज्यको मागले गति लिन थालेकै बेला घिसिङको गोरामुमोले सन् १९८६ देखि अढाई वर्षजति रक्तपातपूर्ण आन्दोलन जारी राखी छुट्टै राज्यको माग प्रमुखतासाथ उठाएको थियो । त्यस बेला खुकुरी नचाएर मात्र बेग्लै राज्य पाउन सकिन्छ भन्ने मान्यताका बोकेका घिसिङले नेतृत्व गरेको आन्दोलनमा डेढ हजार जति मानिसको ज्यान पनि गयो । केही समयपछि उक्त हिंसात्मक आन्दोलन मूल लक्ष्यबाट विचलित भएर मार्क्सवादी कम्युनिस्ट पार्टी र गोरामुमोको जुँगाको लडाइँमा मात्र सीमित भयो । यी दुई पार्टीबीच यति द्वन्द्व बढेर गयो कि दार्जीलिङका कम्युनिस्ट समर्थक र अरू पार्टीका मतदाता नै गोर्खाल्यान्डको पक्ष-विपक्षमा बाँडिए । गोर्खाल्यान्ड राज्यको चर्को कुरा गरेर आम जनताको सहानुभूति बटुलेका घिसिङले सन् १९८८ मा राज्य र केन्द्रीय सरकारसँग सम्झौता गरे, जसअनुसार भविष्यमा छुट्टै राज्यको कुरा उठाउन नमिल्ने सर्तमा हस्ताक्षर भयो । भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला अध्यक्ष डा. जिएस योञ्जन भन्छन्, 'त्यो शान्तिपूर्ण रुपमा चलिरहेको आन्दोलन तुहाउन रचिएको षड्यन्त्र थियो भन्ने घिसिङका गतिविधिले पुष्टि गरिसकेको छ ।'

घिसिङको नेतृत्वमा गोर्खाल्यान्ड आन्दोलन चर्कनुमा भारतीय केन्द्रीय सरकारको प्रतिशोधपूर्ण भावनालाई पनि धेरै हदसम्मको कारण मान्नेहरू पनि छन् । भारतका तत्कालीन प्रधानमन्त्री राजीव गान्धी र पश्चिमबंगाल सरकारबीच भएको खटपटका कारण बंगाल सरकारलाई असजिलो पार्न प्रायोजित हिंसात्मक आन्दोलन चर्काउन लगाएको आरोप पनि छ । पिपुल डेमोक्रेटिक फ्रन्टका अध्यक्ष मदन तामाङ भन्छन्, 'बाहिर बाहिर गोर्खाल्यान्ड आन्दोलन भनेर देखाइयो, भित्रचाहिँ कम्युनिस्टसँग द्वन्द्व बढाउने काममात्र गरियो । रक्तपात मचाएर अशान्ति फैलाउनेबाहेक केही उपलब्धि हासिल हुन सकेन ।' तर, गोरामुमोले भने गोर्खाल्यान्डको मागलाई आफ्नो पार्टीले नछोडेको जनाएको छ । तात्कालिक परिस्थितिअनुसार हिंसात्मक आन्दोलनपछि सम्झौता भएर शान्ति स्थापना हुनु महत्त्वपूर्ण रहेको उक्त पार्टीको धारणा छ । गोरामुमोका नेता दीपक गुरुङ भन्छन्, 'हाम्रो पनि आखिरी लक्ष्य त छुट्टै राज्य हुनुपर्छ भन्ने नै हो । यसबाट हामी विचलित भएका छैनौं ।' दार्जीलिङ गोर्खा पार्वत्य परिषद् गठन हुँदा छुट्टै राज्यको माग छाड्न तयार गोरामुमोको यो कुरा जनताले नपत्याउने विपक्षीहरूको भनाइ छ ।

त्यतिबेला गोरामुमो र मार्क्सवादी कम्युनिस्ट पार्टी एक नम्बर दुस्मन भए पनि अहिले भने यिनीहरूको घाँटी जोडिएको छ । पछिल्लोसमयमा राज्य सरकार, गोरामुमो र स्थानीय मार्क्सवादी कम्युनिस्ट पार्टीबीचको साँठगाँठले छुट्टै राज्यको मागलाई धकेल्दै लगेको विपक्षीहरूको मूल्यांकन छ । मार्क्सवादी कम्युनिस्ट पार्टी गोरामुमोको पक्षमा देखिएपछि दार्जिलिङका नेता आरबी राईले छुट्टै क्रान्तिकारी मार्क्सवादी कम्युनिस्ट पार्टी नै गठन गरेका हुन् ।

दुई वर्षअघि गोर्खा पार्वत्य परिषद्को पदावधि सकिए पनि निर्वाचन नगराई अध्यक्ष घिसिङलाई नै काम चलाउ प्रशासकको रुपमा निरन्तरता दिने राज्य सरकारको रणनीतिका पछाडि असल नियत नरहेको विपक्षी पार्टीहरूको गठबन्धन पिपुल डेमोक्रेटिक फ्रन्टले जनाएको छ । फ्रन्टका अध्यक्ष तामाङ भन्छन्, 'बंगाल सरकारको विश्वासपात्र घिसिङलाई अझै लामो समयसम्म टिकाउने अवैधानिक कामबाहेक यो केही होइन ।'

## विपक्षीको टाउको दुखाइ

दार्जीलिङ गोर्खा पार्वत्य परिषद्ले उठाउँदै आएको छैटौं अनुसूचीको विषय विपक्षीको लागि टाउको दुखाइको विषय भएको छ । परिषद्का अध्यक्ष घिसिङले भने पार्वत्य परिषद्लाई पश्चिमबंगालको राज्य विधानको छैटौं अनुसूचीमा राखेर अधिकारसम्पन्न बनाउनुपर्ने कुरामा जोड दिएका छन् । गोरामुमोका नेता गुरुङका अनुसार आगामी डिसेम्बरमा हुने संसद् अधिवेशनमा छैटौं अनुसूचीको विषय टुंगो लाग्नेछ । यो विषयमा बंगाल सरकारको सकारात्मक संकेत आए पनि विपक्षीहरूले परिषद्लाई अनुसूचीमा समावेश गरिने तर्क हास्यास्पद रहेको बताउँदै आएका छन् । घिसिङमाथि भने छुट्टै राज्य स्थापनाको मागलाई तीलाञ्जली दिएर सत्ताभोगका क्रममा अनियमितता गरेपछि आफ्ना काला कर्तुत ढाकछोप गर्न छैटौं अनुसूचीको कुरा गरेर जनतालाई अलमल्याउन खोजेको आरोप लगाएका छन्, विपक्षीहरूले । गोरामुमोका नेता गुरुङ भने यो आरोपमा सत्यता नरहेको दाबी गर्छन् । उनी भन्छन्, 'परिषद्लाई स्वायत्त संस्था बनाउनको लागि नै यो काम गरिएको हो ।'

त्यसो त घिसिङ पार्वत्य परिषद्को अध्यक्षमा आएपछि १७ वर्षको अवधिमा सरकारले विकास निर्माणका नाममा दिएको २० अर्बभन्दा बढी रकमविना हिसाबकिताब खर्च भएको र उक्त रकमको अहिलेसम्म लेखापरीक्षण नभएको बताइन्छ ।

आगामी ६ महिनाभित्र भारतले दुइटा नयाँ राज्य घोषणा गर्ने प्रसंग आइरहेका बेला जनताको ध्यान मोड्न यो कुरा उठेको मान्नेहरू पनि छन् । छुट्टै राज्यको माग जोडदार रूपमा उठाउँदै आएको विपक्षी गठबन्धनमध्येकै भारतीय जनता पार्टी (बिजेपी), दार्जीलिङ जिल्ला अध्यक्ष डा. जिएस योञ्जन चुनावबाट आम जनताको ध्यान मोड्न घिसिङले चलाखीपूर्वक अनुसूचीको कुरा उठाएको

## दार्जीलिङका मुख्य राजनीतिक दलहरू

**अखिल भारतीय गोर्खा लिग** : सन् १९४३ मा डम्बरसिंह गुरुङले स्थापना गरेको यो दार्जीलिङको जेठो पार्टी हो । विपक्षीहरूको गठबन्धन पिपुल डेमोक्रेटिक फ्रन्टको नेतृत्व यही पार्टीका नेता मदन तामाङले गरेका छन् । घिसिङसँग निर्भीक भएर टक्कर लिने पार्टीको रुपमा चिनिएको लिगले पार्वत्य परिषद्को अघिल्लो चुनावमा २ सिट जितेको थियो ।

**क्रान्तिकारी मार्क्सवादी कम्युनिस्ट पार्टी (क्रामाकपा)** : पश्चिमबंगाल सरकारले गोरामुमोसँग शान्ति सम्झौता गरेपछि मार्क्सवादी कम्युनिस्ट पार्टीकै टुक्रिएको असन्तुष्ट समूहले सन् १९९६ मा यो पार्टी खोलेको हो । पिपुल डेमोक्रेटिक फ्रन्टसँग आबद्ध गोर्खाल्यान्ड राज्यको पक्षमा उभिएको यस पार्टीका महासचिव आरबी राई हुन् । सन् १९९९ सम्म यो पार्टीबाट एकजनाले पार्वत्य परिषद्मा प्रतिनिधित्व गरेका थिए ।

**गोर्खाल्यान्ड राष्ट्रिय मुक्ति मोर्चा** : सन् १९८० मा सुवास घिसिङको नेतृत्वमा बनेको यो पार्टीले सुरुमा गोर्खाल्यान्डको माग राखेर चलाएको हिंसात्मक आन्दोलनमा डेढ हजारजति मानिसको ज्यान गयो । सुरुका दिनमा जुझारु नेताको रुपमा घिसिङले पहिचान बनाएका थिए । सन् १९८८, अगस्ट २२ मा सरकारसँग भएको सम्झौताअनुसार दार्जीलिङ गोर्खा पार्वत्य परिषद् बन्यो र त्यसपछि गोरामुमोले गोर्खाल्यान्डको माग परित्याग गऱ्यो । सन् १९८९ देखि नै पार्वत्य परिषद्मा एकछत्र राज चलाउँदै आएको यसपार्टीका नेता घिसिङ नै परिषद्का अध्यक्ष हुन्, जसलाई विपक्षीले भारतीय गुप्तचर संस्था 'र'को एजेन्ट भएको आरोपसमेत लगाउँदै आएका छन् ।

**गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (सिके प्रधान)** : गोरामुमोका नेता सिके प्रधानको हत्यापछि माउ पार्टी गोरामुमोबाट चोइटिएर सन् २००२ मा गठन भएको यो पार्टी विपक्षी गठबन्धनसँग सम्बद्ध छ । पश्चिमबंगाल विधानसभामा प्रतिनिधित्व गर्ने डिके प्रधानले अहिले यो पार्टी हाँकेका छन् ।

**भारतीय जनता पार्टी** : पिपुल डेमोक्रेटिक फ्रन्टसँग आबद्ध भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला कमिटीको अध्यक्षमा डा. जिएस योञ्जन छन् ।

**कांग्रेस (आइ)** : भारतीय लोकसभामा प्रतिनिधित्व गर्ने दावा नोर्बुलाले दार्जीलिङनेतृत्व गरेको यो पार्टी विपक्षीहरूकै साथमा छ ।

**मार्क्सवादी कम्युनिस्ट पार्टी** : छुट्टै राज्यको मागमा मौन बसेर गोरामुमोलाई सघाइरहेको आरोप खेपेको यो पार्टीका दार्जीलिङ जिल्ला सेक्रेटरी साङदपाल लेप्चा छन् ।

# 'गोर्खाल्यान्ड नबन्नुको कारक घिसिङ'



मदन तामाङ

**चालीस वर्षअघि कलेजको विद्यार्थी हुँदा नै राजनीतिमा हाम फालेका ५९ वर्षीय मदन तामाङ अहिले दार्जीलिङका प्रभावशाली विपक्षी नेता मानिन्छन् । गोरामुमोका संस्थापक एवं पार्वत्य परिषद्का अध्यक्ष घिसिङको खुलेर कटु आलोचना गर्ने तामाङ गोर्खाल्यान्ड राज्यले मान्यता नपाउनुमा घिसिङको सम्झौतावादी र अवसरवादी चरित्र प्रमुख कारक रहेको बताउँछन् । जातीय पहिचानको लागि भारतीय गोर्खा लिगमा लागेको जनाउने तामाङ घिसिङलाई राज्य र केन्द्रीय सरकारले दूधभात ख्वाएर पालेको मानिसको रुपमा चित्रण गर्छन् । अहिले विपक्षी दलहरूको मोर्चा पिपुल डेमोक्रेटिक फ्रन्टका अध्यक्ष रहेका तामाङसँग गोर्खाल्यान्ड र विविध विषयमा केन्द्रित भएर गरिएको कुराकानी–**

**. गोर्खाल्यान्डको माग आजसम्म किन स्वीकृत हुन नसकेको हो ?**

– छुट्टै राज्य अर्थात् गोर्खाल्यान्डको माग स्वीकृत हुन नसक्नुको प्रमुख कारक सुवास घिसिङ नै हुन् । यो मागलाई निस्तेज पार्न पश्चिमबंगाल सरकारले घिसिङलाई औजारको रुपमा प्रयोग गरेको छ । किनभने घिसिङले बंगालको स्वार्थ पूरा गर्छन् । दुई वर्षअघि उनको पदावधि सकिएको पार्वत्य परिषद्मा म्याद थपेर 'अन्कन्स्टिच्युसनल अथोरिटी'का रूपमा घिसिङलाई राखेको छ । यहाँका बहुमत राजनीतिक पार्टी, बुद्धिजीवी र आम जनता छुट्टै राज्यको पक्षमा भए पनि यसलाई विफल पार्न षड्यन्त्र गरिएको छ । प्रतिपक्षी पार्टीप्रति घिसिङको रवैया एकदमै नकारात्मक छ । पैसाको बलमा भिजिलान्ते प्रयोग गरी विपक्षी पार्टीका नेतामाथि सांघातिक आक्रमण, घर तोडफोड, आगजनीलगायत अराजक क्रियाकलाप गरिएका छन् । यतिसम्म कि पार्वत्य परिषद्मा विपक्षी पार्टीबाट प्रतिनिधित्व गर्ने पार्षदलाई समेत मोटो रकम दिएर किनिन्छ । यी सबै हतकन्डा विपक्षीको एकता टुटाएर यथास्थितिमा आफ्नो शासनसत्ता लम्ब्याउनको लागि गरिएको छ । मलाई के लाग्छ भने घिसिङ रहुन्जेलसम्म कुनै पनि हालतमा छुट्टै राज्य स्थापना हुन सक्दैन ।

**विपक्षी दलहरूचाहिँ किन सशक्त रुपमा आउन नसकेका नि ?**

– छुट्टै राज्यको मागमा विपक्षीहरूको एक मत छ, उनीहरू एकजुट छन् । छुट्टै राज्यको मागलाई सशक्त पार्न हामी जनतालाई संगठित गर्दै आएका छौं । तर, सर्वसाधारणमा डर, त्रास, भय र आतंक छ । घिसिङको विरोध गर्नेमाथि कुटपिट, तोडफोडमात्र होइन, उसको त ज्यानै जोखिममा पर्छ । त्यही भएर पनि व्यापक असन्तुष्टि हुँदाहुँदै पनि यहाँका मानिस विरोध गर्ने हिम्मत राख्दैनन् । यहाँको प्रशासनले अन्यायमा परे पनि विपक्षी भनेपछि पटक्कै मद्दत गर्दैन । अहिले पनि सहरी क्षेत्रमा त हाम्रै बहुमत छ ।

**विगत चार वर्षदेखि पार्वत्य परिषद्को चुनाव नहुनुलाई कसरी लिनुहुन्छ ?**

– यो सब घिसिङलाई टिकाउने पश्चिमबंगालको चालबाजी हो । घिसिङले जनताबाट विश्वास गुमाइसकेका छन्, तर बंगाल सरकारलाई वफादार घिसिङ नै चाहिएको छ । अहिले विपक्षी दरिलो बन्दै गएका बेला घिसिङको सत्ता जाने डरले चुनावको मिति सारिएको सारियै छ । यस्तो काम कानुनअनुसार अवैधानिक छ ।

अब त अति भयो, पार्वत्य परिषद्को चुनावको तिथि घोषणा गरियोस् भनेर तिहारपछि सर्वोच्च अदालतमा मुद्दा दायर गर्दै छौं । आखिरमा चुनाव हुनैपर्छ र हुन्छ पनि ।

**सुवास घिसिङको अध्यक्षतामा गठित पार्वत्य परिषद्को कार्यशैलीप्रति के टिप्पणी छ ?**

– घिसिङ पार्वत्य परिषद्मा आएको १७ वर्षको अवधिमा केही काम भएका छैनन् । बरु पहिले भएका विकास निर्माणका काम अस्तव्यस्त भएका छन् । फोहोर, दुर्गन्ध र अव्यवस्थापनले एकाताका पहाडकी रानी भनेर चिनिएको दार्जीलिङको पहिचान गुम्ने अवस्था छ । यहाँ पानीको हाहाकार छ, बजार क्षेत्रमा सडक, बाटोघाटोको अवस्था गएगुज्रेको छ । नयाँ उद्योगधन्दा केही छैन, भएको चिया उत्पादन पनि घट्दो क्रममा छ । दस वर्ष भयो दार्जीलिङमा नयाँ रोजगारीको अवसर नै दिन सकेको छैन, परिषद्ले । घिसिङलगायत परिषद्मा रहेका पार्षदहरूको खल्ती भर्नेबाहेक जनताको पक्षमा केही हुन सकेको छैन । ■



पार्वत्य परिषद्का अध्यक्ष सुवास घिसिङ

बताउँछन् । योञ्जन भन्छन्, 'पहिलेदेखि नै छुट्टै राज्य स्थापना हुनुपर्छ भन्ने हाम्रो माग हो । परिषद्लाई अनुसूचीमा राख्दा अहिलेभन्दा केही पनि तात्विक फरक हुनेछैन ।' दार्जीलिङ सहरी क्षेत्रका जनता र बौद्धिक वर्गसमेत पार्वत्य परिषद्मा भएको आर्थिक अनियमितता र अपारदर्शितालाई बहसको विषय बनाए पनि खुलेर विरोध गर्ने हिम्मत भने चाहिँ गर्न सकेको देखिँदैन । सबैतिरबाट चर्को विरोध खेपिरहेका घिसिङले बच्ने अस्त्रका रूपमा छैटौं अनुसूची जाल फ्याँकेको बिजेपीका डा. योञ्जनको तर्क छ । उनी भन्छन्, 'यो छुट्टै राज्य हुन नदिने षड्यन्त्रबाहेक केही होइन ।'

डा. योञ्जनका अनुसार छैटौं अनुसूचीअन्तर्गत राखिने भनिएका बुँदामा एउटा स्वायत्त काउन्सिलको लागि आवश्यक पर्ने उद्योगधन्दा, विश्वविद्यालय, मेडिकल कलेज, भौतिक संरचनालगायत विषय उल्लेख गरिएको छैन । सुवास घिसिङलाई सत्तामा टिकाइराख्न पश्चिमबंगाल सरकारले नै अनुसूचीको ड्राफ्ट बनाएको आरोप छ, योञ्जनको । राज्य विधानअनुसार राज्यभित्रको कुनै पनि भूभागलाई अनुसूचीमा सामेल गरेर स्वायत्त परिषद्को मान्यता दिन उक्त क्षेत्रमा कम्तीमा पनि ६० प्रतिशतजति 'ट्राइबल' हुनुपर्छ । तर, दार्जीलिङको हकमा ३५ प्रतिशत पनि 'ट्राइबल' छैनन् । छैटौं अनसूचीको कुरामा केन्द्रीय सरकार, पश्चिमबंगाल सरकार र घिसिङबीच सहमति भए पनि त्यसबारे विपक्षीसँग केही रायसल्लाह नलिएको बताइन्छ । फ्रन्टका अध्यक्ष तामाङ भन्छन्, 'पश्चिमबंगाल सरकारले घिसिङबाहेक अरू विपक्षीसँग कुनै पनि सवालमा कहिल्यै परामर्श गर्दैन । अझ भन्ने हो भने विपक्षीको अस्तित्व नै स्वीकार गर्दैन ।'

गत जुनमा मुख्यमन्त्री बुद्धदेव भट्टाचार्य दार्जीलिङ आएर फर्केपछि सञ्चारकर्मीको विपक्षलाई भेट्नु भो भन्ने जिज्ञासामा 'विपक्षी चिन्दिनँ' भन्ने जवाफले प्रजातन्त्रको मर्ममाथि कुठाराघात पारेको विश्लेषण गर्नेहरू धेरै छन् । यसलाई बंगाल सरकारको दार्जीलिङलाई पछिसम्म आफ्नै छातामा राख्ने योजनाअन्तर्गत आफूले भनेको मानिसलाई पार्वत्य परिषद् टिकाउने रणनीति भएको

जानकारहरूको धारणा छ ।

### खस्कँदो साख

सामान्य पारिवारिक पृष्ठभूमिबाट आएर पनि महत्त्वपूर्ण पद ओगट्न सफल सुवास घिसिङ सन् १९८० भन्दा अघिसम्म राजनीतिक रुपमा चर्चित थिएनन् । गोर्खाल्यान्ड प्राप्तिको आन्दोलनबाट 'हाइहाइ' भएका घिसिङको साख अहिले पहिलेको जस्तो छैन, दिनप्रतिदिन गिर्दो अवस्थामा छ । बंगाल सरकारले बेहिसाब खर्च गर्न दिएको रकम र शक्तिको भरमा कार्यकर्ता भरपोषण गरी साम, दाम र दण्डको नीति अख्तियार गरी चुनाव जित्नुमात्र होइन, अर्को दलबाट जितेका उम्मेदवारलाई प्रलोभन देखाएर आफ्नो पक्षमा पारेको विपक्षीले दोषारोपण गरिरहेका छन् । सन् १९९९ को पार्वत्य परिषद्को चुनावमा २८ सिटमध्ये १२ सिट विपक्षीले जिते पनि शंखमणि राई, विनोद देवानलगायत आधा दर्जन जति पार्षदलाई घिसिङले प्रलोभनको भरमा आफ्नो पक्षमा पारेका थिए ।

पछिल्लो समयमा सहरी क्षेत्र घिसिङको पकडबाट बाहिर गइरहेको छ । दार्जीलिङ, खर्साङ, कालिम्पोङ, मिरिकलगायत सहरी क्षेत्रमा विपक्षीहरूको जनाधार बढ्दै गएको देखिन्छ । गत मे महिनामा भएको विधानसभाको चुनावमा दार्जीलिङ नगरको ३२ वडामध्ये २७ वडामा विपक्षीले जितेका थिए । त्यसैगरी कालिम्पोङ, खर्साङ, मिरिकलगायत नगरमा पनि विपक्षीको आकर्षण बढिरहेको छ । पहिलेको दाँजोमा ग्रामीण भागमा पनि गोरामुमोको स्थिति खस्कँदै गएको बताइन्छ ।

पार्वत्य परिषद् अध्यक्ष घिसिङ सार्वजनिक सभा समारोहमा नहिँडेको १० वर्षभन्दा बढी भएको छ । उनी सकेसम्म कोही मानिससँग पनि भेट गर्न चाहँदैनन् । तर, बेलाबेलामा उनी उट्पट्याङ काम गर्दै हिँड्ने गरेको स्थानीय बासिन्दा बताउँछन् । केही महिनाअघि उनकै योजनामा दार्जीलिङमा धामीहरूको ऱ्याली निकालिएको बताइन्छ । राजा ज्ञानेन्द्रले माघ १९ को कदम चालेपछि समर्थन जुटाउने नाममा उनी काठमाडौं पनि आएका थिए ।

गोर्खाल्यान्ड आन्दोलनताका जनताको रगत तताउने भाषण गर्दै कहिले बगान त कहिले खर्साङ अनि कालिम्पोङ चहार्दै हिँड्ने घिसिङ अहिले सार्वजनिक सभा समारोहमा देखा पर्दैनन् । उनी सरकारी निवासमै बसेर कार्यकर्ता परिचालन गर्छन् । उनको नियमित सम्पर्क र भेटघाट राज्य र केन्द्रीय सरकारमात्र हुने गरेको उनका निकटस्थ व्यक्तिहरू बताउँछन् ।

जातीय पहिचानको लागि छुट्टै राज्यको माग लिएर गरिएका आन्दोलन सत्तारोहणका लागि भऱ्याङमात्र भएका छन् अहिलेसम्म । रहनसहन, भाषा, संस्कृतिका दृष्टिले पनि दार्जीलिङको छुट्टै विशेषता भएकाले पश्चिमबंगालको छाताबाट अलग्गिनुपर्ने तर्क राख्दै आएका छन्, बौद्धिक वर्गले । पश्चिमबंगाल राज्यसभाको २९४ सिटमा २९१ बंगाली र तीनजना मात्र नेपाली छन्, जसले गर्दा राज्यसभामा आफ्ना मागको सुनुवाइ नहुने गरेको उनीहरूको गुनासो छ । फ्रन्टका अध्यक्ष तामाङ भन्छन्, 'दार्जीलिङमा महिनौं दिनसम्म पानीको हाहाकार हुँदा कसैलाई चासो छैन, तर बंगालमा माछाको भाउ किलोमा ५ रुपैयाँ बढ्दा भने राज्य सरकारको चासोको विषय बन्छ ।'

गोर्खाल्यान्ड स्थापना हुन पश्चिमबंगाल सरकारको नैतिक बललाई प्रमुख कारकको रुपमा औंल्याउने धेरै छन् । तर, त्योभन्दा पहिले दार्जीलिङमा रहेका सबै दलहरू एक भएर माग बुलन्द पार्नु आवश्यक देखिन्छ । तीन दशकअघि गोर्खा प्रान्त परिषद्को अध्यक्ष भइसकेका वरिष्ठ साहित्यकार आइबी राई भन्छन्, 'चानचुने दबाबले छुट्टै राज्य स्थापना हुन सक्दैन, त्यसका लागि सबभन्दा पहिले यहाँका सबै दल एकजुट हुनुपर्छ । सबै एक भएपछि मात्र राज्य र केन्द्रीय सरकार पनि सकारात्मक बन्न बाध्य हुन्छ ।' तर, दार्जीलिङमा अहिलेको अवस्थामा सबै दल एक हुन असम्भवप्रायः छ । घिसिङको सत्तासीन गोरामुमोलाई दिल्ली र कोलकाता दुवैको आशीर्वाद छ भने पश्चिमबंगालको आशीर्वाद पाएको मार्क्सवादी कम्युनिस्ट पार्टीको दार्जीलिङ जिल्ला कमिटीले पनि छुट्टै राज्य हुनुपर्छ भनेर तत्काल पहिलेको अडान परिवर्तन गरिहाल्ने अवस्था छैन । पार्वत्य परिषद्को चुनाव भएमा त्यसपछि त्यहाँ आउने नेतृत्वको पनि महत्त्वपूर्ण भूमिका हुन्छ, गोर्खाल्यान्डको मागलाई माथि उठाउन । बंगाल सरकारको दार्जीलिङ आफ्नै छाता भित्र रहोस् भन्ने मनसाय परिवर्तन नभएसम्म गोर्खाल्यान्डको राज्यको माग प्राप्त गर्न असम्भवजस्तै छ । ■







# अगुवाहरू नै दुराचारी

■ ज्योति देवकोटा/जुम्ला

**धेरै विकास भयो भन्ना, ठेइलाग्दा जेटी**
**काम कुरो केही गर्दैनन्, हेर्न लाग्या केटी**

जुम्लाको बोलिचालीको भाषामा जेटीको अर्थ जुनसुकै किसिमका विकासे कार्यकर्ता हो। जिल्लामा गैरसरकारी संस्थाहरूको बढ्दो उपस्थितिसँग यस्ता कार्यकर्ताको भीड पनि बाक्लिँदै छ।

सदरमुकाम खलंगाको रक्सीबजार मात्र होइन, बेलाखतमा रेडक्रस र अस्पतालले निःशुल्क वितरण गर्ने कन्डमले नभ्याएर बजारमा रहेका केही मेडिकलको प्रमुख ग्राहकसमेत यिनै विकासे कार्यकर्ता भएका छन् अहिले।

उनीहरूको रवाफ मात्र होइन, गाउँका सोझा महिला तथा युवतीलाई ललाई फकाई गरिने यौनशोषणका घटनाहरूले गाउँलेको जिब्रोमा झुन्डिएको माथिको भनाइ जस्तै विकासको खोल ओढेर यौन दुराचारीहरू गाउँ पसेका छन् भन्ने पुष्टि भएको छ। प्रशासन, अगुवा स्थानीयवासी र माओवादीले विकासे कार्यकर्ताप्रति समान धारणा बनाएका छन।

जिल्लाको पूर्वी भागमा पर्ने चौधबीस भेक र उत्तरपश्चिममा रहेको सिंजा भेकमा यौनशोषणका घटना अधिक संख्यामा सार्वजनिक भइरहेका छन्। यौनशोषणको विषय सदरमुकाम खलंगामा सबैभन्दा चर्चित रहे पनि माओवादीबाहेक कसैले दोषीलाई कारबाही गर्नेतर्फ फिटिक्कै चासो देखाएका छैनन्।

चौधबीस र सिंजा भेकका १९ जना महिलामाथि गैससका कर्मचारीले यौनशोषण गरेको हालैको घटनाले यो अपराध भुसको आगोझैं कसरी फैलिरहेको छ भन्ने झलक दिएको छ।

यहाँसम्म कि उक्त घटनाको छानबिनमा माओवादीको स्थानीय नेतृत्व संलग्न भएको छ। माओवादीले पीडित महिला र यौनदुराचारीको नाम सार्वजनिक गर्ने अन्तिम तयारी गरिरहेको छ, तर महिलाको नाम सार्वजनिक गर्दा समाजमा उनीहरूले घृणाको सिकार हुनुपर्नेतर्फ समेत माओवादी सचेत हुनुपर्ने दबाब पनि समानान्तर रुपमा परिरहेकाले यसमा केही विलम्ब हुन गएको हो। गाउँलेहरूका लागि पनि आफ्ना छोरीचेली र महिलाहरूमाथि भएको यौनशोषणका घटनाको दर्दनाक कथा सुन्नु दिनचर्या जस्तै बन्न थालेको छ। संकटकाल लागेका बेला गस्तीमा हिँडेका सैनिकको सिकार भएका महिलाहरूमाथि अहिले अधिकारको कुरा गर्ने गैससका कर्मचारी खनिएका छन्।

लोकतन्त्रको उदयपछि माओवादीले गैससप्रसित नरम नीति लिएपछि जिल्लाका कुनाकाप्चासम्म पुगेका गैससका कर्मचारीहरू देखेर तर्सिनु पर्ने अवस्था आएको बताउँछन्, स्थानीय बासिन्दाहरू।

'हाम्रा गाउँमा आईकन हामीमाथि हातपात गर्ने यिनीहरूको विकास हामीकन चाहिँदैन बरु', यौनकै विषयमा गाउँमा भएका हल्लीखल्लीबाट दिक्दार बनेकी छुमचौर गाविसकी कौसा रावत भन्छिन्, 'महिला अधिकारको तालिम दिने भन्छन् तर पछि... ।'

अहिले चौधबीस क्षेत्रमा मात्र सूर्य सामाजिक संघ (फोरएस), हिमाली एकीकृत, सामुदायिक स्वाथ्य विकास केन्द्र (सिएचडी), उच्च पहाडी गरिबी निवारण कार्यक्रम (डिप्रोक्स), ग्रामीण विकास समूह कार्यक्रम (आरडिजिपी) जस्ता दर्जनौं गैससले यो क्षेत्रलाई लक्षित क्षेत्र बनाएका छन्।


तर, यी संस्थामा कार्यरत कर्मचारीहरूले गाउँमा पसेर गर्ने गरेका अवैध र अनैतिक कामहरूले यो क्षेत्रका बासिन्दाहरू चिढिएका छन्। यौनशोषणकै विषयलाई लिएर माओवादी र गैससबीचको दूरी र द्वन्द्व पनि दिनप्रतिदिन चर्कंदो छ। माओवादीको विश्लेषणमा गैसस, सरकारी कर्मचारी र शिक्षकहरूको पञ्जामा परेका छन्, स्थानीय सीधा युवतीहरू।

विवाह गर्ने, जागिर लगाइदिने, तालिममा पारिदिने जस्ता लोभ देखाएर यौनशोषण हुने गरेको विश्लेषण माओवादीका स्थानीय नेताहरूको छ। 'सोझा युवतीलाई मास्टरदेखि एनजिओका मान्छेले प्रलोभनमा पारेर र जबरजस्ती यौनशोषण गर्ने गरेका छन्', माओवादीका जिल्ला जनसरकार प्रमुख कार्मा (अंगत महत) बताउँछन्।

आर्थिक तथा मानवीय विकासमा सदरमुकामभन्दा ज्यादै पछि परेको जुम्लाको पूर्वी र उत्तरपश्चिम क्षेत्रका सर्वसाधारणलाई सपना देखाउन ओइरिएका विकासे कार्यकर्ताहरूका क्रियाकलापबाट स्थानीय बासिन्दाहरू झन् आक्रोशित भएका छन्। प्रशासनको ठहर पनि स्थानीयको भन्दा फरक छैन, तर अपराध भएको थाहा हुँदाहुँदै त्यसलाई टुलुटुलु हेरेर गोहीको आँसु बगाउनेभन्दा प्रशासनले कुनै पहल गरेको छैन।

'केही राम्रा मानिएका संस्थाहरूको छविलाई समेत यौन प्रकरणले धमिल्याएको अवस्था छ', सहायक प्रमुख जिल्ला अधिकारी गन्जबहादुर एमसी भन्छन्, 'यस्तो कार्य नरोक्ने हो भने गैससको छवि उँधो लाग्ने मात्र हैन, जनआक्रोशले अर्कै रुप लिन सक्छ।' तर सरकारी कर्मचारीबाट हुने यौनशोषणका घटनाहरूप्रति भने प्रशासन पनि मौन हुने गरेको छ।

गैससमै कार्यरत कर्मचारीहरू स्वयं यौनशोषण व्यापक मात्रामा हुने गरेको स्विकार्छन्। 'छोरीचेलीको


'हाम्रा गाउँमा आईकन हामीमाथि हातपात गर्ने यिनीहरूको विकास हामीकन चाहिँदैन बरु', भन्न थालेका छन्, जुम्लाका स्थानीय बासिन्दा। विकासे कार्यकर्ताहरूले बाँडेका विकास थाप्दै जुम्लाबासीहरू। तस्बिरः ज्योति देवकोटा

सुरक्षा नहुने भएको छ, गाउँमा बनाइएका आमा समूह र खुला रुपमा यौनको विषय उठाउन गठित युवा समूहमा सामेल भएका युवतीहरूलाई यौनप्यास मेटाउने साधनका रुपमा गैसस कर्मचारीहरूले प्रयोग गर्न थालेको आरोप व्यापक मात्रामा लागिरहेको छ', प्रतिष्ठित गैससमा कार्यरत एक कर्मचारी भन्छन् ।

अहिले चौधबीस क्षेत्रका डिल्लीचौर, छुमचौर, पातरासी, पटमारा, गुठिचौरमा मात्र दर्जनौं गैसस सक्रिय छन् । यस क्षेत्रमा दैनिक सयौं कर्मचारीको ओहोरदोहोर हुने गरेको छ । सिंजा भेकमा पनि विकासे कार्यकर्ताको भीड कुनै जमानामा काठमाडौंको बोर्डिङ स्कुलकै गतिमा बढ्दो छ ।

संकटकालका बेला हरेक महिना जिविस हलमा हुने सार्वजनिक सुनुवाइमा स्थानीय नेताहरूले तत्कालीन सिडिओ र अञ्चल प्रशासककै सामुन्ने यस्ता घटनालाई निर्मूल अनुरोध गर्दै आवाज बुलन्द गर्ने गरेका थिए । त्यसै अवधिमा वर्ल्ड भिजन नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सदरमुकामको साँगुरो घेराभित्र सुरक्षाकर्मीबाट मात्रै ६ सय युवती यौनशोषणमा परेको तथ्यांक सार्वजनिक गरेको थियो ।

तर अहिले त्यही संस्थाको सहायतामा संचालित गैससका कर्मचारीहरू नै यौनदुराचारीको सूचीमा अग्रस्थानमा परेका छन् । उतिखेर सुरक्षाकर्मीहरूद्वारा युवतीहरूको अस्तित्वमाथि धावा बोलिँदै छ भन्दै हिँड्ने गैसस कर्मचारीहरू वर्तमान खुकुलो वातावरणको फाइदा उठाउँदै भित्री गाउँमा पसेर आफैं यौनशोषणका मुद्दामा मुछिन थालेपछि जिल्लाभित्रै गैससप्रतिको विरोध तीव्र हुन थालेको छ ।

ठगी, भ्रष्टाचार र 'लुटको व्यापार'बाट जनतालाई झन् परजीवी बनाउँदै लगेको आरोप खेपिरहेका गैससमाथि अहिले यौनशोषणको फौजदारी अपराधको आरोप पनि लागेको छ ।। यौनशोषणका घटना सार्वजनिक हुन थालेपछि अहिले स्वयं जनता नै सार्वजनिक विरोधमा उत्रेका छन् भने गैससको काम गराइप्रति बरोबर औंला ठड्याउँदै आएको माओवादीलाई समेत झन् मसला मिलेको छ ।

गैससका कर्मचारीमात्र होइन, चौधबीस र सिंजा भेकमा गएका शिक्षकहरू पनि घर फर्किन चाहँदैनन् भन्ने कथन छ । छात्रालाई यौनशोषण गर्दा गाउँलेले पक्रेर जिम्मा लगाएका घटनाहरूको नजिरले नै शिक्षकहरूको कर्तुत छर्लंग पार्छ ।

विकासको मूलधारबाट टाढा रहेका जुम्लाका यी दुई क्षेत्रमा विकासको सपना देखाएर ओइरिएका गैससहरूमा कार्यरत कर्मचारीहरूका लागि अहिले यौनप्यास मेटाउने थलो बन्न थालेको प्रमाणित हुन थालेपछि सदरमुकाममा समेत गैससमा कार्यरत कर्मचारीहरूको नैतिकतामाथिको प्रश्न पनि बुलन्दरुपमा उठन थालेको छ ।

सूर्य सामाजिक संघ (फोरएस)ले जिम्मा लगेको उर्थु डिल्लीचौरको निर्माणाधीन बाटोका ओभरसियर देवविक्रम राईले पटमारा गाविस-३ घोडासिनकी राधा (नाम परिवर्तन) माथि बलात्कार गर्न खोजेको काण्डले चर्को रुप लिएको थियो । राईले अपराध सकारेर माफी मागेपछि माओवादीले मिलापत्र गराइदिएको छ ।

हाकिमहरूले लगातार यौनतृप्तिको साधन बनाउँदा पनि मुख खोल्न नसकेका सोझा चौधबीस क्षेत्रका सर्वसाधारण राधाको प्रतिकारबाट उत्प्रेरित भएर यौनशोषणका घटना सार्वजनिक गर्न तम्सेका छन् ।

'हामीले पहिलेदेखि गर्दै आएको आशंका सत्य सावित भएको छ', कार्मा भन्छन्, 'अहिलेको तरल राजनीतिक अवस्थाका कारण कारबाही गर्न भने सकेका छैनौं ।' गत वर्ष कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किडार्क)का कोषाध्यक्ष रत्नबहादुर शाहीलाई मुगु जाने क्रममा खत्याडखोलामा माओवादीकै महिला कार्यकर्तालाई जबरजस्ती यौनसम्पर्क गर्न खोज्दा जुत्ताको माला र कालो मोसो लगाई 'नैतिक कारबाही' गरेका थिए, माओवादीले ।

'शाहीलाई नैतिक कारबाही गरेपछि गैससका मानिस अनुशासित होलान् भन्ने हाम्रो सोचमाथि तुषारापात भएको छ', कार्मा अगाडि भन्छन् । माओवादीले गैससका कर्मचारीविरुद्ध अभियान संचालन गर्दा गर्दै पनि स्थानीयहरूको अपेक्षा अझ बढी छ । उनीहरू माओवादीले तत्काल देखिने कारबाही गरोस् भन्ने चाहन्छन् । खुला राजनीतिमा आइसकेपछि माओवादीले यस्ता घटनालाई महत्त्व नदिएको आरोप माओवादीमाथि छ । 'तिमीहरू पनि गैसससँग मिलेका छौ' भन्ने आरोप खेप्न परेपछि जनताको विश्वास जोगाइराख्न चौधबीस क्षेत्रमा गैसस निषेध गर्नेसम्मको सोच माओवादीले अघि सारेको छ । 'यही गाउँमा रहेको उपस्वास्थ्यचौकीमा कार्यरत कर्मचारीकी छोरीलाई समेत जबरजस्ती गरी गर्भपतनको औषधी खान लगाएको खुल्न आएको छ, हामी कारबाही गर्ने तयारीमा छौं', पातरासी गाविसका गाउँ जनसरकार प्रमुख बिगुल भन्छन् ।



समाजसेवा वा विकासको आवरणमा गाउँ पसेर भोक, अशिक्षा र गरिबीको फाइदा उठाउँदै यौनआनन्द लिन पल्केकाहरूलाई तह नलगाउने हो भने यहाँका मानिसले विकासको लोभमा आहत भोगिरहनुपर्नेछ । ■




भास्कर ओझा

विवेकको विभत्स हत्याको विरोधमा र न्यायको आग्रहसहित जिल्ला अदालत काठमाडौंअगाडि प्रदर्शन गर्दै आफन्तजनहरू

**विवेक हत्याप्रकरणमा संलग्न अभियुक्तहरूलाई बचाउन राजनीतिक संरक्षण प्राप्त भएको देखिएपछि वास्तविकता पत्ता लगाउन स्वतन्त्र आयोग बन्नु पर्ने माग उठिरहेको छ ।**

# अभियुक्तलाई राजनीतिक संरक्षण ?

**गोविन्द परियार/काठमाडौं**

**भदौ २४ गते** आफ्नै घर कोटेश्वरबाट अपहृत ८ वर्षीय बालक विवेक शर्मा लुइँटेलको शव बीस दिनपछि असोज १४ गते प्रहरीले फेला पारेको छ । अपहरणमा संलग्न पप्पु मण्डललाई भारतको मधुवनीवाट पक्राउ परेपछि उसले दिएको बयानको आधारमा विवेकको लास प्रहरीले चावहिलस्थित धोबीखोला भत्केको पुल नजिक फेला पारेको थियो ।

पीडित परिवारले घटना भएको भोलिपल्ट अपहरणमा संलग्न वकिल अन्सारी र भिखारी खाँनलाई पक्रेर प्रहरी कार्यालय हनुमानढोकामा बुझाएको थियो भने अपहरणको योजनाकार पटेनी लामालाई त्यस दिन नपक्रनुबाट सुरुमै राजनीतिक संरक्षणको आशंका गरिएको थियो । अभियुक्तहरू समातिएपछि पनि प्रहरीले अनुसन्धानमा आलटाल गरेपछि पीडित परिवारमात्र होइन, कोटेश्वर क्षेत्रका नागरिक पनि सडक आन्दोलन आएका थिए ।

राष्ट्रिय चासोको विषय बनेको विवेक अपहरण घटनामा प्रहरी प्रशासनले तदारुकतासाथ अनुसन्धान नगरेका कारण तीन सातासम्म विवेकको अवस्था अज्ञात रह्यो । विवेकको हत्या भएको खुलासा भएपछि उक्त प्रकरणका अभियुक्तहरूलाई राजनीतिक संरक्षण प्राप्त भएको आरोप पीडित पक्षले लगाउँदै आएका छन् । अभियुक्तमध्येकी एक पटेनी लामालाई प्राप्त राजनीतिक संरक्षणका कारण उसलाई उन्मुक्ति दिन पनि प्रहरीले अनेक प्रपञ्च रचेको आरोप छ । चौतर्फी दबाबपछि बल्ल प्रहरीले घटना भएको एक सातापछि अनुसन्धान सुरु गरेको परिवारले जनाएको छ ।

घटनाको दोस्रो दिन पक्राउ परेका वकिल र भिखारीको बयानका आधारमा पटेनीको संलग्नता हुन सक्ने देखिएपछि उपत्यका अपराध अनुसन्धान शाखाका इन्सपेक्टर सञ्जयसिंह थापाको नेतृत्वमा प्रहरीहरू पटेनीको घर पुगेका थिए । प्रहरीले पटेनीलाई घरमा नभेटेपछि उनको घरमा बस्ने जीवन तामाङलाई सोधपुछको क्रममा लैजान खोज्दा जीवनलाई नपक्रनु भनी गृहमन्त्री कृष्ण सिटौलाका स्वकीय सचिव प्रेम भट्टराईले इन्सपेक्टर थापालाई फोन गरेका थिए । तर, थापाले 'म आफ्नो काम गर्छु, अनुसन्धानमा हस्तक्षेप नगर्नु' भन्ने जवाफ दिएर तामाङलाई उपत्यका अपराध अनुसन्धान शाखा हनुमानढोका लगेका थिए । केहीबेर सोधपुछपछि उनीलाई छाडिएको थियो । जीवनका बुबा दीपक तामाङ ट्रेड युनियन कांग्रेस झापाका सभापति र गृहमन्त्री सिटौलाबीच घनिष्ट सम्बन्ध रहेको बताइन्छ । जीवन ३-४ वर्षदेखि राजधानीमा बस्दै आएका छन् । प्रहरीले अनुसन्धानका क्रममा जीवनलाई पक्रन खोज्दा गृहमन्त्री सिटौलाका स्वकीय सचिव भट्टराईको फोन आएको विषयलाई गृहमन्त्रीको संलग्नताबाट अलग राखेर हेर्न नहुने जानकारहरू बताउँछन् । उनीहरू भन्छन्, 'दीपक, सिटौलाको दाहिने हातजस्तो देखिन्नु र उनका छोरा पक्रन खोज्दा फोन आएको विषयलाई सामान्य मान्न सकिँदैन ।' अपहरणको अघिल्लो दिन जीवनकै कोठामा अभियुक्तले योजना बनाएको बयान क्रममा बताएका छन् ।

अभियोगपत्र तयार पार्दा समेत राजनीतिक रंग देखिएको बताइन्छ । स्रोतका अनुसार पहिला तयार गरिएको अभियोगपत्रमा पटेनीलाई अभियुक्त नै बनाइएको थिएन । पछि अभियोगपत्र सच्याएर पटेनीलाई दास्रो अभियुक्त बनाइएको छ । बालक अपहरणजस्तो संवेदनशील विषयमा अभियुक्तहरूलाई राजनीतिक संरक्षण गरेर अनुसन्धानलाई फितलो बनाउन खोजेको आरोप पीडित परिवारको छ ।

तामाङलाई पक्रेपछि पटेनी भदौ २७ गते सकिना मानन्धरका साथ हनुमानढोकामा उपस्थित भएकी थिइन् । उपत्यका अपराधका डिएसपी पीताम्बर अधिकारीको कार्यकक्षमा पुगेकी पटेनीले केही समय प्रहरी र सेनाका उच्च अधिकारी तथा राजनीतिक दलका नेताहरूको हवाला दिँदै धम्क्याएर आफू अपहरण घटनाबारे अनभिज्ञ रहेको बताएकी थिइन् । केही महिना अगाडिसम्म अनामनगरस्थित आफ्नै घरमा तासी देले नामक म्यानपावर कम्पनी चलाउँदै आएकी ४८ वर्षीया पटेनी लामा थुप्रै ठगी मुद्दामा संलग्न भएको आरोप छ । उनका पति अवकाशप्राप्त ब्रिटिस सैनिक इन्द्र मादेन संयुक्त अरब इमिरेट्सको अबुधावीमा कार्यरत छन् ।

प्रहरीले विवेकको अपहरणमा प्रयोग भएको छुरा समेत पटेनीकै घरको भएको बताएको छ, जसलाई

पटेनीले बयानका क्रममा स्वीकार समेत गरेकी छन् । यसले पनि पटेनीको यस घटनामा मुख्य संलग्नतालाई थप पुष्टि गरेको छ । भारत मोतिहारीका २० वर्षीय वकिल अन्सारी र ३८ वर्षीय भिखारी खाँनको विगत दुई वर्षदेखि पटेनीसँग चिनजान रहेको प्रहरीले बताएको छ । अभियुक्तमध्येका एक भिखारीले यसअघि पनि बच्चा अपहरणकै अपराधमा भारतमा एक वर्ष जेल जीवन बिताएको प्रहरी रेकर्डमा उल्लेख छ ।

प्रहरीले अभियुक्तहरू वकिल, पटेनी, भिखारी, सकिना, मोख्तार अन्सारी र पप्पुका विरुद्ध ज्यान मुद्दा चलाएको छ । असोज २२ गते काठमाडौं जिल्ला अदालतले अभियुक्तहरूलाई केन्द्रीय कारागारमा थुनामा राख्न आदेश दिएको छ ।

विवेकको लास प्राप्त भएको एक साताभन्दा बढी समय बितिसक्दा पनि परिवारले लास बुझेको छैन । प्रहरी अनुसन्धानप्रति अविश्वास जाहेर गर्दै परिवारले घटनाको न्यायिक छानबिन हुनु पर्नेमा जोड दिएको छ । विवेकका बुबा केदार लुइँटेल भन्छन्, 'अपराधीलाई उन्मुक्ति दिन सुरुदेखि नै राजनीतिक संरक्षण प्रदान गरियो, त्यसैको छायाँमा प्रहरीले अनुसन्धान गरेकाले त्यो न्यायपूर्ण छैन, त्यसैले पनि आयोग बन्नुपर्छ ।' परिवारले डिएनए परीक्षण गरेर मात्र लास बुझ्ने अडान राखेपछि परीक्षणका लागि रोनास्टमा नमुना पठाइसकिएको जनाइएको छ । तर, डिएनए रिपोर्ट आउन केही दिन लाग्ने भएपछि परिवारले चाँडै लास बुझ्ने बताएको छ ।

अपहरणको दुई घन्टापछि हत्या गरिएको भए पनि बालकको अवस्था पत्ता लगाउन प्रहरीलाई तीन साता खर्चिनु परेको थियो । पछिल्लो समयमा प्रहरी प्रशासनमा बढेको राजनीतिक हस्तक्षेपका कारण देखिएको 'डिमोरलाइज'का कारण अनुसन्धान क्षमतामाथि प्रश्नचिन्ह खडा भएको विश्लेषकहरू बताउँछन् । प्रहरीले भने जटिल प्रकृतिको घटना भएकाले यति लामो समय लागेको जनाएको छ । विवेकको हत्यापछि परिवारजनले छानबिनका लागि माओवादी गुहार्नुलाई प्रहरीप्रति गुमेको जनविश्वासलाई इंगित गरेको छ ।

भदौ २४ गते शनिवार कोटेश्वरबाट साँझ ७ बजे अपहरण गरी त्यसै दिन राति ८ बजे हत्या गरेको पप्पुले प्रहरीसँगको बयानमा बताएको छ । बच्चा अपहरणपछि फिरौती रकम समेत माग नगरी हत्या गरिएकाले अपहरणको विश्वासिलो कारण भने अझै पत्ता लागेको छैन । अभियुक्तहरूले परिवारबाट २० लाख रुपैयाँ फिरौती माग्ने योजनाअनुरूप विवेकको अपहरण गरेको बताए पनि फिरौती रकम माग नै नगरी बच्चाको हत्या गरिएको थियो । अपहरणपछि अनामनगरस्थित पटेनी लामाको घर ल्याएर फिरौती माग्नको लागि चावहिलतर्फ लाँदा बच्चा रोइकराइ गरेकाले अरूले थाहा पाउँलान् भन्ने डरले बच्चाको हत्या गरेको बयानमा अभियुक्तहरूले बताएका छन् । अधिवक्ता अग्नि खरेल भन्छन्, 'अपहरणको अन्य कारण हुनसक्ने कुनै प्रमाण अनुसन्धानमा नदेखिएपछि प्रतिवादीले दिएको बयान नै जायज हुन्छ ।'

दसैंको महाअष्टमीको दिन विवेक हत्याप्रकरण सार्वजनिक भएपछि यो समाचार मुलुकभर नै सनसनी सिर्जना गऱ्यो । अपहरण भएपछि नै संसद्मा समेत प्रवेश पाएको यो प्रकरणमा सरकारका तर्फबाट भने कुनै अभिव्यक्ति नआउनुलाई रहस्यका रुपमा हेरिएको छ । सभामुख सुवास नेम्वाङले ढिलै भए पनि विवेक हत्या प्रकरणबारे संसद्लाई जानकारी दिन गृहमन्त्री सिटौलालाई आग्रह गरेको बताइएको छ ।

हत्यापछि प्रहरी महानिरीक्षक ओमविक्रम राणा उपत्यका अपराध अनुसन्धान शाखा हनुमानढोकामा उपस्थित भएर घटनाको बारेमा अनुसन्धान अधिकारी र पीडित परिवारसँगै जानकारी लिएका थिए । त्यसबेला महानिरीक्षक राणाले घटनाबारे विस्तृत बुझ्न आवश्यक ठानेर आएको बताएका थिए । बेलाबेलामा महानिरीक्षक हनुमानढोका आउने प्रचलन नयाँ नभए पनि पीडितसँग सोधपुछ गरिएको भने सम्भवत: पहिलो घटना भएको बताइन्छ ।


विगतमा माओवादी द्वन्द्वका कारण ५ सय बालबालिकाले निहत्थामा ज्यान गुमाएका छन् भने २० हजारभन्दा बढी अपांग भएका छन् । स्वतन्त्रतापूर्वक बाँच्न पाउने बालबालिकाको अधिकारलाई उल्लंघन गरेर अपराधका हतियार बन्दै गएका छन् । विवेकजस्तो विभत्स हत्यामा समेत सरकारले कुनै चासो नदेखाएर राज्य थप अराजकतातर्फ अघि बढेको विज्ञहरू बताउँछन् । विवेकको विभत्स हत्याले गृह प्रशासनलाई असफल त तुल्याएको छ नै राजधानीमा बालबालिकाहरू थप असुरक्षित बन्दै गएका छन् । कतिपय बाबुआमासँगका लेनदेनका कारोवारमा समेत बच्चाहरूको अपहरण गर्ने प्रवृत्ति राजधानी लगायतका क्षेत्रमा मौलाउँदै गएको छ । ■


Mrs. Bharati Shrestha
SARADA EMPORIUM
A showroom of Modern Ladies Suits & Ladies Dresses
SHOP NO. 274 SUPER MARKET, 2ND FLOOR
(Left Side of the escalator)
KATHMANDU, NEPAL, Mobile : 9851070807


होम डेलिभरी फ्रि
के तपाई आफ्नो मोटोपनबाट दिक्क हुनुहुन्छ ? यदि तुरुन्तै मोटोपन घटाउन चाहनुहुन्छ भने आजै भेलर्फम सौना वेल्ट प्रयोग गर्नौ ।
रू. २४९५ मात्र
साथै अन्य टिभीमा देखाइने सामानहरु
ग्लोबल टिभी प्रोडक्ट सप
पुतली सडक (शंकरदेव क्याम्पस अगाडि),
फोन नः ४२४२०६१, चावहिल २००२७९९
लगनखेल ०१६२११२१९, बुटवल फोन नः ०७१५४९२७९,
नारायणघाट फोन नं.: ९८४५०५५७३२
यो वेल्टले तपाईलाई ५५ मिनेटको प्रयोगमै २ से.मी. पेट घटाउँछ ।

START SELLING YOUR PRODUCTS WITHIN A WEEK
E-COMMERCE SOLUTION
@ Rs. 34,999
- DOMAIN REGISTRATION (.COM, .BIZ)
- 50 MB SPACE
- 100% SECURE SITE
- CUSTOMER FRIENDLY SHOPPING CARTS
- REAL-TIME SHIPPING RATE CALCULATION
- MERCHANT A/C SETUP FOR CREDIT CARD TRANSACTIONS
- EYE CATCHING DESIGN WITH GREAT ATTENTION TO DETAILS
- AUTOMATED E-MAIL NOTIFICATIONS NEW ORDERS
- COMPLETE SET OF ADMINISTRATIVE TOOLS FOR MANAGING ACCOUNTS, PRODUCT CATALOG, CUSTOMER ORDERS, INVENTORY, SHIPPING, AND MANY MORE
- FREE CONSULTATION
- TOTALLY SEARCH ENGINE FRIENDLY
- SECURE SSL CONFIGURATION (128 BIT)

WORLD CLASS CUSTOMER SUPPORT
MountDigit Technology (P.) Ltd.
PO Box No. 21197
Kathmandu, Nepal
Phone : (977-1) 4416628, 4435217 (Head Office)
2002641 (Development Center)
Fax : (977-1) 4435217
Email : info@mountdigit.com
www.mountdigit.com
grow through IT.....
MOUNTDIGIT TECHNOLOGY




तस्वीरहरू : तेजबहादुर बस्नेत

# दोहरो नागरिकतामा केन्द्रित

**नेपालले पनि धेरै हदसम्म भारतीय दोहोरो नागरिकताका मापदण्ड अपनाउँदै मतदानको अधिकार र कृषिलगायत केही संवेदनशील क्षेत्रमा लगानी गर्नबाट पनि वञ्चित गर्न सक्नेछ ।**

■ **मधुसूदन पौडेल/काठमाडौं**

**गैरआवासीय नेपाली** (एनआरएन)लाई दोहोरो नागरिकता दिने मामिला विवादको घेराबाट बाहिर निस्किए पनि दोहोरो नागरिकतामार्फत उनीहरूलाई दिइने अधिकारहरूको अन्योल भने अझै साम्य भएको छैन ।

सन् २००३ को पहिलो एनआरएन सम्मेलनमा झिनो स्वरमा उठेको दोहोरो नागरिकताको विषय सन् २००५ को दोस्रो सम्मेलनको मुख्य मुद्दा बनेको थियो । अन्तर्राष्ट्रियस्तरमा स्थापित हुँदै गएका मान्यताहरू अगाडि सार्दै एनआरएनहरूले सरकारसँग आफूहरूलाई दोहोरो नागरिकता सुविधाबाट वञ्चित गर्नु पर्ने कारण सोधेका थिए । ११ अक्टोबर २००६ मा एनआरएनहरू आफ्नो 'जन्मदिन' मनाउन काठमाडौंमा भेला भएको अवसरमा सरकारले विनाआनाकानी प्रस्ट भनेको छ, 'नेपालले आफ्ना सन्तान कसैलाई काखा र कसैलाई पाखाको व्यवहार गर्नेछैन ।' कार्यक्रममा मुख्य अतिथि बनाइएका उपप्रधानमन्त्री खड्ग ओलीले भने, 'अर्को मुलुकको नागरिकता लिएका नेपालीको नागरिकता स्वतः समाप्त हुनेछ भन्ने नीतिले अब काम गर्दैन ।' नागरिकता ऐन-२०२० को दफा ९ मा 'नेपालको कुनै नागरिकले आफूखुसी कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि निजको नागरिकता स्वतः लोप हुनेछ' भन्ने व्यवस्था छ । सोही कानुनअनुसार अहिले विदेशी नागरिकता लिएका गैरआवासीय नेपालीको नागरिकता खारेज हुँदै आएको छ ।

आश्वासन दिने तर कार्यान्वयन नगर्ने सरकारको संस्कारभन्दा यो विषय अलि पृथक् रुपमा एनआरएनका अगाडि प्रस्तुत भएको छ । उपप्रधानमन्त्री ओलीले दोहोरो नागरिकता दिन सरकार तयार रहेको जानकारी यस्तो बेला दिएका छन्, जुन समयमा एनआरएनलाई दोहोरो नागरिकता दिने भन्ने विषयमा संसद्मा विधेयक प्रस्तुत गर्ने तयारी भइरहेको छ । सम्बन्धित समितिले यस मामिलामा 'ग्रिन सिग्नल' दिइसकेको छ । तर, उनले नेपालका नागरिक र एनआरएनले पाउने नागरिकताबीच 'केही भिन्नता होला' भनेर उनीहरूलाई केही मौलिक अधिकार प्राप्त हुनेछैन भन्ने संकेत भने प्रस्ट रुपमा दिएका छन्, जुन विषयमा एनआरएनहरू पनि सहमत छन् । भारतमा पनि त्यहाँका गैरआवासीय भारतीय नागरिक (एनआरआई)हरूलाई दोहोरो नागरिकता दिँदा निर्वाचनमा मतदानको अधिकार दिइएको छैन । कृषि लगायत केही संवेदनशील क्षेत्रहरूमा लगानी गर्नबाट पनि वञ्चित गरिएको छ । नेपाल सरकारले पनि धेरै हदसम्म भारतीय दोहोरो नागरिकताका मापदण्डलाई अपनाउने देखिन्छ ।

एनआरएन दिवसमा मुख्य वक्ताका रुपमा निम्त्याइएका संयुक्त राष्ट्रसंघका सहायक महासचिव कुलचन्द्र गौतमले एनआरएनलाई दोहोरो नागरिकता दिनु नेपालको उन्नतिका लागि थप सहयोगी बन्ने धारणा राखेपछि उनीहरूले उठाएको यो विषय थप सशक्त बनेको थियो । आफ्नो चार पेज लामो आफ्नो धारणा प्रस्तुत गर्दै सहायक महासचिव गौतमले भनेका थिए, 'एनआरएनलाई दोहोरो नागरिकता दिँदा नेपालले केही गुमाउँछ भन्ने मलाई लाग्दैन, तर प्राप्त गर्न सक्ने उपलब्धिहरू भने धेरै हुनेछन् ।' अन्तर्राष्ट्रिय अनुभवका आधारमा गौतमको विश्लेषण यस मामिलामा नेपाल सरकारका लागि मार्गदर्शक बन्ने देखिन्छ ।

एनआरएनहरूको चासो विदेशी नागरिक बनिसकेका आफ्ना सन्तान (पिएनओ)लाई पनि नेपाली नागरिकता दिलाउनेमा अरू बढी छ । एनआरएन अन्तर्राष्ट्रिय समन्वय परिषद्का युरोप हेर्ने उपाध्यक्ष राम थापा भन्छन्, 'हाम्रा सन्तानहरू अब वयस्क हुँदै छन् । उनीहरूलाई नेपाली हौं भन्ने अनुभूति गराउन दोहोरो नागरिकता दिनु जरुरी छ ।' युरोप (जर्मनी)मा बसेर राष्ट्रहरूको

अन्तर्राष्ट्रियकरणलाई नजिकबाट नियालिरहेका थापाले काठमाडौंमा भने, 'दुईतीन दशकमा विश्व नै सीमारहित बन्ने अवस्थातर्फ उन्मुख भइरहेको छ। यस्तो अवस्थामा कुनै पनि गैरआवासीय नेपालीलाई दोहोरो नागरिकताबाट रोक्नुको कुनै अर्थ रहँदैन।' सरकारले दोहोरो नागरिकता दिने नीतिगत निर्णय लिइसकेको अवस्थामा उनले एनआरएनको तर्फबाट प्रस्ट पारे, 'हामीले दुवै हातमा लड्डु खोजेका हैनौं। नागरिकता प्राप्तिसँगै देशप्रति निर्वाह गर्नु पर्ने कर्तव्य पनि हामीले बुझेका छौं। कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै अमेरिकाबाट प्रतिनिधित्व गरेका गिरिजा गौतमले 'एक पटकको नेपाली सधैं नेपाली हुने र दोहोरो नागरिकता भावना र यथार्थताबीचको भावनात्मक सम्बन्ध रहने' उल्लेख गरेका थिए। नेपालमा लगानी गरी प्राप्त मुनाफा फिर्ता लैजान पाउनु पर्ने लगायतका विषयमा पनि उनीहरूले चासो देखाउँदै आएका छन्। एनआरएनलाई दोहोरो नागरिकता उपलब्ध गराउने विधेयक संसद्मा प्रवेश गरिसकेको छ र सम्भवतः छिटै पारित हुने आशा राखिएको छ। दोस्रो सम्मेलनमा महत्त्वका साथ उठाइएको दोहोरो नागरिकता कार्यान्वयनमा ल्याउन अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष डा. उपेन्द्र महतोले यस अवधिमा धेरै पटक नेपाल यात्रा गरेका छन्।

यसपटक वैदेशिक रोजगारीमा पुगेका नेपालीको सुरक्षा र क्षमता अभिवृद्धिका विषयमा खास चासो देखाइएको थियो। नेपालको अर्थतन्त्र 'रेमिट्यान्स'ले धानिएको भए पनि विदेशमा नेपाली कामदारले भोगिरहेका समस्या समाधानमा ध्यान पुऱ्याउन


कुलचन्द्र गौतम

आग्रह सरकारलाई आग्रह गरिएको थियो। नेपाली कामदारको संख्या उल्लेख्य रहेको कतारबाट प्रतिनिधित्व गरेका सागर नेपालले त्यहाँको अवस्था जानकारी गराउँदै सरकारसँग आग्रह गरे, 'कम्तीमा दक्ष कामदार वैदेशिक रोजगारीमा पठाउन सके उनीहरूले अहिले भोगिरहेको सास्ती कम हुने थियो। दस घन्टा चर्को घाममा खटिने कामदारले पाँच हजार रुपैयाँ बचत गर्न सक्ने अवस्था छ।' नेपाल भित्रिएको 'रेमिट्यान्स'को जसरी हिसाब गरिएको छ, त्यसैगरी वैदेशिक रोजगारीका लागि पनि सरकारले लगानी गर्नु पर्ने सुझाव उनको छ।

राष्ट्रसंघका सहायक महासचिव गौतमले वैदेशिक रोजगारीका सकारात्मक र नकारात्मक पक्षको चर्चा गर्दै मुलुकको हितका लागि कदम चाल्नु आवश्यक भएको बताए। 'रेमिट्यान्स' नेपालीको 'लाइफलाइन' बनिरहेको, यसले शिक्षा र स्वास्थ्यमा सकारात्मक असर पुऱ्याएको र शिशुहरूको मृत्युदरमा पनि कमी ल्याउन सहयोग पुऱ्याएको चर्चा उनले गरे।

वैदेशिक रोजगारीको आकर्षणले प्रतिभा पलायनको समस्या बढ्न सक्नेतर्फ सचेत बनाउँदै उनले नेपालका लागि अत्यावश्यक जनशक्ति विदेश पलायन हुन सक्नेतर्फ होस पुऱ्याउनु पर्नेमा पनि उत्तिकै जोड दिए। अन्तर्राष्ट्रिय श्रम बजारमा नेपाली कामदारको शोषण, महिलाको बेचबिखन र यौनशोषण जस्ता विकृति पनि बढ्न सक्ने खतरा पनि उनले औंल्याएका थिए। 'वैदेशिक रोजगारी र विप्रेषण' विषयमा कार्यपत्र प्रस्तुत गर्दै विश्व बैंकमा कार्यरत मल्लिका शाक्यले श्रम बेच्न बाध्यात्मक रुपमा विदेशिनु पर्ने नेपालीलाई सरकारले रोक्न सक्नु पर्ने र स्वेच्छिक रुपमा जान चाहनेका लागि सहजकर्ताको भूमिका निर्वाह गर्न आवश्यक भएको बताइन्।

एनआरएन अन्तर्राष्ट्रिय संयोजक भीम उदासले एनआरएनको अन्तर्राष्ट्रिय संजाल फैलिने क्रममा रहेको बताउँदै अहिलेसम्म विश्वका २५ मुलुकमा राष्ट्रिय समन्वय समितहरू गठन भएको जानकारी दिएका छन्। नेपालमा राजनीतिक परिवर्तन भए पनि आर्थिक र सामाजिक युद्ध बाँकी रहेको र त्यो युद्धमा विजय हात पार्न एनआरएनहरू पनि नेपालीसँगै अगाडि बढ्ने उनले बताए।

यसअघि एनआरएनका कार्यक्रमहरूमा लगानीका विषय नै मुख्य रहने गरेकोमा यसपटक यो विषय ओझेलमा परेको छ। दोस्रो सम्मेलनको घोषणाअनुसार नेपालका ७५ वटै जिल्लामा कम्तीमा एक परियोजना पुऱ्याउने, नेपालको विकासका लागि १०० मिलियन डलरको 'नेपाल इन्भेस्टमेन्ट फन्ड' स्थापना गर्ने लगायतका आर्थिक मामिलामा कस्ता प्रगति हासिल भएका छन् भन्ने विषयमा उनीहरू मौन देखिएका छन्। ■





# छिन्नभिन्नको खतरा

■ मदन खरेल/झापा (तस्वीर पनि)

▲ असोज १५ गते शरणार्थी क्याम्पमा भएको आगलागीपछि आफ्नो श्रीसम्पत्ति खोज्दै एक शरणार्थी

**साठी हजार भुटानी शरणार्थीलाई अमेरिका लाने प्रस्तावका कारण शरणार्थीहरूको भुटान फिर्ती आन्दोलन नै छिन्नभिन्न हुने खतरा देखिएको छ ।**

**आफूजस्तै ६०** हजार शरणार्थीलाई अमेरिकाले लैजाने खबर सुन्नेबित्तिक झापा खुदुनावारी शिविरका टेकनाथ रिजाल मक्ख परे । रिजाल मात्र होइन झापा र मोरङमा शिविरहरूमा बस्दै आएका शरणार्थीहरूको प्रतिनिधित्व गर्ने सचिवहरू पनि निकै उत्साहित भएका छन्, अमेरिकी निर्णयपछि ।

शिविरहरूमा बसिरहेका युवा र सचिवहरू आँखा चिम्लेर अमेरिकी निर्णयको स्वागत गरिरहेका छन्, तर भुटानी राजनीतिक दलका नेतालाई भने अमेरिकी कार्डले आफूहरू कमजोर हुने बताउँदै यसलाई भुटान, भारत र अमेरिकाको त्रिकोणात्मक चालवाजीको संज्ञा दिएका छन् । अमेरिकी प्रस्तावका कारण स्वदेश फिर्ती अभियानको आन्दोलन नै छिन्नभिन्न हुने खतरा देखिएको छ ।

अमेरिकी प्रस्तावपछि अधिकांश शरणार्थी तथा युवाहरू एउटा मोर्चामा देखिएका छन् भने नेताहरू स्वदेश फिर्तीको विकल्पका कुनै पनि प्रस्तावमा फस्न नहुने तर्क अघि सारिरहेका छन् ।

शिविरका सचिवहरू अमेरिकी निर्णयलाई स्विकार्दै भुटानी राजनीतिक दलका नेताहरूविरुद्ध सार्वजनिक प्रतिवादमा उत्रिएका छन् । झापामा हालै आयोजित पत्रकार सम्मेलनमा ६ वटा शिविरका सचिवहरूले राजनीतिक दलका नेताले शिविरका छाप्राहरूको दुःख र मर्मलाई प्रतिनिधित्व गर्न नसकेको भन्दै रोष प्रकट गरेका थिए ।

कार्यक्रममा बोल्दै खुदुनावारी क्याम्प सचिव मनोज राईले 'स्वघोषित नेताले चुहिने छाप्राको प्रतिनिधित्व गरेका छैनन्' भन्दै मासिक ५ किलो चामलको भरमा आन्दोलन नचल्ने हुँदा मौकाको फाइदा उठाउनुपर्ने बताए ।

'सर्वमान्य नेता' मानिएका टेकनाथ रिजाल पनि विज्ञप्ति प्रकाशित गरेर शरणार्थीलाई सुनौलो अवसरबाट वञ्चित गर्न प्रयासरत रहेको आरोप राईले लगाए । अन्य शरणार्थीलाई घरजग्गा र नागरिकता नलिन उर्दी जारी गर्ने रिजालले बिर्तामोडमा घरजग्गा खरिद गरेको र श्रीमतीको नेपाली नागरिकता बनाएको आरोप लगाउन समेत राई पछि परेनन् ।

अमेरिका गएर पनि भुटानी आन्दोलनमा सरिक हुन सकिने धारणा शिविरका सचिवहरूको छ । त्यस्तै गोलधाप क्याम्प सचिव रामचन्द्र बास्कोटाले रिजाल लगायतका नेताहरूको प्रचारबाजी भुटानको हितमा नरहेको आरोप लगाए ।

रिजाल मात्र होइन, अन्य नेताहरू पनि युवाहरूको आक्रोशको तारो बनेका छन् । भुटान पिपुल्स पार्टीका नेता बलराम पौडेलप्रति रोष प्रकट गर्दै बास्कोटाले भने, 'आफ्ना नजिकका कार्यकर्तालाई अमेरिका पठाउने तर छाप्राका शरणार्थीलाई रोक लगाउने यो कस्तो दोहोरो चरित्र हो ?'

टिमाई क्याम्पका परशु नेपालले अहिले शरणार्थीलाई सुवर्ण मौका आएको बताउँदै स्वघोषित नेताले रोक्दैमा व्यक्तिगत इच्छा नमेटिने उल्लेख गरे । बेलडाँगी-१ का सचिव डिपी प्रधानले केन्द्रीय नेतृत्व स्वार्थी भएको भन्दै छाप्राको शरणार्थीको बिचल्ली हेर्न उनीहरू आतुर भएको आरोप लगाए । 'शरणार्थीहरू अमेरिका गएरै छाड्नेछन्', उनको कथन थियो ।

तेस्रो मुलुकमा लैजाँदा सम्बन्धित देशको नागरिकता प्रदान गर्नु पर्ने, नागरिकसरह काम गर्नु पाउनु पर्ने, सक्षम नभइन्जेल सहयोग पाउनुपर्नेमा भने शरणार्थीहरू एकमत देखिएका छन् । सन १९९० को दशकको प्रारम्भमा भुटानबाट लखेटिएका शरणार्थीहरूको १६ वर्ष बितिसक्दा पनि समस्या ज्यूका त्यू रहेको छ । नेपाल र भुटान सरकारबीच सम्पन्न पन्ध्रौं चरणसम्मका द्विपक्षीय वार्ता असफल रहेका थिए । हाल नेपालमा रहेका शरणार्थीहरूमा टिमाईमा १०,२५३ बेलडाँगी-१ मा १८,२००, बेलडाँगी-२ मा २२,२८५, बेलडाँगी-३ मा ११,१४२, गोलधापमा ९,५०० र खुदुनाबारीमा १३,४३६ र शनिश्चरेमा लगभग १६ हजार शरणार्थी रहेका छन् ।

शरणार्थीहरूको आलोचनाका पात्र बनेका नेताहरूले शरणार्थी मामिलामा नेपाल मौन रहेकोले स्थिति बिग्रँदै गएको आरोप लगाएका छन् । नेपाल सरकारको कमजोरीको फाइदा उठाउँदै भुटानलाई खुसी पार्ने उद्देश्यले अमेरिकाले ५०-६० हजार शरणार्थीलाई अमेरिका लैजाने निर्णय गरेको आरोप नेताहरूको छ । भुटानी मानवअधिकारवादी नेता एसबी सुब्बा भन्छन्, 'शरणार्थीलाई स्वदेश फर्काउने विषयको प्राथमिकता छोडेर भुटान सरकार हामीलाई तेस्रो मुलुकमा लखेट्न लबिङ गर्दै छ ।'

भुटान पिपुल्स पार्टीका नेता बलराम पौडेलले अमेरिकी कार्ड फालेर संयुक्त राष्ट्रसंघले शरणार्थीलाई नागरिकताविहीन बनाउन खोजेको आरोप लगाएका छन् । उनले तेस्रो मुलुकमा स्थान्तरणको प्रक्रियाबारे नेपालसँग कुनै प्रस्तावसमेत नराखी विभिन्न चालवाजी गरिएको दाबी समेत गरेका छन् । भुटान गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका डिबी रानाले अमेरिकाले शरणार्थीलाई फेरि शरणार्थी बनाउने होइन भन्दै स्वदेश फर्काउन पहल गर्न सुझाव दिएका छन् । ■

# शरणार्थीको संशय



▲ चिन्तामा बसुन्धराका आफन्तजन

जुन बेला जेनेभामा अमेरिकी सहायक मन्त्री इलेन साउरब्रेले ६० हजार भुटानी शरणार्थीलाई आफ्नो देश लैजान सकिने घोषणा गर्दै थिइन्, त्यसबेला १५ वर्षीया वसुन्धरा कालिकोटे फोनमा हजुरआमासँग राम्ररी बोल्न पनि सकिरहेकी थिइनन्, पीडाले धेरैबेर गला अवरुद्ध भइरह्यो।

मोरङको शनिश्चरे शिविरमा बस्दै आएकी वसुन्धरा कालिकोटे र उनका दुई बहिनी १२ वर्षीया भद्री र ११ वर्षीया गंगालाई 'भल्नरेबल चिल्ड्रेन'को रुपमा तेस्रो मुलुक लैजान काठमाडौं पुऱ्याइएको थियो। महिना दिनदेखि काठमाडौंको एउटा होटलमा राखिएका कालिकोटे दिदीबहिनीलाई न तेस्रो मुलुक लगिएको छ, न यति दिनभित्र लाने भनी आश्वासन नै दिइएको छ।

अन्योल र अनिश्चितताले सताएपछि वसुन्धराले शनिश्चरे शिविरको सार्वजनिक टेलिफोनमा फोन गरी हजुरआमा मनमाया कालिकोटेसँग बिलौना गर्न चाहेकी थिइन्, तर पीडाले अवरुद्ध गला खुल्दै खुलेन। 'वसुन्धरा बोल्नै सकिनन्, पछि आफैं फोन काटियो', मनमाया भन्छिन्, 'नातिनीहरूको चिन्ताले दसैं पनि खल्लो भयो।'

वसुन्धराकी आमाको गत वर्ष भदौमा निधन भएको थियो। उनका बाबा मणिलाल कालिकोटे भुटानको दागापेला जिल्लामै बस्छन्। आमाको निधनपछि वसुन्धरा नै आफ्ना दुई बहिनीको अभिभावक बनेकी थिइन्। उनकी हजुरआमा शनिश्चरे शिविरमै भए पनि अर्कै छाप्रोमा बस्दै आएकी छन्।

यसैले संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायोग (युएनएचसिआर)ले निर्धारण गरेको 'भल्नरेबल ग्रुप'मा वसुन्धरा र उनका दुई बहिनी परेका थिए। अमेरिकाले नेपालमा शरणागत एक लाखभन्दा बढी भुटानीमध्ये करिब ६० हजारलाई आश्रय दिने घोषणा गर्नुअघि नै वसुन्धरा, भद्री र गंगासहित तेह्रजनालाई तेस्रो मुलुकमा बसोवास गराउने प्रक्रिया सुरु भएको थियो।

तर, काठमाडौंमै कालिकोटे दिदीबहिनी अलपत्र पर्नुले तेस्रो मुलुकमा बसोवास सुरु गर्नु दातृ संस्थाहरूले भनेको र सोझा शरणार्थीहरूले सोचेको जस्तो सजिलो नरहेको देखाउँछ। वसुन्धराको दुर्दशा सुन्ने शनिश्चरे शिविरका शरणार्थीहरू अमेरिका वा अन्य कुनै तेस्रो देशमा पुगेर आफूहरू झन् बढी संकटग्रस्त जीवन बाँच्न बाध्य हुनुपर्ने पो हो कि भन्ने शंका गर्छन्।

शनिश्चरे शिविरका पूर्ण तामाङ भन्छन्, 'यहाँ दुःख पाए भनेर उता लगिएला, तर उता झन् बढी दुःख पाइयो भने के गर्ने?' पूर्णको पनि आफ्नै व्यथा छ। पूर्णबाट अलग भई छुट्टै 'हट'मा बस्दै आएकी उनकी छोरी २२ वर्षीया मीना तामाङलाई पनि तेस्रो मुलुक लैजान काठमाडौं पुऱ्याएको हल्ला शनिश्चरे शिविरमा फैलिएको छ। तर, पूर्णले त्यसको आधिकारिक जानकारी पाएका छैनन्।

अप्ठेरोमा परेका १३ भुटानी शरणार्थीलाई 'नमुना'को रुपमा तेस्रो मुलुकमा बसोवास गराउने प्रक्रियाको सकारात्मक नतिजा आइनसकेको अवस्थामा अमेरिकाको घोषणा र त्यसको पक्षमा संयुक्त राष्ट्रसंघीय उच्चायोगको अभिव्यक्ति सार्वजनिक हुँदा शरणार्थीहरू अन्योल र संशयको सिकार बन्न पुगेका छन्। अमेरिकी घोषणापछि शरणार्थी नेताहरू नै स्पष्टसँग दुई ध्रुवमा विभाजित बन्न पुगेका छन्। केही शरणार्थी नेताहरू अमेरिकी घोषणाले भुटान नरेशलाई थप ल्होत्साम्पा (नेपाली मूलका भुटानी)लाई लखेट्न प्रेरित गरेको बताउँछन्। तर, केही नेताहरू भने घोषणाको स्वागत गर्न अघि सरेका छन्। असोज २३ गते बिर्तामोडमा आयोजित एक अन्तर्क्रियामा झापा र मोरङका सातवटा शिविरमध्ये ६ वटाका सचिवहरूले अमेरिकी घोषणाको स्वागत गरे।

अमेरिकी घोषणाको सन्दर्भमा भुटानी शरणार्थीका सर्वमान्य नेता टेकनाथ रिजालको प्रतिक्रिया पनि अडानयुक्त छैन। रिजालले अमेरिकी घोषणाले भुटानका राजाको निरंकुशतालाई अनुमोदन गरेको अभिव्यक्ति त दिए, तर त्यसलाई 'मानवीय सहयोगको भावना'मा आधारित भन्दै स्वागत पनि गरे।

संयुक्त राष्ट्रसंघीय उच्चायोग (युएनएचसिआर)ले विश्व शरणार्थी दिवसको अवसर पारेर २०६१, असार ६ गते तीन विकल्पको प्रस्ताव अघि सार्नासाथ तेस्रो मुलुकमा बसोवास गर्ने मुद्दामा भुटानी शरणार्थीबीच ध्रुवीकरण सुरु भएको थियो। तीनवटा विकल्पको पहिलो बुँदामै तेस्रो मुलुकमा पुनःस्थापना भन्ने थियो, जसको पक्षमा केही शरणार्थीले हस्ताक्षर अभियान नै चलाएका थिए।

त्यसअघि नै नौजना शरणार्थीले राष्ट्रसंघीय उच्चायोगलाई पत्र लेख्दै आफूहरूलाई तेस्रो मुलुकमा लैजान आग्रह गरेका थिए। डा. भम्पा राई लगायतका शरणार्थी नेताले त्यतिबेलै 'तेस्रो मुलुकमा बसोवास' आफ्नो माग नै नरहेको प्रतिक्रिया दिएका थिए। जसले भुटानी शरणार्थीबीच विभाजन रेखा कोरिएको संकेत दिएको थियो।

■ **ओमआस्था राई/शनिश्चरे (मोरङ)**


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*

पशुपति क्षेत्र विकास कोषको मूल द्वारमा ताला लागेपछि द्वार चढेर आफ्नो विद्यालयतर्फ लाग्दै गरेका वेदविद्याश्रमका छात्रहरू




# अझै खुलेन ताला

■ नवीन अर्याल/काठमाडौं

**तालाबन्दीका कारण पशुपति विकास कोषका कुनै पनि कर्मचारी काममा जान सकेका छैनन् भने कोषलाई दैनिक डेढ लाख रुपैयाँ घाटा लागेको छ ।**

**पशुपतिनाथ समस्त** हिन्दुहरूको आराध्य देव मानिन्छन् । यति हुँदाहुँदै पनि यसपालिको दसैं यो मन्दिरको विकास र विस्तारमा लामो समयदेखि क्रियाशील सम्पूर्ण कर्मचारीहरूको लागि सबैभन्दा दुःखद क्षण बन्यो । कारण थियो- पशुपति विकास कोषमा गत दुई महिनादेखि जारी आन्दोलन निष्कर्षविहीन अवस्थामा पुग्नु र एक महिनादेखि कोषको मूलद्वारमा लागेको ताला खोल्ने सम्बन्धमा पर्यटन तथा संस्कृति मन्त्रालय उदासीन बन्नु ।

माओवादी द्वन्द्व समाधान उन्मुख भइरहेको पृष्ठभूमिमा अरू आम नेपाली सरह यसपल्ट कोषका कर्मचारीहरूले पनि दसैं उत्साहका साथ मनाउने योजना बुनेका थिए । तर, कोषमा जारी संघर्षका कारण उनीहरूले उत्साहसाथ दसैं मनाउन पाएनन् ।

कोषमा कार्यरत पीडित कर्मचारीहरूले साउन ५ गते लामो समयदेखि करारमा कार्यरत कर्मचारी स्थायी गर्नु पर्ने तथा माघ १९ को घटनाअघि र पछि विभिन्न बहानामा हटाइएका पीडित कर्मचारी बहाली गर्नु पर्ने माग राख्दै आन्दोलन सुरु गरेका थिए । उनीहरूले आफ्नो मागप्रति मन्त्रालय तथा कोष दुवै उदासीन भएको ठहर गर्दै साउन १४ गते पुरानो मागलाई परिमार्जित गर्ने क्रममा संघर्ष समिति गठन गरेर तीन दिनको अल्टिमेटमसहित ६ सूत्रीय मागपत्र बुझाएका थिए । यसको सुनुवाइ नभएपछि साउन १९ गते कोषको मूलद्वारमा तालाबन्दी गरिएको थियो । पछि पीडित कर्मचारीहरूको मागको विषयमा वार्ता गर्न मन्त्रालयले सहसचिव शारदाप्रसाद धितालला‌ई खटाएपछि संस्कृति, संरक्षण तथा प्रवर्द्धन महाशाखा प्रमुख जलकृष्ण श्रेष्ठको संयोजकत्वमा सात सदस्यीय सुझाव समिति गठन गर्ने निर्णय गर्दै कोषको मूलद्वारमा लागेको ताला केही समयका लागि खुलेको थियो । तर, सुझाव समितिले भदौ २ गते नै दुई पानाको सातबुँदे प्रतिवेदन बुझाउँदा पनि प्रतिवेदनको कागज पढ्न बाँकी रहेको भन्दै मन्त्रालयले आलटाल गरेपछि लामो समयदेखि आन्दोलनमा सक्रिय भएर संघर्षमा उत्रिएका पीडित कर्मचारी संघर्ष समितिले माओवादी निकट अखिल नेपाल ट्रेड युनियनसँग आबद्ध भएर पशुपति क्षेत्र





▲ धर्नामा पशुपति क्षेत्र विकास कोषका पूर्व कर्मचारीहरू

विकास कोष, मूल एकाइ समिति गठन गर्दै भदौ २६ गते कोषको मूलद्वारमा पुनः तालाबन्दी गर्ने निर्णय गरेको थियो, जुन अहिलेसम्म यथावत् छ। तालाबन्दीका कारण कोषका कुनै पनि कर्मचारी काममा जान सकेका छैनन् भने कोषलाई दैनिक डेढ लाख रुपैयाँ घाटा लागेको मुख्य लेखा अधिकृत हेमन्त घिमिरे बताउँछन्। 'हामीले यो आर्थिक वर्ष दुई करोड उठाउने लक्ष्य लिएका थियौं, तर यो घटनाले सबै काम ठप्प भएको छ', उनले भने। आन्दोलनरत कर्मचारीहरूको मागप्रति मन्त्रालयले साँधेको मौनताका कारण अझै लामो समय कोषमा काम नहुने देखिन्छ भने न्यायका नाममा अखिल नेपाल ट्रेड युनियनको संलग्नताले यो घटनालाई थप पेचिलो बनाउँदै लगिरहेको छ।

'हाम्रो मागप्रति मन्त्रालय उदासीन बनेका कारण कोषको मूलद्वारमा ताला मार्ने निर्णय गरेका हौं', आफ्ना माग पूरा नहुन्जेल कोषको ताला नखोल्ने अडान राख्दै पशुपति क्षेत्र विकास कोष, पीडित कर्मचारी परिवारका संयोजक रेवतीरमण अधिकारी बताउँछन्। पीडित कर्मचारीहरूको माग कार्यान्वयन गराउने विषयमा बनेको सातसदस्यीय सुझाव समितिको सदस्यमा पनि बसेर काम गरेका अधिकारी आफ्ना माग लिएर वार्ताका लागि तीन पटकसम्म पर्यटन तथा संस्कृति मन्त्री प्रदीप ज्ञावलीलाई भेट्न गएको तर मन्त्रीबाट काम होइन, आश्वासन मात्र पाएको तितो अनुभव सुनाउँछन्। 'अन्तिम पल्ट दसैंअगाडि असोज ८ गते मन्त्रीलाई भेट्दा १० गतेसम्म कामबाट निकालिएकालाई बहाल गर्ने र सबैलाई तलब ख्वाउने वातावरण मिलाउने वचन दिनुभएको थियो। तर, यतिका दिन बितिसक्दा पनि उहाँले केही गर्न सक्नु भएको छैन', अब उप्रान्त मन्त्रीलाई नभेट्ने र अझै संघर्षका कडा कार्यक्रम सार्वजनिक गर्ने बताउँदै कोषको योजना महाशाखाको ओभरसियर पदमा पनि कार्यरत अधिकारी भन्छन्।

कोषमा यसअघि रहेका विभेदपूर्ण कर्मचारी नियमावली खारेज हुनु पर्नेजस्ता माग राख्दै आन्दोलनरत पीडित कर्मचारीमध्ये कार्यरत १ सय ४६ र निष्कासित ६५ गरी कुल २ सय ११ आन्दोलनमा होमिएका छन्। हाल कोषमा कार्यरत १ सय ४६ कर्मचारीहरूमध्ये ८१ जना स्थायी छन्। करार र ज्यालादारीमा काम गर्दै आइरहेका ५५ कर्मचारीलाई शाही सरकारको पालामा २०६२ साल जेठमा कामबाट निकालिएको थियो। करिब ५ वर्षदेखि १५ वर्षसम्म काममा लागेका यी कर्मचारीहरू जवानीका दिनहरूमा आफूलाई काममा घोटाएर अहिले बुढेसकालमा कामबाट निकालिएकोमा आक्रोशित देखिएका छन्। 'त्यति बेला ३ महिनाको तलब बुझ, त्यसपछि हामी स्थायी गर्छौं भनेर झुकाएर जागिरबाट निकालियो', १५ वर्ष काम गरेर गत वर्ष जागिर गुमाएकी दीर्घकुमारी पौडेल भन्छिन्, 'हामी त अनपढ थियौं। हाकिमहरूको कुरामा विश्वास गर्‍यौं, तर १५ वर्ष आफ्नो जवानी यहाँको फोहर उठाउँदै गुमाएका हामीलाई यति ठूलो अन्तर्घात हुन्छ भन्ने लागेको थिएन।'

कोषमा कार्यरत अन्य पदाधिकारीहरू पीडित कर्मचारीहरूको मागको विषयमा आफूले सहयोग नगरेको विषयलाई ठाडै अस्वीकार गर्छन्। उनीहरू पनि मन्त्रालयको ढिलासुस्तीका कारण नै यो घटना झन् लम्बिँदै गएको स्विकार्छन्। 'कर्मचारीको माग पूरा गर्ने अधिकार हामीलाई छैन। अहिले कोषले पूर्णता नपाइसकेको अवस्थामा काम गर्न कठिनाइ परिरहेको छ', कोषका निमित्त कार्यकारी प्रमुख श्यामशेखर झा बताउँछन्। सुझाव समितिका संयोजक जलकृष्ण श्रेष्ठ पनि सुझाव प्रतिवेदन बुझाएको लामो समय बितिसक्दा सुझाव कार्यान्वयन नभएकोमा अचम्भित भएका छन्। 'यो राजनीतिक निर्णय भएकोले मन्त्रीबाहेक अरूले निर्णय गर्न सक्दैन', उनले *समय*सँग भने। कोषको पुरानो ऐन संशोधन भएर सार्वजनिक हुने अवस्थामा रहेको बताउँदै उनले भने, 'कोषको बोर्ड गठन नभएका कारण पनि केही अलमल भएको हुनु पर्छ।'

लोकतन्त्र बहालीअघि पशुपति विकास कोषको संरक्षक राजा र अध्यक्ष रानी हुने परिपाटी चल्दै आएको थियो भने हालको लोकतान्त्रिक सरकारले कोषमा दरबारको संलग्नता हटाएर नयाँ ऐन सार्वजनिक गर्न लागेको पृष्ठभूमिमा मन्त्रालयको ढिलासुस्तीले आम नेपालीलाई सोच्न बाध्य बनाएको छ- 'के पशुपति विकास कोष राजपरिवारको संरक्षकत्वमा मात्र अस्तित्वमा रहन सक्छ ?' ■



वार्तापछि पत्रकार सम्मेलनमा वार्ता टोलीका सदस्यहरू

भास्कर ओझा

# मुख्य विवाद कायमै

सत्तारूढ सात दल र माओवादी संविधानसभा निर्वाचन गर्ने समयबारे सहमत भए पनि प्रमुख विवादित मुद्दाहरूमा सहमति बन्न नसकेका कारण संविधानसभा निर्वाचनबारेको अनिश्चय अझै समाप्त भएको छैन ।

■ सुवास देवकोटा/काठमाडौं



**सत्तारुढ सात दल** र माओवादीका शीर्षस्थ नेताहरूको बहुप्रतीक्षित बैठकले आउँदो वैशाख-जेठमा संविधानसभा निर्वाचन गर्ने सहमति गरे पनि त्यसबेला नै संविधानसभा निर्वाचन हुनेमा विश्वस्त हुने आधार अझै बनेको छैन। असोज २४ र २६ गते भएको शीर्षस्थ नेताहरूको औपचारिक बैठक र त्यसअघि तथा पछिका अन्य अनौपचारिक बैठकहरूले अन्तरिम संविधान, अन्तरिम विधायिका, अन्तरिम सरकार, राजतन्त्रको स्थान र हतियार व्यवस्थापन लगायत महत्त्वपूर्ण मुद्दामा सहमति बनाउन सकेनन्। सात दल तथा माओवादी नेताहरू चार महिनाअघि जस्तै हतियार व्यवस्थापन र राजतन्त्रको स्थान तय गर्ने लगायतका विवादित मुद्दाहरूमै अझै घुमिरहेका छन्। असोज २५ गते यो समाचार तयार पार्दासम्म सात दल र माओवादीबीच भएका औपचारिक तथा अनौपचारिक बैठकहरूले आगामी वैशाख-जेठमा संविधानसभा निर्वाचन गर्ने सैद्धान्तिक सहमति तथा निर्वाचनको गृहकार्य गर्न असोज महिनामै निर्वाचन आयोगलाई पूर्णता दिने सहमति मात्र गरेका छन्।

शीर्षस्थ नेताहरूको बहुप्रतीक्षित बैठक असफल भएको सन्देश प्रवाह हुन नदिन संविधानसभाको निर्वाचन आगामी वैशाख-जेठमै हुने घोषणा गरिए पनि निर्वाचनको मिति अन्तरिम सरकारले तोक्ने बताइएको छ। तर, माओवादीसमेत सम्मिलित हुने अन्तरिम सरकार गठनको बाटोबारे नै सात दल र माओवादीमा मतैक्य भएको छैन। त्यति मात्र होइन, अन्तरिम सरकार गठनका निम्ति अनिवार्य हुने अन्तरिम विधानमा सात दल र माओवादीबीच विवाद कायमै छ। यद्यपि, शीर्षस्थ नेताहरूको बैठकमा सहभागी एमाले स्थायी समिति सदस्य झलनाथ खनाल संविधानसभा निर्वाचनको मिति तोकिनु कम महत्त्वको कुरा नभएको विचार राख्छन्। 'निर्वाचनको समयसीमामा दुवै पक्ष सहमतिमा पुग्नुले संविधानसभाविरुद्धको षड्यन्त्रलाई कमजोर बनाएको छ', खनाल भन्छन्।

सात दल र माओवादी नेताहरूले वार्ता सकारात्मक दिशामा अघि बढिरहेको र सहमतिमा पुग्न लागेको बताए पनि विवादका प्रमुख विषय हतियार व्यवस्थापन र राजतन्त्रको स्थानबारे दुवै पक्ष पुरानो अडानबाट टसमस भएका छैनन्। सत्तारुढ सात दलमध्ये नेपाली कांग्रेस र प्रजातान्त्रिक कांग्रेस माओवादी सेनालाई हतियारबाट अलग्याउनु अनिवार्य मान्छन् भने एमाले लगायत वामपन्थी दलहरू राजतन्त्रको स्थान लगायत अन्य मुद्दामा सहमति बने माओवादीले संयुक्त राष्ट्रसंघको निगरानीमा हतियार 'लकअप'मा राख्न तयार हुने विश्वासमा छन्। यद्यपि, गैरकांग्रेस दलहरू पनि स्वच्छ र निष्पक्ष संविधानसभा निर्वाचनका निम्ति माओवादीको हतियार व्यवस्थापनलाई अनिवार्य सर्त बताइरहेका छन्।

सात दलका शीर्षस्थ नेताहरूको बैठकमा माओवादी अध्यक्ष प्रचण्डले राजतन्त्रविरुद्ध सत्तारुढ सात दल संयुक्त गणतान्त्रिक मोर्चा बनाउन तयार भए आफ्ना सबै हतियार संयुक्त राष्ट्रसंघको निगरानीमा राख्ने उल्लेख गरेपछि गैरकांग्रेस दलहरू माओवादीले हतियार त्यागेनमा विश्वस्त बनेका हुन्। शीर्षस्थ नेताहरूको बैठकमा सहभागी जनमोर्चा नेता लीलामणि पोखेलका अनुसार प्रचण्डको उक्त भनाइपछि राजनीतिक समस्या समाधान भए हतियार व्यवस्थापनसम्बन्धी सहमतिमा माओवादी बाधक नहुने स्पष्ट भएको छ। 'राजतन्त्रको भविष्यबारे नेपाली कांग्रेसको धारणा नै अहिले सहमतिका लागि बाधक बनेको छ', पोखेलको भनाइ छ।

राजतन्त्रबारे विवाद संविधानसभा निर्वाचनसँगै जनमत संग्रह गरेर टुंग्याउने वा संविधानसभाले नै निर्णय गर्नेबारे पनि कांग्रेस र गैरकांग्रेस दलहरूबीच विवाद देखिएको छ। संविधानसभासँगै जनमत संग्रह गर्ने प्रस्ताव ल्याएको एमालेकै महासचिव माधवकुमार नेपालले असोज २४ को शीर्षस्थ नेताहरूको बैठकमा संविधानसभाको पहिलो बैठकले राजतन्त्रबारे निर्णय गरे पनि स्वीकार्य हुने प्रस्ताव ल्याएपछि सहमति हुने नाटकीय अवस्था सिर्जना भएको थियो। तर, एमालेले भोलिपल्टै स्थायी समितिको बैठकबाट जनमत संग्रहको अडान दोहोऱ्याएपछि उक्त मुद्दा पुनः विवादास्पद बन्न पुगेको छ। माओवादीले जनमत संग्रहमा सहमति बने आफूसँगको भएका हतियारको केही प्रतिशत सेनाबाट छुट्याउने, तर नेपाली सेनाका पनि निश्चित प्रतिशत हतियार संयुक्त राष्ट्रसंघको निगरानीमा राख्नुपर्ने बताएको छ। तर, माओवादीसँग कति र कस्ता हतियार छन् भन्ने यकिन तथा आधिकारिक तथ्यांक नहुँदा माओवादीको भनाइलाई विश्वास गर्ने आधार छैन भने माओवादीको उक्त सर्तले राजनीतिक दल तथा अन्तर्राष्ट्रिय समुदायले भने जस्तो फेरि हतियार नउठ्ने तथा निर्वाचनमा हतियारले प्रभाव नपार्ने सुनिश्चितता पनि नहुने गैर-माओवादीहरू बताउँछन्।

यद्यपि, एमाले र माओवादी सहित साना दलहरू जनआन्दोलनको भावनाअनुसार लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न जनमत संग्रह अत्यावश्यक मानिरहेका छन्, साथै नेपाली कांगेस सभापति तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले शीर्षस्थ नेताहरूको बैठकमा जनमत संग्रहलाई स्विकार्दा राजा तत्काल त्यसविरुद्ध सक्रिय हुने तथा रक्तपातको खतरा आउनसक्ने अडान राखेको बताइन्छ। नेपाली कांग्रेसका केन्द्रीय सदस्य शेखर कोइराला भन्छन्, 'राजतन्त्र बचाउने पक्षमा नेपाली कांग्रेस छैन, तर अन्य दलहरूले पनि मुलुकको यो संवेदनशील अवस्था विचार गर्नुपर्छ र जनमत संग्रहबारे आफ्नो अडान छाड्नुपर्छ।'

तर माओवादी नेताहरू राजतन्त्र कायम राखे सरकार र सात दलसँग सहमति नबन्ने आफ्नो अडान दोहोऱ्याइरहेका छन्। 'सामन्तवादको अन्त्य नभई दस वर्ष लामो जनयुद्ध र १९ दिने जनआन्दोलनलाई तार्किक निष्कर्षमा पुऱ्याउन सकिँदैन। सामन्तवादको अन्त्य भनेको राजतन्त्रको अन्त्य हो तथा सेनाको पुनर्संरचना पनि गर्नु हो', शीर्षस्थ नेताहरूको बैठकमा सहभागी माओवादीका वरिष्ठ नेता डा. बाबुराम भट्टराई भन्छन्, 'राजालाई अन्तरिम संविधानमै निलम्बित वा वञ्चित गरेर मात्र पुग्दैन, उनको सम्पत्ति पनि राष्ट्रियकरण गर्नुपर्छ।' सरकार र सात दलसँगको वार्तामा कडा अडान राखे पनि वार्तालाई निरन्तरता दिने कुरा भने माओवादी नेताहरूले दोहोऱ्याउन छाडेका छैनन्।

## अनुत्तरित प्रश्नहरू

सात दल र माओवादीबीच असार २ गते भएको आठबुँदे सहमतिपछि पनि अन्तरिम संविधान, अन्तरिम विधायिका र अन्तरिम सरकारबारे टुंगो लाग्न सकेको छैन भने हतियार व्यवस्थापनका लागि सरकार र माओवादीले राष्ट्रसंघलाई पठाएको एकै व्यहोराको पाँचबुँदे सहमति पत्र कार्यान्वयन गर्ने पहल पनि सरकार



र माओवादीले गरेका छैनन्। माओवादीले त सात दल र सरकारसँग राजनीतिक सहमति बन्न नसके राष्ट्रसंघलाई पठाएको पाँचबुँदे पत्रप्रति पनि प्रतिबद्ध नरहने बताएको छ। सरकार र माओवादीको संयुक्त व्यहोराको पत्रकै आधारमा इयान मार्टिनको नेतृत्वमा हतियार व्यवस्थापन र निर्वाचनसम्बन्धी विज्ञसहितको टोली नेपाल आइसकेको छ। तर, टोलीलाई दिइने अधिकारबारे सरकार र माओवादीबीच थप सहमति नबनेकाले उक्त टोलीले अझै काम अघि बढाउन सकेको छैन।

सरकार, सात दल र माओवादी शान्ति वार्तालाई तार्किक निष्कर्षमा पुर्‍याउन गम्भीर नदेखिए पनि चालू शान्तिवार्ताप्रति अन्तर्राष्ट्रिय आशा भने कायमै छ। असोज २५ गते नै राष्ट्रसंघका सहायक महासचिव कुलचन्द्र गौतमले गैरआवासीय नेपालीहरूको राजधानीमा भएको कार्यक्रममा चालू शान्ति वार्ताले 'हतियार व्यवस्थापन, अन्तरिम संविधान, अन्तरिम सरकार, राष्ट्रिय एकता, संविधानसभाको स्वतन्त्र र निष्पक्ष निर्वाचन, प्रगतिशील बहुदलीय प्रजातन्त्र, मानवअधिकारको सुनिश्चितता तथा जनतालाई सुरक्षाको अनिवार्य प्रत्याभूति गर्ने'मा विश्वस्त रहेको बताएका छन्। यस्तै नेपालस्थित कूटनीतिज्ञहरूले पनि चालू शान्ति वार्ता सफल हुने विश्वास सार्वजनिक गरिरहेका छन्।

यद्यपि, सरकार, सात दल र माओवादी सतही सहमतिका लागि मात्र हतारिएको देखिएको छ। सात दल र माओवादीको असार २ गतेको आठबुँदे सहमति र त्यसअघि सरकार र माओवादीबीच भएको २५ बुँदे आचारसंहिता अलपत्र पर्नुले पनि त्यही पुष्टि हुन्छ। सरकार, सात दल र माओवादी सहमति कार्यान्वयनका लागि कुनै भरपर्दो संयन्त्र बनाउने पक्षमा पनि देखिएका छैनन्। द्वन्द्व विशेषज्ञ पूर्णकान्त अधिकारीका अनुसार सात दल र माओवादी वार्तामा सहमतिमुखीभन्दा अडानमुखी देखिएकाले पनि सहज समाधान सम्भव देखिँदैन। 'प्रधानमन्त्री र माओवादी अध्यक्षबीचका सहमति कार्यान्वयन गर्ने संयन्त्र नबन्नुले पनि समस्या देखिएको छ', अधिकारीको भनाइ छ। आचारसंहिता अनुगमन लगायत बनेकै संयन्त्रहरूको पनि वैधानिकताको समस्या वार्तामा भएका सहमति कार्यान्वयनका निम्ति चुनौती बनेको छ।

**सात दल र माओवादीको असार २ गतेको आठबुँदे सहमति र त्यसअघि सरकार र माओवादीबीच भएको २५ बुँदे आचारसंहिता अलपत्र पर्नुले पनि त्यही पुष्टि हुन्छ। सरकार, सात दल र माओवादी सहमति कार्यान्वयनका लागि कुनै भरपर्दो संयन्त्र बनाउने पक्षमा पनि देखिएका छैनन्।**

सरकार र माओवादीबीच युद्धविराम तथा शान्ति सम्झौता नहुनुले पनि चालू शान्ति वार्ताप्रति गरिएको शंका पुष्टि हुन्छ। सरकार र माओवादीका फरक फरक वक्तव्यका आधारमा मात्र अहिले युद्धविराम कायम छ। युद्धविराम तथा शान्ति सम्झौता र मानवअधिकार सम्झौताका निम्ति सरकार र सात दलले माओवादीलाई आग्रह गरे पनि राजनीतिक सहमतिविना अन्य सहमति गर्नुको कुनै अर्थ नरहने उल्लेख गरेर माओवादीले ती सम्झौता गर्न अस्वीकार गर्दै आएको छ।

## अन्तर्राष्ट्रिय चासो

आम मानिसको दबाबका कारण निर्णायक वार्ता र छिटै सहमतिका निम्ति सात दल र माओवादी बाध्य बने पनि सजिलै सहमति बन्नेमा विश्वास गर्न कोही तयार छैनन्। अमेरिका हतियार सहितको माओवादीलाई अन्तरिम सरकारमा लान नहुने अडानमा कायम छ भने भारत पनि माओवादीले हतियार नत्यागेसम्म उसलाई अन्तरिम सरकारमा लान नहुने पक्षमा अझ प्रखररुपमा उत्रेको छ। यसैगरी अमेरिका र भारत लगायत अन्तर्राष्ट्रिय शक्ति राष्ट्रहरू माओवादीबाट २५ बुँदे आचारसंहिता पालना नभएको र चन्दा, अपहरण लगायतका गतिविधि कायम रहेकोमा चिन्तित छन्। यद्यपि, अहिले पनि माओवादीप्रति भारत अमेरिकाभन्दा नरम रहेको विज्ञहरू बताउँछन्। तर, जाली पासपोर्ट काण्डमा भारतको चेन्नईमा बन्दी जीवन बिताइरहेका माओवादीका वरिष्ठ नेता सिपी गजुरेल 'गौरव'लाई राजनीतिक अभियोगमा मुद्दा चलाउन पश्चिमबंगाल लगिनुले माओवादीप्रति भारतको पछिल्लो धारणालाई संकेत गर्छ। माओवादीका अर्का वरिष्ठ नेता मोहन वैद्य 'किरण' पश्चिमबंगालकै सिलिगुडीमा बन्दी जीवन बिताइरहेका छन्।

भारत माओवादीप्रति आक्रोशित हुनुमा नेपाल र भारतबीच हुने भनिएको सुपुर्दगी सन्धिप्रति माओवादीको नकारात्मक दृष्टिकोण प्रमुख कारण रहेको विज्ञहरू बताउँछन्। सुपुर्दगी सन्धिका लागि गत साता भारतको राजधानी दिल्ली जान लागेका गृहमन्त्री कृष्णप्रसाद सिटौलाको भारतयात्रा माओवादी अध्यक्ष प्रचण्डकै सल्लाहअनुसार रोकिएको समाचार सार्वजनिक भएको थियो। सात राजनीतिक दलसँग गत मंसिरमा भारतको राजधानी दिल्लीमा भएको बाह्रबुँदे समझदारीका निम्ति भारतको सकारात्मक भूमिका रहेको माओवादीका वरिष्ठ नेता डा. बाबुराम भट्टराईले नै स्विकारेका बेला भारत र माओवादीबीच बढेको चिसोपनले माओवादी चिन्तित बनेको स्रोतहरू दाबी गर्छन्। यसैगरी माओवादीबाट फुटेको जयकृष्ण गोइतको तराई मुक्ति मोर्चालाई भारत सरकारको सहयोग रहेको धारणा माओवादीका केही नेताहरूले बनाएका कारण पनि भारत र माओवादीबीच सम्बन्ध चिसिनुको अर्को कारण मानिन्छ। त्यसो त, भारतसँग यसअघि पनि माओवादीको सम्बन्ध जटिलताबीच गुज्रँदैआएको थियो। गत वर्ष बाबुराम पार्टी कारबाहीमा रहेका बेला माओवादीले भारतविरुद्ध सुरुङ युद्ध गर्ने घोषणा गरेको थियो। यसैबीच झापा लगायत सीमावर्ती क्षेत्रमा माओवादी सेनाले गस्ती बढाएकाले भारत र माओवादीबीचको सम्बन्ध अरू कटु बन्ने सम्भावना देखिएको छ भने माओवादीको उक्त गतिविधिले चालू शान्ति वार्तामै समस्या पर्ने आशंका बढेको मान्नेहरू पनि छन्। ■



# समावेशी उपाय

■ प्रा.डा. विद्यावीरसिंह कंसाकार

**रोजगारीको उचित व्यवस्था नगरी न त माओवादीको जनमुक्ति सेनालाई खारेज गर्न सकिन्छ न नेपाली सेनामा कटौती नै गर्न सकिन्छ । पूर्वी टिमोरमा हालसालै भएको सैनिक विद्रोहबाट नेपालले शिक्षा लिनु पर्छ ।**

**आन्तरिक सशस्त्र** द्वन्द्वमा सरकार र विद्रोही पक्षबीच सम्झौता हुँदा संसारभरि नै सेना र हतियारको व्यवस्थापन नै प्रमुख र जटिल समस्या हुने गरेको छ । यसको निराकरण एउटा उपाय विद्रोही पक्षको सेनालाई राष्ट्रिय सेनामा समावेश गर्नु पनि हो । हालै अंगोलामा भएको आन्तरिक सशस्त्र द्वन्द्वमा सरकारी र विद्रोही पक्षबीच सम्झौता हुँदा यही प्रक्रिया अपनाइएको थियो ।

नेपालको सन्दर्भमा २००७ सालको राणा सरकार र नेपाली कांग्रेसको बीचमा भारत सरकारको पहलमा दिल्लीमा शान्ति सम्झौता भएको थियो, जसले गर्दा द्वन्द्वरत राणा सरकार र नेपाली कांग्रेसका सैनिकहरूको बीचमा हुनसक्ने व्यापक रक्तपात तथा धनजनको नोक्सानीबाट जोगिएको यथार्थ हाम्रा सामु छ । हालै भएको शान्ति र युद्धविराममा पनि भारतको भूमिकाको यथार्थलाई पनि हामीले बिर्सनु हुन्न । दिल्ली सम्झौतापछि नेपाली कांग्रेसको मुक्ति सेनाका अधिकांश जवानलाई प्रहरी र अरूलाई सशस्त्र प्रहरी दल बनाई रक्षा दल नामाकरण गरी समावेश गरिएको थियो र प्रहरीको अंगको रूपमा प्रहरीमा समावेश गरिएको थियो । उक्त रक्षा दलको मुख्य कार्यालय श्रीमहल, हालको स्थानीय विकास मन्त्रालयमा खडा गरिएको थियो । मुक्ति सेनाका कमान्डर जिबी याकथुम्बालाई आइजिपी बनाइएको थियो ।

हतियारको व्यवस्थापनमा निरस्त्रीकरण र हतियारलाई अनुपयुक्त बनाउने शान्ति सम्झौताको अर्को मुख्य पक्ष हो । २००७ सालका क्रान्तिका लागि भारतले हतियार नदिएपछि नेपाली कांग्रेसले बर्माबाट हतियार किनेर ल्याएको थियो । ती हतियार भारतीय मिलिटरी मिसनको निगरानी र रेखदेखमा ललितपुरको खुमलटार (हालको कृषि विकास केन्द्र) मा नष्ट गरिएको थियो । हालको सरकार र माओवादीबीच निरस्त्रीकरण र हतियार नष्ट गर्ने प्रक्रियाको विषयमा गहन छलफल गरी निराकरण गर्नु अति जरुरी भएको छ । यस सन्दर्भमा बेलायतको उत्तरी आयरल्यान्डमा आइआरएको हतियार नष्ट प्रक्रिया र जर्मनीको एकीकरण हुँदा पूर्वी जर्मनीको सेनालाई कसरी एकीकृत जर्मनीमा समावेश गरिएको हो, त्यसको पनि जानकारी लिनु उपयोगी हुन्छ । नेपालमा यी हतियारका अतिरिक्त ज्यादै संवेदनशील समस्या जतातते बिछ्याइएका र फालिएका बारुदी सुरुङ पनि हो । त्यस्ता बारुदी सुरुङहरूबाट देशका विभिन्न भागमा नेपालीहरूको ज्यान जाने र अंगभंग हुने समस्या बढ्दो छ । बारुदी सुरुङ राखेका स्थानको पहिचान तथा ती बारुदी सुरुङ निष्क्रिय गर्ने काम अति जरुरी छ । नत्र नेपालले कम्बोडिया र अंगोला तथा अफ्रिकाका अन्य विभिन्न देशमा जस्तै अकाल मृत्यु र अंगभंग भएका लुला, लंगडा, अन्धा, बहिरा र अपांग जमातको समस्या भोग्नु पर्नेछ ।

हालसालै काठमाडौंको सहिद मञ्चमा माओवादी जनमुक्ति सेनाका डेपुटी कमान्डर पासाङले अखिल क्रान्तिकारी ट्रेड युनियनको राष्ट्रिय सम्मेलनको उद्घाटनमा माओवादी जनमुक्ति सेनाको स्थान नेपाल सेनामा के हुने हो, त्यसको निराकरण नभएसम्म हतियार नबुझाउने भनेका कारण पनि २००७ सालमा भएको दिल्ली सम्झौताको प्रक्रिया अपनाएर माओवादी जनमुक्ति सेनालाई नेपाल सेना र अन्य सुरक्षा अंगका निकायहरूमा समावेश गर्नु पर्ने देखिएको छ । हालै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा पनि माओवादी जनमुक्ति सेनाको भरणपोषणको जिम्मा सरकारले लिनेछ र माओवादीबाट चन्दा उठाउने काम बन्द हुने वक्तव्य सार्वजनिक भएको थियो, तर यस विषयमा कुनै पनि पहल भएको सुन्नमा आएको छैन । भनाइ र गराइमा कुनै तारतम्य नदेखिनु शान्ति सम्झौता प्राप्तिको लागि राम्रो लक्षण होइन । फेरि सत्तासीन नेताहरू र दलका माथिल्लो तहका नेताहरूबाट प्रधानमन्त्री कोइरालाको वक्तव्यको कार्यान्वयनको लागि पहल र प्रयत्न नगरी हतियार बिसाउने र चन्दा उठाउने कार्य बन्द गर्नु पर्छ भनी बारम्बार अलापिरहनु व्यवहारिक दृष्टिकोणले उपयुक्त देखिँदैन । रोजगारीको उचित व्यवस्था नगरी न त माओवादीको जनमुक्ति सेनालाई खारेज गर्न सकिन्छ न नेपाली सेनामा कटौती नै गर्न सकिन्छ । पूर्वी टिमोरमा हालसालै भएको सैनिक विद्रोहबाट नेपालले शिक्षा लिनु पर्छ ।

सबै तह र तप्काका क्षेत्र, जाति, सम्प्रदाय, भाषा र संस्कृतिका नेपालीहरूको विनाथिचोमिचो शान्तिपूर्ण सह-अस्तित्व र सहभागिताले मात्र नेपाल र नेपालीको सुनौलो भविष्य सुनिश्चित हुन सक्छ । सम्पूर्ण नेपालीको आकांक्षा देशमा चाँडै शान्ति र अमनचयन कायम होस् भन्ने हो । यो भावना बिथोल्न खोज्नेलाई व्यक्ति वा राजनीतिक दललाई जनताले बहिष्कार गर्ने मात्र होइन, भावी सन्ततिले पनि धिक्कार्नेछ । ■


To major cities of the country. Daily.
Nepalgunj Bhairhawa
Pokhara Biratnagar Bhadrapur




For more information please contact
Yeti Airlines, Corporate Office, Tilganga, Kathmandu
For reservation 01 4464878
Sales and Marketing 01 4465888 Ext. 205
Yeti Airlines
www.yetiairlines.com
a great flying experience

**दलहरूको महत्त्वपूर्ण कमजोरी गत जन-आन्दोलनको मूल नारा र मागमा नै थियो । दलहरूले पहिले नै गणतन्त्रको नारा अगाडि ल्याउनु पर्थ्यो ।**

# अकर्मण्यताको पराकाष्ठा



■ भीमप्रसाद भुर्तेल

**अहिले मुलुकमा** प्रतिनिधिसभाको ऐतिहासिक घोषणा कार्यन्वयन गर्न उक्त सभाले पारित गरेका विभिन्न विधेयकमा राजाको कुनै औपचारिक वा 'सेरेमोनियल' भूमिका छैन । प्रतिनिधिसभाले पछिल्लोपटक लिखत प्रमाणीकरणको भूमिका समेत 'तोकिएको अधिकारी'ले गर्ने प्रावधानसहित उक्त विधेयक पारित गरेकाले राजा नागरिक सरह भएको दाबी दलका नेता र सांसदहरूले नै गर्दै आएका छन् । राजाको स्थान र भूमिका सम्बन्धमा प्रतिनिधिसभाले गरेको परिभाषा विश्लेषण गर्ने अहिले मुलुकमा विभिन्न सम्प्रदायहरू (स्कुल अफ थट) रहेका छन् ।

पहिलो सम्प्रदायको रुपमा राजतन्त्रले मुलुकमा पटक पटक जनतालाई धोका दिएकाले उसलाई कुनै औपचारिक वा 'सेरेमोनियल' भूमिका दिनु हुँदैन भन्ने छ । यदि यस्तो भूमिका दिए राजाले फेरि लोकतन्त्रमाथि धावा बोल्नेछन् । त्यसकारण प्रतिनिधिसभाले पारित गरेका हालैका विभिन्न ऐनले राजालाई कुनै भूमिका नदिएको सकारात्मक ठान्छन् ।

दोस्रो सम्प्रदायका मानिसहरू सात राजनीतिक दलले राजासँग प्रतिशोधको भावनाले काम गरिहेका छन् भन्ने आरोप लगाउँछन् । सरकारमा रहेका दलहरूको यस्तो कार्य छोटोपन हो भनिठान्नेहरू पनि रहेका छन् । उनीहरू पछिल्लो चरणमा विकसित राजनीतिक घटनाक्रमलाई चरम प्रतिशोधको उपज मान्छन्, विशेष गरी प्रतिनिधिसभाको उक्त कार्यलाई । यद्यपि, यसमा उनीहरूका आग्रह र पूर्वाग्रह नभएको होइन ।

तेस्रो मतालम्बीहरू 'मुलुकमा राजा राख्ने नै होइन, सीधै गणतन्त्र स्थापना गरिनु पर्छ, राजतन्त्र र लोकतन्त्रसँगै जान सक्ने विषय नै होइन, कि गणतन्त्र वा राजतन्त्र एक छान्नु पर्छ' भन्छन् । उनीहरू मुलुकमा राजतन्त्र रहेसम्म लोकतन्त्र खतरामा रहन्छ भन्छन् । यस मतालम्बीहरूका अनुसार गणतन्त्रबाहेक सबै तर्क राजतन्त्र टिकाउने बहानाबाजी र चालबाजी मात्र हो ।

चौथो सम्प्रदाय फरक तर्क गर्छ । जनआन्दोलन भाग-२ मा दलहरूको मूल माग र नारा तथा दल-माओवादीको बाह्रबुँदे समझदारीमा समेत 'निरंकुश राजतन्त्र'को अन्त्य गर्ने थियो । जसअनुसार राजाले वैशाख ११ गते जनताअगाडि घुँडा टेकेर आत्मसमर्पण गरिसकेका छन् । त्यसकारण राजाले जनआन्दोलनको मूल नाराअनुसार नै 'सेरेमोनियल' भूमिका पाउनु पर्छ भन्छन् । अब राजा वैशाख ११ को घोषणाप्रति इमानदार रहेसम्म उनको बचाउ गर्ने दायित्व सात दलीय गठबन्धन सरकारको हो । 'सेरेमोनियल' राजा न आफू बोल्छन् न आफ्नो बचाउ नै गर्छन् । उनको मुख भनेको प्रधानमन्त्री र उनको मन्त्रिपरिषद् हो । त्यसकारण सरकारमा रहेका दलले गणतन्त्रको कुरा गर्नु राजनीतिक बेइमानी ठान्छन् । राजालाई 'सेरेमोनियल' भूमिकाविहीन बनाउनु भनेको वैशाख ११ को उनको घोषणा उल्लंघन गर्न प्रेरित गर्नु हो । त्यसकारण प्रतिनिधिसभाका हर्कत नै लोकतन्त्रको बाधक हो भन्ने गम्भीर आरोप लगाउँछन् । उक्त चारवटै तर्कमा आंशिक सत्यता होलान्, तर अहिले राजाको स्थान र भूमिकाले मुलुकमा गम्भीर सैद्धान्तिक र व्यवहारिक समस्या देखा परेको निश्चित हो ।

## दलहरूको अकर्मण्यता :

राजाको अहिलेको स्थानको विषयलाई लिएर दलहरूबीचको एकापसको सहमति र कार्यशैलीले स्वाभिमानी र सचेत नागरिकको शिर विदेशीहरूको अगाडि निहुरिनु पर्ने अवस्था छ । केही समयअघि केही अमेरिकी, युरोपेली र भारतीय साथीहरूको अगाडि म लज्जित हुनु पर्‍यो । मुलुकको अवस्थाले उनीहरूले नेपाली राजनेताहरूको कामको आलोचनालाई मैले चाहेर पनि बचाउ गर्न सकिनँ । उनीहरूको आलोचना सहजै लाचार भएर पचाउनुको विकल्प थिएन । उनीहरूले मलाई सोधे- तेरो देशमा आधुनिक राज्य व्यवस्था, शासन, प्रशासन र राज्यको 'पोर्टफोलियो' विभाजन बुझ्ेको मानिस कोही छैन ? मैले सोधेँ किन र ? उनीहरूले भने, 'विश्व समुदायबाट कूटनीतिक पृथकीकरण (डिप्लोमेटिक आइसोलेसन) हुने गरी राष्ट्रप्रमुखको काम कार्यपालिका प्रमुख र विधायिका प्रमुखले गर्दै छन् । यो उनीहरू कार्य आधुनिक राज्यको अवधारणाभन्दा विपरीत छ ।' होइन यो संक्रमणकालको व्यवस्थापन हो भनेर मैले भनेँ । उनीहरूले भने, 'संक्रमणकाल भए पनि अन्तर्राष्ट्रिय मूल्य-मान्यता, अभ्यास, सिद्धान्तभन्दा पृथक् कुनै विषय हुन्न । यो त गाइजात्रा जस्तो भयो ।'

वास्तवमा दलहरूको महत्त्वपूर्ण कमी कमजोरी यहाँ देखिएको छ । राज्य र शासन व्यवस्था नबुझ्ेको वा बुझ्े पनि बुझ पचाएर जबरजस्ती गरे जस्तो देखिएको छ, अहिले । अहिले मुलुकमा राजाको समर्थन गर्ने जो कोही प्रतिगामी कहलिन्छ, तर अहिले यस आधारमा संसद् र सरकारले गरेको सबै गलत कार्य अग्रगामी ठहरिने अवस्था छ । दलहरूको महत्त्वपूर्ण कमजोरी गत जन-आन्दोलनको मूल नारा र मागमा नै थियो । दलहरूले पहिले नै गणतन्त्रको नारा अगाडि ल्याउनु पर्थ्यो । गणतन्त्र स्थापना भएको भए मुलुकमा त्यसपछि नयाँ राष्ट्रप्रमुखले आफ्नो विभागीय कार्य गर्ने थियो, तर आन्दोलन अगाडिको दल-माओवादी बाह्रबुँदे सहमतिमा 'निरंकुश राजतन्त्र'को अन्त्य गर्ने थियो । माग नै राजालाई नै 'सेरेमोनियल' राख्ने भएपछि राजा ज्ञानेन्द्रको निजी गलत कामलाई आधार बनाएर होइन, राष्ट्रप्रमुखको रुपमा 'डेकोरेटिभ' कार्य गर्न दिइनु पर्छ भन्नेहरूको तर्कलाई बेवास्ता गर्न सकिँदैन । यसो भएको भए 'हेड अफ स्टेट'को काम सरकार प्रमुख वा विधायिका प्रमुखले गर्ने जस्तो बेमेल कार्य हुने थिएन । अहिले मैले यसो लेख्दा मलाई राजावादीको बिल्ला भिराइन सक्छ । म विचारमा जन्मजात गणतन्त्रवादी हुँ । मैले राजा ज्ञानेन्द्र राख्नु पर्छ भनेको होइन । राजतन्त्र नरहे यो विवादै हुँदैन, तर राज्यको 'पोर्टफोलियो' कायम राख्ने हो भने जनमत संग्रह वा संविधानसभाले राजाको भविष्यको अन्तिम किनारा नलगाउन्जेल सोअनुसारको सेरेमोनियल भूमिका राजालाई दिनु पर्छ वा उनी राज्यप्रमुख भएको स्पष्ट सन्देश दिनु पर्छ ।

अहिले मुलुकमा राजा निलम्बनको जस्तै अवस्थामा रहेका छन् । राजाको काम के भन्ने प्रश्न उठिरहेको छ । राज्यको औपचारिक भूमिकामा राजाको कुनै काम रहेको अवस्था छैन । नेपाल अधिराज्यको संविधान २०४७ ले राजा मन्त्रिपरिषद्मा र राजा संसदमा (किङ इन पार्लियामेन्ट एन्ड किङ इन क्याबिनेट)को कल्पना गरेको थियो । ऐतिहासिक जन-आन्दोलन भाग-२ द्वारा पुनःस्थापित संसद्ले गरेको ऐतिहासिक घोषणा, उक्त घोषणा कार्यान्वयन गर्न बनेका विधेयकहरू र अन्य संशोधित विधेयकहरूले राजालाई उक्त स्थानबाट निलम्बन गरेको छ । पछिल्लो पटक लिखत प्रमाणीकरण विधेयकले राजाको अन्तिम अधिकार कटौती गरेको छ ।

## आधुनिक राज्य व्यवस्थासँग बेमेल :

आधुनिक राज्य व्यवस्थाको कार्य विभाजन गरिएको हुन्छ । राष्ट्र प्रमुख, सरकार प्रमुख, विभागीय मन्त्री, विभागीय सचिव तथा सोमुनिको सोपानको व्यवस्था गरिएको हुन्छ । प्रत्येक 'पोर्टफोलियो'को आ-आफ्नै कार्य र दायित्व हुन्छ । बेस्ट मिनिस्टर मोडेलको सरकारमा राष्ट्र प्रमुख आलंकारिक अर्थात् 'सेरेमोनियल', 'डेकोरेटिभ', 'टिटुलर' वा जर्ज बर्नाड साको शब्दमा 'इन्डियन रबर स्ट्याम्प'को रुपमा प्रमुख रहेको हुन्छ । सरकार प्रमुख राज्यको प्रमुख कार्यकारी हुन्छ । उसले राष्ट्र प्रमुखको नाममा सबै काम गर्छ । जस्तो भारत, बेलायत, जापान आदि, जहाँ राज्य प्रमुखको कुनै कार्यकारी भूमिका हुँदैन । राष्ट्रपतीय सरकारको स्वरुप भएको देशमा राष्ट्र

प्रमुख, सरकार प्रमुख वा 'सेरेमोनियल' र कार्यकारी दुवै हुन्छ । जस्तो अमेरिका, फ्रान्स, श्रीलंका आदि । हाम्रो मुलुकमा पनि यो परम्परा रहेको थियो, तर नेपालमा अहिले राजाको काम प्रधानमन्त्री र संसद्का सभामुखले गरिरहेका छन् । यसले आधुनिक राज्यको कार्य विभाजन (पोर्टफोलियो अफ स्टेट)को अवधारणाको विपरीत रहेको छ ।

## अन्तर्राष्ट्रिय कानुनी प्रथासँग बेमेलः

जुनसुकै राज्यमा भएका राजनीतिक परिवर्तनले कुनै हालतमा अन्तर्राष्ट्रिय कानुनको परिपालनाबाट उन्मुक्ति पाउन सक्दैन । त्यसमा पनि अहिले यो अन्तर्राष्ट्रिय कानुनी प्रश्न पनि हो । कुनै पनि मुलुकलाई अन्तर्राष्ट्रिय समुदायको सुयोग्य सदस्यको रुपमा त्यसको मान्यता दिइन्छ । त्यस्तो मान्यता तथ्यगत मान्यता (डि फ्याक्टो) र विषयगत मान्यता (डि जुरे) हुन्छ । सरकार प्रमुख परिवर्तन हुँदा उसको विदेशी समकक्षीले र राष्ट्रप्रमुख परिवर्तन हुँदा उसको समकक्षीले बधाई सन्देश दिने चलन छ । त्यसको अर्थ तिमीहरूको देशको नेतृत्व परिवर्तन हामीलाई मान्य छ । हामी त्यो नेतृत्वसँग व्यवहार गर्छौं भनिएको हो । त्यो घोषणात्मक मान्यता (डेक्लेरेटरी रिकग्निसन)कै प्रकारान्तर हो ।

अहिले अन्तर्राष्ट्रिय समुदायले नेपालको कसलाई राष्ट्रप्रमुख र कसलाई सरकार प्रमुखको मान्यता दिने द्विविधामा रहेका छन् । उनीहरूले राजा वीरेन्द्रको हत्यापछि तथ्यगत मान्यता दिएको व्यक्ति राजा ज्ञानेन्द्र नै हो । उनलाई न त पोर्टफोलियोबाट मुक्त गरिएको छ न स्वीकार नै, अहिले सबै विधेयकमा । सभामुख वा प्रधानमन्त्री राष्ट्र प्रमुख हो वा राजा हो ? यो गम्भीर समस्या हो ।

कुनै पनि स्वतन्त्र राष्ट्रले आफ्नो भूमिभित्र स्वतन्त्र रुपमा सार्वभौमसत्ता तथा शक्तिको कसरत गर्न सक्छ । यो सर्वमान्य सिद्धान्त हो, तर यो अन्तर्राष्ट्रिय कानुन अभ्यासमा असीमित हुँदैन । स्वतन्त्र र सार्वभौम राष्ट्र भएकै कारण अन्तर्राष्ट्रिय अभ्यास र मान्यता लत्याउन पाउँदैन भन्ने अन्तर्राष्ट्रिय कानुनको आत्मपरिसिमनको सिद्धान्त अर्थात अटो-लिमिटेसनको थ्योरीले भन्दछ । त्यसकारण त्यो मानक व्यवहार गर्नु राष्ट्रको कर्तव्य हो, जसबाट अहिले नेपाल विमुख भइरहेको आभास पाइन्छ ।

अन्तर्राष्ट्रिय कानुनको स्रोत प्रचलित प्रथा, प्रचलन, रीतिथिति आदि हुन् । राज्य-राज्यबीच हुने व्यवहार धेरै हदसम्म यसैमा निर्भर गर्छ । त्यसै गरी अन्तर्राष्ट्रिय कानुन पक्ष राष्ट्रले यस्ता प्रथाजनित कानुन इमानदारीसाथ पालनाको मान्यतामा आधारित हुन्छ । यो कुनै लेखिएको वा संहिताकृत कानुन होइन । यो त अतीतदेखि चलिआएको 'कन्भेन्सन' हो । त्यसकारण त्यसको पालना हुनु महत्त्वपूर्ण रहेको छ । त्यस्तै अन्तर्राष्ट्रिय समुदायको योग्य सदस्यको नाताले अन्तर्राष्ट्रिय प्रथाको पालना हुनु पर्छ ।

## व्यवहारिक अप्ठेरो :

प्रतिनिधिसभाको घोषणा र त्यसको कार्यान्वयनको क्रममा बनेका कानुनहरूले परिभाषाले राजाको हैसियत नागरिकको सरह मात्र हो भनेको छ । यस्तो अवस्थामा बजेटमा राजदवार खर्चको लागि छुट्याएको ३८ करोड रुपैयाँको जिम्मेवारी कसले लिने ? त्यो अर्थमन्त्रीको दायित्व हो वा प्रधानमन्त्रीको वा त्यो कानुन निर्माण गर्ने विधायकहरूको हो ? त्यो रकम बेरुजु भन्ने कि नभन्ने यो अहिलेको महत्त्वपूर्ण प्रश्न हो । यदि राजा राष्ट्रप्रमुख होइनन् भने त्यो रकम किन उनलाई दिने ? सबै नागरिकले राज्यले उनले पाउने सरहको सुविधा किन नपाउने ? राज्यले कुनै नागरिकलाई ३८ करोड दिने कसैलाई नदिने विभेद गर्न पाइन्छ ? त्यसरी राज्यले नागरिकलाई जथाभावी रकम दुरुपयोग गर्न पाइन्छ ? अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अहिलेको मन्त्रिपरिषद् र प्रतिनिधिसभा विरुद्ध रकम दुरुपयोगमा मुद्दा चलाउन पाउने कि नपाउने ? वा दलहरूले जे गरे पनि लोकतन्त्र हुने र छुट पाउने हो कि ? त्यो आधार प्रस्ट हुनु पर्‍यो ।

राजदरवार राज्यको सम्पत्ति हो । यो राजाले नै सार्वजनिक रुपमा भनेको कुरा हो । एक नागरिकलाई नारायणीहिटी राजदवार किन दिने । कमैयालाई झुप्रो नदिने ? जस्तो म पनि यो देशको एक इमानदार नागरिक हुँ । मैले यो देशमा लिनुपर्ने दायित्व लिएको छु । लागेको कर तिरेको छु । मैले पनि राज्यको तर्फबाट ३८ करोड रुपैयाँ पाउनु पर्‍यो ? राजदरवारमा बस्न मैले किन नपाउने ? मैले पनि आजैदेखि त्यस्तो सुविधा पाउनु पर्छ । एक नागरिकलाई यी सुविधा दिने अर्कोलाई यी सुविधा नदिने यस्तो बेमेल हुनु हुँदैन ।

त्यसकारण राज्य सञ्चालन गर्नेहरू स्पष्ट हुनु पर्‍यो । राजतन्त्र नराख्ने हो भने राजा हटाउनु पर्‍यो र मुलुकमा गणतन्त्र स्थापना गर्नु पर्‍यो । र, राष्ट्र प्रमुखको भूमिका राष्ट्र प्रमुख नियुक्ति गरी उसलाई दिने काम गर्न पर्‍यो । होइन, यसो गर्न नसक्ने हो भने अहिले राजालाई नै राष्ट्र प्रमुख हुन् भने उनले पोर्टफोलियो अनुसारको आलंकारिक भूमिका दिने उनको शिष्टाचार राखिनु पर्छ । ■



क्रान्तिसम्बन्धी भ्रान्तिहरू त्यागेर जीवन र समाजका विविध क्षेत्रमा थुप्रै क्रान्ति सम्पन्न गर्न तम्तयार हुनु हामी नेपाली नागरिक समुदायको अहिलेको खाँचो हो । क्रान्तिको एउटा केन्द्र, एउटा प्राधिकार, एउटा राजा वा एउटा नेता हुँदैन । एउटा जबर्जस्त सत्ता खडा गरेर त्यसको नायकलाई जनसमुदायको टाउकोमा चढाउने घटनालाई अब क्रान्ति भनिनेछैन ।



विमलकुमार फुयाँल

# क्रान्ति, भ्रान्ति र 'शास्त्रीय संक्रान्ति'

**सरिता मिश्र र उनका** साथीहरू मिलेर बनेको 'चेली समूह'ले राजधानीको 'गुरुकुल'मा प्रस्तुत गर्ने 'शास्त्रीय संक्रान्ति' आफैंमा एउटा नौलो क्रान्तिझैँ प्रतीत हुन्छ । 'शास्त्रीय संक्रान्ति' शास्त्रीय संगीतलाई जनस्तरमा प्रवाहित गर्ने ध्येयले सचेत महिलाहरूले उठान गरेको एउटा सिर्जनशील अभियान रहेछ । शास्त्रीय संगीत भन्ने बित्तिकै कि त राजा, महाराजा र महासामन्तहरूको हवेलीभित्र मात्र बज्ने, कि त केही गम्भीर संगीतज्ञहरू जम्मा भएर 'महफिल' जमाउने विषय ठानिने समाजमा 'गुरुकुल' जस्तो जनतहका कला पारखीहरू भेला हुने ठाउँमा नियमितरुपमा शास्त्रीय संगीत प्रस्तुत गर्ने 'चेली समूह'को अभियान एउटा क्रान्तिकारी कदम नै हो ।

त्यतिमात्र होइन, राजनीतिका पुरुष महारथीहरूले दाँतबाट पसिना निकाल्दै अब त महिलाहरूलाइ पनि तेत्तीस प्रतिशत स्थान दिनुपर्ला (सतसट्ठी प्रतिशत आफैंलाइ सुरक्षित राख्दै) भनिरहेका बेला शास्त्रीय संगीत जस्तो लामो साधनापछि मात्र पारंगत हुनसकिने विधामा कसैको कोटा प्रयोग नगरीकनै सक्षम तथा सिर्जनशील महिलाहरूको अभियान अगाडि आउनु आफैंमा एउटा नौलो क्रान्ति हो । कुनै पितृसत्तावादी संगठनले 'उदार' भएर महिलाका लागि छाडेको एकाध कोटा पाउँदैमा आजको भोलि शास्त्रीय संगीतकर्मी महिला जन्मन सक्दैनन् । प्रतिभा र साधनाको बेजोड संगमबाट मात्र 'चेली समूह' जस्तो सशक्त समूह उदाउन सक्छ । त्यसैले 'चेली समूह'को शास्त्रीय संगीत प्रस्तुति आफैंमा एउटा क्रान्ति हो । मानव सभ्यता र सामाजिक न्यायका हिमायतीहरूले यो क्रान्तिलाइ भित्री हृदयबाटै स्वागत गर्नुपर्छ ।

नेपालमा क्रान्ति, क्रान्तिको शाश्वत अर्थ र क्रान्तिको युगानुकूल परिभाषाबारे नै व्यापक बहस चलाउनुपर्ने खाँचो देखिएको छ । क्रान्तिबारे समाजमा थुप्रै भ्रान्तिपूर्ण धारणाहरूले डेरा जमाएका छन् । प्रतिगामी तप्काले क्रान्तिलाइ सधैं हिंसा, हत्या, विध्वंस र आमविनाशको पर्यायको रुपमा मात्र चित्रित गर्ने प्रयास गरिरहन्छ । परिवर्तन र नयाँ सिर्जनाका शत्रुहरूको 'क्रान्ति'को परिभाषा हो यो । सभ्यताका पक्षधरहरूको क्रान्तिको परिभाषा योभन्दा नितान्त फरक हुन्छ । वास्तवमा क्रान्तिको शाश्वत अर्थ भनेकै सिर्जना हो । क्रान्तिको मूल ध्येय ध्वंस नभएर सुन्दर सिर्जना पैदा गर्नु हो । क्रान्तिले सुक्खा धर्तीलाइ हरियाली बनाउँछ, फुंग उडेको वातावरणमा नयाँ रङ भर्छ र असह्य कोलाहल चिर्दै सुमधुर धुन सिर्जना गर्छ । त्यस्तै क्रान्तिले अन्यायको साम्राज्यलाइ रुपान्तरण गरेर न्यायपूर्ण मानव सम्बन्धहरू स्थापित गर्छ । त्यसकारण, 'चेली समूह'को 'शास्त्रीय संक्रान्ति'को प्रस्तुति पनि एउटा नौलो क्रान्ति हो । यो क्रान्तिले सिर्जनाको लहर ल्याएको छ, न्यायको गीत गाएको छ र सभ्यताको भाका बोलेको छ ।

काठमाडौंको कथित उच्च तथा मध्यमवर्गको ठूलो हिस्सा अझै पनि क्रान्ति भन्ने शब्द नै सुन्न नरुचाउने, यथास्थिति मासिएला भनेर त्राहिमाम् हुने र मक्किसकेको सनातन सामन्ती संस्कारको वरपर रिङिरहन नै रमाउने भेटिन्छ । क्रान्तिलाइ सराप्नेहरू हरियो दुबो मन पराउँदैनन् र उनीहरूलाइ सुकेको पराल मात्र भए पुग्छ । क्रान्तिसँग तर्सनेहरू सुन्दर झरना हेर्न पनि चाहँदैनन् र उनीहरूलाइ हाँस, कछुवा, भ्यागुतो र भैंसी खेल्ने आहालमै आफू पनि डुबुल्की मार्न पाए पुग्छ । तर, मान्छेको प्राकृतिक स्वभाव नै यस्तो भने होइन । प्रकृतिकै अभिन्न अङ्ग भएकोले मान्छे त जडमा होइन गतिमा मात्र रमाउन सक्छ, निष्क्रियतामा होइन सक्रियतामा मात्र बाँच्न सक्छ र सन्नाटामा होइन जीवनको धुन बज्दा मात्र हाँस्न सक्छ । यथास्थिति र प्रतिगमनमा होइन, क्रान्तिमा मात्र रमाउन सक्छ । अमानवीय एवं उत्पीडनकारी संस्कारको कारणले गर्दा मात्र मान्छे प्रकृतिविरुद्ध उभिने दुस्साहस गर्दै क्रान्तिको विरोध गर्न पुग्ने हुन् । नत्र, क्रान्ति मानव जीवनको अभिन्न पक्ष हो, क्रान्ति स्वभाविक हो र क्रान्ति जीवन र जगतको अपरिहार्य यथार्थ हो । 'शास्त्रीय संक्रान्ति'को अभियानले यो यथार्थ राम्ररी आत्मसात गरेको छ ।

नेपाली समाजमा क्रान्ति भन्नेबित्तिकै राजनीतिको मात्र पेवा विषय ठानिने अर्को ठूलो भ्रान्ति पनि निकै हावी देखिन्छ । समाजको समग्र क्रान्तिमा राजनीतिक क्रान्ति एउटा निकै महत्त्वपूर्ण पक्ष पक्कै हो । तर, राजनीति नै सबैथोक भने होइन । राजनीतिकै मूल उद्देश्य पनि समाजको सेवा गर्नु हो, समाजलाइ आफ्नो रैति बनाउनु होइन । कृषि, उद्योग, व्यवसाय, शिक्षा, संगीत, कला, साहित्य, पत्रकारिता लगायतका सबै विषयलाई नगण्य ठानेर राजनीतिलाई मात्र मालामालको क्षेत्र मान्ने संस्कारको कारणले राजनीति अनावश्यक रूपमा बढी हावी भएको हो ।

राजनीतिक सत्तालाई जनताको सेवा गर्ने साधन नठानी शासन गर्ने माध्यम मान्नु सामन्ती परम्परा हो । यस्तो परम्पराअन्तर्गत जहिले पनि एउटा सर्जकभन्दा एउटा सत्तासीन कुर्सीवाल 'माथि' हुन्छ । एउटा सफल अगुवा किसान वा उद्यमीले भन्दा भ्रष्टाचारमा मुछिएको एउटा पूर्व मेयरले संचार क्षेत्रमा वाहवाही पाउनु ठूलो विडम्बना हो । स्थापित संस्कृतिविद् वा समाजशास्त्रीलाई बेवास्ता गरेर समाज र संस्कृतिसम्बन्धी गोष्ठीको प्रमुख अतिथि बन्न हल्काफुल्का भाषण ठोक्ने सांसदलाई डाकिने लज्जास्पद चलन अझै विद्यमान छ । वास्तविकताचाहिँ के हो भने, सामाजिक क्रान्तिका अगुवाहरू समाजका विविध क्षेत्रबाट आइरहेका हुन्छन् । त्यस्तै गरेर राजनीतिक नेताहरू प्रतिगामी, यथास्थितिवादी वा क्रान्तिकारी जे पनि हुन सक्छन्, सबै नै प्रगतिशील वा अगुवा हुँदैनन् । 'शास्त्रीय संक्रान्ति' पनि एउटा क्रान्ति हो र यसले अगुवाइ गरेको क्रान्तिलाई हामीले समयमै चिन्न र समाजमा स्थापित गर्न सक्नु पर्छ ।

क्रान्तिसम्बन्धी भ्रान्तिहरू त्यागेर जीवन र समाजका विविध क्षेत्रमा थुप्रै क्रान्ति सम्पन्न गर्न तम्तयार हुनु हामी नेपाली नागरिक समुदायको अहिलेको खाँचो हो । क्रान्तिको एउटा केन्द्र, एउटा प्राधिकार, एउटा राजा वा एउटा नेता हुँदैन । एउटा जबर्जस्त सत्ता खडा गरेर त्यसको नायकलाई जनसमुदायको टाउकोमा चढाउने घटनालाई अब क्रान्ति भनिनेछैन । क्रान्तिले त केन्द्रीय सत्तालाई विलोपीकरणतर्फ लैजानुपर्छ, नागरिकलाइ सार्वभौम बनाउनु पर्छ । 'शास्त्रीय संक्रान्ति'ले शास्त्रीय संगीतको परम्परागत सत्ता विलोप गराउँदै संगीतलाई आम जनतासमक्ष पुऱ्याएको छ । राजनीतिक क्रान्ति पनि यस्तै हुनुपर्छ । ■



सहिदको पोस्टरमा बाबाको फोटोसँग एकोहोरो कुरा गर्दै दसैंतिहारमा बाबालाई बोलाउँदै सहिद पाण्डेका नाबालक छोरीहरू ।

# उनी आउने आसमा



■ दीपक ज्ञवाली/नवलपरासी (तस्बिर पनि)

**सहिदको सपना पूरा भएमा र देशमा शान्ति भएमा हामीलाई सधैं दसैंतिहार आएझैं हुनेछ । तर यस्तै ढुलमुले गतिले सहिदको सपना पूरा होला त ? राजाले फेरि टाउको उठाए भने ?**

श्रीमान्को हत्या भएपछि जन्मिएको दुई महिनाको छोराको मुहारमा श्रीमान्को आकृति नियाल्दै सहिदपत्नी भीमा ।

**सानी छोरी आकृति** पोस्टरमा बाबाको आकृतिलाई सुम्सुम्याउँछिन् । निकै नियास्रो लागेको छ, उनलाई बाबाको । त्यसैले त उनी पोस्टरको आकृतिसँग बोल्न खोज्छिन्, बाबा दसैंमा ठूलो गाडी ल्याइदिनु है । पोस्टरका बाबाले कुनै जवाफ फर्काउन्नन् । आकृतिले पुर्लुक्क आमातिर हेर्दै बोल्छिन्, 'मम्मी यो दसैं पनि बाबासँग मनकामना जाने है ? भाइलाई पनि लैजाने ।'

दसैं भित्रिएका बेला *समय* संवाददाता उनको घर पुग्दा आकृति दसैंमा बाबा आउने आसमा घरको दलानमा यस्तो गतिविधि गरिरहेकी थिइन् । तर दसैंमा उनका बाबा आएनन् । न त उनी बाबा, मम्मीसँग मनकामना जान पाइन् । अब उनले तिहारमा बाबा साँच्चै आउने आस गरिरहेकी छन् र आमालाई सताइरहेकी छन् ।

चार वर्षकी छोरीका यस्ता क्रियाकलापले आमा भीमाको मनमा सम्झनाको पहिरो जान्छ । उनी सम्झिन्छिन् पोहरको दसैंतिहार । फनफनी घुम्छन् ती दृश्य, मझेरीमा हुर्केका पहेँलै जमरा टिपेर चट्ट लगाएको, निधारभरि राता अक्षता लगाएर आफन्तको आशीर्वाद बटुलेको र प्राणप्रिय श्रीमान् विष्णुका साथ प्यारा दुई छोरी लिएर मनकामना घुम्न गएको ।

झल्याँस्स हुन्छिन् । फेरि हेर्छिन् छोरीतिरै । अहिले त झन् दुवै छोरीहरू बाबाको फोटोमा औंला गाडेर आपसमा झगडा गरिरहेका छन्, बाबाकै विषयमा । बहिनीलाई सम्झाउन खोज्दै नाबालिका दिदी स्मृति बोल्छिन्, 'बाबा त आउनुहुन्न अब । भगवान् बन्नु भो ।' आकृति प्रतिवाद गर्दै रुँदै भन्छिन्, 'आउनुहुन्छ । बाबुराम अंकलसँग आउनुहुन्छ ।'

दलानको झोलुंगोमा निदाइरहेको दुई महिनाको छोरोलाई हेर्छिन्, भीमा । बिल्कुल बाबुकै आकृति देख्छिन् उसको अनुहारमा । झन् तनावमा पर्छिन् उनी । आफैं अनियन्त्रित बनेका बेला कसरी सम्झाऊन् भीमा आफ्ना नाबालक यी छोरीहरूलाई ? दसैंतिहारमा त के अब न उनीहरूका बाबा विष्णु कहिल्यै फर्केर आउनेछन् । न त आकृतिले अंकल भनेका बाबुराम नेपाली नै ।

ती बालिका उनै विष्णु पाण्डेका छोरीहरू हुन्, जो लोकतान्त्रिक आन्दोलनमा नवलपरासीमा सहिद भएका थिए र बाबुराम उनको ट्रकका चालक थिए । उनी पनि विष्णु सहिद भएको दुई महिना पुग्दा नपुग्दै त्रिशूलीमा ट्रकसँगै खसेर बिते ।

छिमेकीले रमझममा साथ दसैं मनाए, तर सहिद परिवारको दसैं निरास भएर बित्यो । उनका छोरीहरूलाई न उनले सम्झाउन सकिनन् न उनीहरू आफैं बुझ्ने उमेरका छन् । 'बाबा आउनुहुन्न भन्यो भने ढाँटेको भनेर रुन्छन् । कुरा अन्तै मोडेर बिर्साउने प्रयास गर्छु । हुँदै हुँदैन', आमा भीमा (भागीरथा) बताउँछिन् । उनको घरमा अहिले ६ वर्षकी ठूली छोरी स्मृति, चार वर्षकी सानी छोरी आकृति र काखमा सहिदको नासो दुई महिनाको छोरो विजयराज मात्र छन् ।

भीमाका श्रीमान् विष्णु निरंकुशताविरोधी आन्दोलन उचाइमा पुग्दै जाँदा २०६० साल ३०

चैतमा परासीमा सुरक्षाकर्मीले हानेको गोली लागेर ढलेका थिए । परासीको बुद्धचोकमा ताकी ताकी उनलाई गोली हान्ने सुरक्षाकर्मीलाई लोकतान्त्रिक सरकार आएपछि कारबाही भयो-भएन ? उनलाई थाहा छैन । हत्या गर्नेले कसरी दसैं मनाए ? त्यो पनि उनलाई थाहा छैन ।

यति थाहा छ, छिमेकका घरहरूमा दसैंको असाध्यै रमाइलो सकिएर तिहारको रमाइलो भित्रिन लाग्दा उनको घरमा भने बिस्मात् बढेको छ ।


भीमाले अहिलेसम्म दसैं नमनाएको जानेकी थिइनन् । बिहे भएपछिका ६ वर्षसम्म पनि हरेक वर्ष रमाइलोसाथ दसैं मनाएको उनको अनुभव छ । 'आफ्नै जीवनसाथी नहुँदा दसैंतिहारको के अर्थ ?', भीमा भन्छिन्, 'श्रीमान्को अभावको जीवन कस्तो हुन्छ ? मलाई मात्र थाहा छ ।'

छोरीहरूलाई दसैं खल्लो लागे पनि भीमा आफूलाई भने सम्हाल्ने अनेक प्रयास गरिन् र गर्व लागेको बताउँछिन् । उनी भन्छिन्, 'दसैंको त के महत्त्व ? दसैं मान्न पाइएन त के भयो ? उहाँले देशका लागि जीवन अर्पण गर्नु भो, सहिद बन्नु भो । यसैमा गर्व छ ।' भीमाले यसो भनिरहँदा टुप्लुक्क आइपुगेका सहिदका साहिला दाजु गोविन्द पाण्डेले ढाडस दिँदै भने, 'दसैं मान्न नपाएको के कुरा भयो र ? देशका लागि ज्यान अर्पण गर्नु चानेचुने कुरा हैन । उनले साना छोरीहरूलाई भने रमाइला कुराबाट विमुख नगराउने बताए ।'

सहिद पाण्डे परिवार मात्र हैन जनआन्दोलन भाग-२ का सबै सहिदहरूका परिवारको दसैं ठ्याक्कै यस्तै भयो । राजविराजका दर्शनलाल यादव, धनगढीका होरीलाल राना थारू, नेपालगन्जका सेतु विश्वकर्मा, धोरहीका उमेशचन्द्र थापा, चन्द्रगढीका सुरज विश्वास, राजन गिरी, गुलरियाका यामलाल लामिछाने, बनेपाका शिवहरि कुँवर, निजगढका हीरालाल गौतम, भरतपुरका तुलसी क्षेत्री, पोखराका भीमसेन दाहाल, नवलपरासीका विष्णुप्रसाद पाण्डे, कुस्माका गोविन्दनाथ शर्मादेखि काठमाडौं कलंकीका दीपक विश्वकर्मा, सगुन तम्राकार, वासुदेव घिमिरे, काठमाडौंका प्रद्युम्न खड्का, मोहम्म्द जहागिर खाँ, चन्द्रबहादुर बयलकोटी, अनिल लामासम्मका सबै सहिदको परिवारमा दसैंको कुनै अनुभूति भएन ।

दसैंमा आँसुको साथ रहे पनि सहिदले देखाएको बाटोमा देश हिँड्न सकेमा सधैं सधैं खुसी हुने सबै सहिद परिवारको धारणा छ, तर सहिदको सपना पूरा गर्नु साटो सहिद परिवारलाई १० लाख बुझाएर मात्र दायित्व पूरा भएको ठान्ने घातक प्रवृत्ति ज्यूँदै रह्यो भने दसैं त के सहिद परिवारका लागि सधैं सधैं मन अँध्यारो हुनेछ ।

सहिद विष्णुका दाजु भन्छन्, 'सहिदको सपना पूरा भएमा र देशमा शान्ति भएमा हामीलाई सधैं दसैं तिहार आएझैं हुनेछ, तर यस्तै ढुलमुले तालले सहिदको सपना पूरा होला त ? राजाले फेरि टाउको उठाउन्नन् भन्ने ग्यारेन्टी छ त ?' ■



सहिद परिवारको उजाड घरको दलानमा झुन्डिएको झोलुंगोमा रमाइरहेका सहिदका नासो विजयराज

# सहिदको नासो विजयराज

**सहिद विष्णुको** परिवारमा मन बुझाउने माध्यम थपिएका छन्, सहिद पुत्र विजयराज । विष्णुले शाहदत प्राप्त गरेको तीन महिना १९ दिनमा साउन १९ गते सहिद पत्नी भीमाले उनलाई जन्म दिएकी हुन् ।

लोकतान्त्रिक आन्दोलनमा सहादत प्राप्त गरेका सहिदहरूका परिवारमध्ये भीमा एक मात्र त्यस्ती सहिद पत्नी हुन्, जसले श्रीमान् गुमाएपछि नासो जन्माइन् । श्रीमान् विष्णु गोली लागेर ढल्दा उनको पेटमा विष्णुको नासो ६ महिनाको थियो । श्रीमान् गुमाएर शोकै शोकमा रहेको बेला उनले सहिद श्रीमान्को नासोलाई सुखद जन्म दिएकी हुन् ।

तर छोरा जन्मेर मात्र उनमा खुसी आएको हैन । भीमा भन्छिन्, 'छोरी जन्मिएको भए पनि उत्तिकै खुसी हुन्थेँ । छोरा र छोरीमा के फरक ? जो भए पनि सहिदको नासो हो ।'

सहिद पुत्रलाई समाजले आफ्नो सम्पत्ति ठानेको छ । त्यसैले उसको नाम पनि सबैको सल्लाहमा राखिएको छ, विजयराज । ऊ जन्मिएलगत्तै सात राजनीतिक दलहरूले बैठक गरेर त्यस्तो नाम जुराएका हुन् । उनका बाबुको मृत्युको तेह्रौं दिन (वैशाख ११ गते) जनआन्दोलनले विजय प्राप्त गरेको र राजाले सक्रिय शासन छाडेको सम्झना गर्दै तथा सधैं सहिद बाबुको पथमा विजय हासिल गर्दै जाओस् भन्ने कामनाका साथ ती दलहरूले यस्तो नाम राखिदिएका हुन् । न्वारनको नाम पनि राम्रो, नेपाल । 'न' अक्षरबाट नाम जुराउनुपरेकोमा पण्डितबाट पनि बाबुले रगत पोखेको देशको नाम रोजिएको थियो, नेपाल ।

अहिले सहिदको घरका विजयराज भविष्यका ज्योतिको रुपमा हुर्किरहेका छन् । श्रीमान्को अभाव भोगिरहेकी भीमाले उदास घरको दलानमा झोलुंगाभित्र सहिदको नासोलाई हल्लाउँदै सुखद सपना साँचिरहेकी छन् ।

यो नासोले सहिदको सपना पूरा गर्नेछ, भीमा छोराको अनुहार हेर्दै बताउँछिन् ।

त्यसो त आफ्ना दुई छोरीहरू पनि बाबुको पथमा हिँड्ने र देशको सेवा गर्ने उनको आशा छ, तर श्रीमान्को हत्या हुँदा गर्भमै रहेकोले छोरा विजयराजप्रतिको आशा अरू अर्थपूर्ण छ, छोरा भएकोले मात्र हैन ।

पहिले दुई सन्तान जन्माउँदाभन्दा पछिल्लो सन्तान जन्माउन उनलाई बढी धौ धौ भएको थियो । श्रीमान् गुमाउँदाको पीडाले उनी सुकेकी थिइन् । कयौं दिन त बेहोस नै भएकी थिइन् । शरीर कमजोर भएकाले उनलाई त्यस्तो सकस भएको थियो । छोरा जन्मिएलगत्तै पनि उनी बेहोस भएकी थिइन् । कठोर दिनहरूमा गुज्रिएको बेला उनले जन्माएको सहिदको नासो सबैका लागि प्रिय बनेको छ ।

सहिदका दाजु गोविन्द भन्छन्, 'यो नासो सहिदको सपना पूरा गर्ने महान् व्यक्ति बनोस् ।' आमा भीमाको पनि यही कामना छ, 'यो नासो बाबुको सपना पूरा गर्न सफल होस् । बाबुले जस्तै देशका लागि केही गरोस् ।' ■



# तलाकको बोझ

■ रुद्र खड्का/नेपालगन्ज (तस्बिर पनि)

**मुस्लिम धर्ममा श्रीमान्ले कुनै कारण या आफ्नै इच्छाले श्रीमतीलाई तीनपटक 'तलाक' शब्द बोलेमा सम्बन्ध विच्छेद भएको मानिन्छ ।**

**एघार वर्षको उमेरमा** विवाह भएपछि जयसपुरकी हमिदा इद्रिसीले श्रीमान्को घर भारत, नबाबगन्ज पुगेर वैवाहिक जीवन बिताएकी पनि हुन् । विवाहको सामान्य अर्थ नबुझेकी हमिदाले सकेजति घर व्यवहार सम्हालेकी थिइन् । सकी-नसकी घर व्यवहार चलाउँदा-चलाउँदै विवाह भएको ६ महिना बितेपछि हमिदा माइतीमा आएका बेला श्रीमान्ले चिठी लेखेर सम्बन्ध विच्छेद 'तलाक' दिएको खबर पठाए । उनले किन र के कारणले 'तलाक' दिइएको हो भन्ने जान्न नपाई सम्बन्ध विच्छेद भयो । हाल ३८ वर्षकी हमिदा लोग्नेले तलाक दिएपछि माइतीमा एकल जीवन बिताइरहेकी छन् । 'थाहा नपाएर विवाह भएको र थाहा नपाएरै 'तलाक' पाएपछि यतिखेर सिंगो समाजप्रति नै गुनासो गरिरहेकी हमिदा भन्छिन्, 'तलाक दिने लोग्नेले अंशसमेत दिएको छैन । अंश माग गर्न कहाँ जानुपर्छ कुनै जानकारी छैन ।'

नगरछेउमै रहेको जयसपुरकै मुस्लिम महिला नासिर गुडेरीको भारत, नानपारामा विवाह भएको थियो । गर्भवती भएका बेला लोग्नेले 'तलाक' बोलेपछि माइतीमा बस्दै आएकी उनलाई यतिखेर लोग्नेले विना कुनै कारण तलाक दिएको पीडाभन्दा जवान भइराखेको छोराको नागरिकता कसरी बनाउने भन्ने चिन्ता बढी छ । उनी भन्छिन्, 'विना कुनै कारण र अंश नदिएर श्रीमान्ले तलाक दिए पनि मेरा लागि ती सबै पीडा पुराना भएका छन्, यतिखेर छोराको नागरिकता कसरी बनाउने भन्ने चिन्ता बढी छ ।'

मुस्लिम समाजमा परम्परादेखि प्रचलनमा आएको



श्रीमतीको कुनै पनि व्यवहार मन नपरे तीनपटक 'तलाक' बोलेमा सम्बन्ध विच्छेद भइहाल्ने अहिलेको परिस्थितिमा पनि थुप्रै युवतीलाई 'तलाक' बोलेर सम्बन्ध विच्छेद गर्ने चलनले पीडा दिने क्रम यथावत्‌छ। मुस्लिम धर्ममा श्रीमान्‌ले कुनै कारण या आफनै इच्छाले श्रीमतीलाई तीनपटक 'तलाक' शब्द बोलेमा सम्बन्ध विच्छेद भएको मानिन्छ।

समयको परिवर्तनसँगै मुस्लिम समुदायमा पनि चेतनास्तर लगायत शिक्षा र रोजगारीका अवसर बढ्दै गए पनि 'तलाक'का घटनामा भने सुधार हुन नसकेको मुस्लिम अगुवाहरू बताउँछन्। 'सानै उमेरमा विवाह गर्ने चलन अहिले पनि रहेको र जसका कारण 'तलाक'का घटना बढ्ने गरेका छन्, मुस्लिम समाज विकास चेतना केन्द्रका अध्यक्ष मोहम्मद शेर बागवान भन्छन्, 'मुस्लिम महिलालाई शिक्षित र चेतनशील नपारिएसम्म 'तलाक'का समस्या हल हुँदैनन्।'

अहिले पनि मुस्लिम समुदायभित्र महिलाहरू बुर्का लगाएर घरमै सीमित हुनुपर्छ भन्ने मान्यता राख्नेहरू थुप्रै छन्। केही मुस्लिम युवतीहरू आफ्नो क्यारियर र शिक्षाको लागि बुर्का खोलेर अघि बढे पनि घरमै सीमित रहनुपर्छ भन्ने मान्यता राख्ने महिलाहरूको संख्या अहिले पनि व्यापक रहेको मुस्लिम अगुवाहरू बताउँछन्। महिनैपिच्छे मुस्लिम समुदायमा बारम्बार तलाकका घटना दोहोरिइरहेका हुन्छन्। कुनै कारणले होस् वा विनाकारण श्रीमान्‌ले तीनपटक 'तलाक' भनेको खण्डमा मुस्लिम समाजले श्रीमान्-श्रीमतीको सम्बन्ध विच्छेद भएको मान्दछ। सानै उमेरमा विवाह गर्ने र जान्ने-बुझ्ने उमेरमा पुगेपछि 'तलाक' भनिदिँदा यतिखेर नेपालगन्जमा तीन सयभन्दा बढी महिला अलपत्र परिरहेका छन् र 'तलाक' पाएका अधिकांश महिलासँग बच्चाबच्ची भएका कारण उनीहरूको जीवन कष्टकर भइरहेको छ।

अधिकांश तलाकी महिलाहरूका सन्तान भएकाले आमा र सन्तानहरूको जीवन सधैं पीडामा बित्ने गरेको छ। मुस्लिम अगुवा मोहम्मद शेर बागवानका अनुसार लोग्नेबाट 'तलाक' पाएका महिलाहरूमध्ये एक प्रतिशतभन्दा बढीले लोग्नेको अंश पाउन सकेका छैनन्। थुप्रै मुस्लिम युवाहरूले श्रीमतीलाई 'तलाक' दिए पनि केही महिलाले मात्र दोस्रो विवाह गरेका छन्। भारतीय नागरिकहरूसँग विवाह भएका महिलाहरूले बढी 'तलाक' पाउने र तिनै महिलाहरूले अंश नपाउने गरेका हुन्छन्। अधिराज्यमै मुस्लिमहरूको बसोबास बढी रहेको स्थानमा बाँके पर्छ । नेपालगन्ज नगरपालिकाका केही वडा र जयसपुर तथा परसपुरमा मात्र तीन सयभन्दा बढी तलाकी महिलाहरू रहेको तथ्यांक पाइए पनि जिल्लाका अन्य भागमा रहेको त्यस्ता महिलाहरूको बारेमा केही जानकारी हुन नसकेको मुस्लिम अगुवाहरू बताउँछन्।

'बिरामी भएर घरमा बसिरहेका बेला फोनबाट भारतीय लोग्नेले विनाकारण तीनपटक तलाक भन्दै सम्बन्ध विच्छेद गरे', ६ वर्षअघि फोनबाटै तलाक पाएपछि यतिखेर माइतीमा बसीरहेकी २७ वर्षीया नाजमा शेख भन्छिन्, '७ वर्षको छोरासमेत छ, तर लोग्नले केही पनि अंश दिएको छैन।' छोरा एक वर्षको छँदा तलाक पाएकी नाजमालाई आजकल छोराले बुवा खोइ भनेर हैरानसमेत पार्ने गरेको उनी दुःखेसो पोख्ने गर्छिन्।

बच्चा पाइसकेपछि तलाक दिएर अलपत्र पार्ने व्यक्तिहरूको विरुद्धमा अंश मुद्दा लड्ने केही संस्थाको सहयोगमा मुस्लिम महिलाहरूले प्रयास गरे पनि प्रभावकारी हुन सकेको छैन। विवाह गर्ने बेला विवाह दर्ता गर्ने प्रचलन नहुनाले पनि सम्बन्ध विच्छेदपछि मुद्दा लड्न गाह्रो भएको बताइएको छ। मुस्लिम महिला नेतृ रुबी खान भन्छिन्, 'मुस्लिम समुदायमा अझै पनि कानुनी रुपमा विवाह दर्ता गर्ने चलन कम भएका कारण कानुनी रुपमा कारबाही बढाउन गाह्रो भएको छ।'

तलाकी महिलाहरूले भने अंश मुद्दा या श्रीमान्‌लाई कारबाहीको माग गर्न नसक्नुको कारण एकातिर धर्म र समाज तथा अर्कोतर्फ आर्थिक समस्याले गर्दा श्रीमान्‌को ज्यादती सहेर बस्नुपर्ने बाध्यता रहेको बताएका छन्।

१५ वर्षकै उमेरमा भारत, लखनउमा बिहे गरेकी ३० वर्षीया शवनम हलुवाई भन्छिन्, 'विवाहको अर्को वर्ष लोग्नेले तलाक दिए पनि आफ्नो र ११ वर्षीय छोराको लागि अहिलेसम्म कुनै सम्पत्ति र अंश पाएको छैन।' पछिल्ला दिनहरूमा महिला अधिकारका मुद्दाहरूको बारेमा व्यापक बहस हुने गरे पनि सयौं मुस्लिम महिलाहरू सम्बन्ध विच्छेदपछि लोग्नेको अंश नपाएर कष्टकर जीवन बिताइरहे पनि यसले महिला अधिकारवादीहरूको ध्यान तान्न नसकेको पीडितहरू गुनासो गर्छन्। ८० प्रतिशत निरक्षर रहेका महिलाहरूमध्ये धेरैले कानुनी अज्ञानताका कारण तलाक जस्ता घरेलु हिंसा भोगिरहेको बताइएको छ। ■



# सडक अराजकता

**रुपन्देहीको शंकरनगरमा** ट्रकको ठक्करबाट मृत्यु भएका विद्यार्थी केदार घिमिरेका आफन्तहरूले झन्डै ३५ घन्टासम्म उनको शव राजमार्गमै राखेर यातायात ठप्प पारे। यसो गर्नुको खास रहस्य थियो, मृतकका परिवारलाई २० लाख रुपैयाँ झार्न दबाब दिनु। अनाहकमा विद्यार्थीको ज्यान जानु अनिष्टको घटना त थियो नै, त्यसैलाई निहुँ बनाएर ३५ घन्टासम्म सिद्धार्थ राजमार्ग यातायात ठप्प पार्दा अरु कति धेरैजनाका लागि अनिष्ट थपियो ? यसको कहीं कतै लेखाजोखा भएन।

दसैंको मुखमा यातायात बन्दले दसैंमा घर आउने हजारौं लाहुरेहरू अलपत्र परे। दसैं बजारका मालसामान ढुवानी हुन नसक्दा करोडौं रुपैयाँको कारोबार चौपट भयो। अझ उपचार गर्न स्वास्थ्यकेन्द्रहरूमा जान नपाएर कति जनाले अनिष्ट भोगे ? त्यसको त झन् कुनै लेखाजोखा भएन। ३५ घन्टा लामो बार्गेनिङपछि ट्रक मालिक पाँच लाख क्षतिपूर्ति दिन सहमत भएपछि बल्ल यातायात सुचारु भयो, तर त्यति बेलासम्म सयौं मानिसले विनाकारण सजाय पाइसकेका थिए।

एउटा अनिष्टकारी घटनाको विरोधको निहुँमा हजारौंलाई अनिष्टमा धकेल्ने र करोडौंको क्षति तुल्याउने यस्ता घातक प्रवृत्ति दसैंको सेरोफेरोमा झन् दोहोरिए। असोज ६ र ७ गतेको यस्तो घटनापछि १६ दिनभित्र बुटवल वरपरका राजमार्गमा झन्डै एक दर्जन यस्तै यातायात अवरोधका घटना भए।

पछिल्लो पटक असोज १५ गते सिद्धार्थ राजमार्गके बुटवल-भैरहवा खण्डको कालिकानगरमा उत्तेजित समूहले बस नै जलाए। विपरीत दिशाबाट आएका ट्रक र बसले एक मोटरसाइकल यात्रुलाई ठक्कर दिई घाइते बनाएलगत्तै उत्तेजित अज्ञात समूहले बुटवल धागो कारखानाको बस जलाएर ध्वस्त पारेका हुन्। सो दिन पनि यात्रु घाइते त भए। त्यसैलाई निहुँ बनाएर बस ध्वस्त भयो, यातायात अवरोधले सयौं यात्रु अलपत्र समेत भए।

असोज महिनाको २३ गतेभित्रका २३ दिनमा झन्डै पन्ध्रपटक यातायात अवरोधका घटना सर्वसाधारणले भोग्न बाध्य भए। यसबाट सरोकार नै नभएका हजारौं सर्वसाधारण सिकार भए। पछिल्ला दिनमा जटिलदेखि अति सामान्य र असान्दर्भिक घटनामा समेत विरोधको नाममा यातायात नै अवरुद्ध पार्ने प्रवृत्ति हवात्तै बढेर गएको छ।

विरोधको यस्तो शैली साह्रै बढी अराजक भएको टिप्पणी गर्दै यातायात मजदुर भलाइ कोषका अध्यक्ष कुमार थापा भन्छन्, 'अब घरझगडा हुँदा पनि यातायात बन्द गर्ने प्रवृत्ति उत्पन्न हुन थाल्यो।'

दसैंतिहारमा यातायात बन्द गर्दा आम नेपालीलाई चरम मर्का पर्ने ठानी रुपन्देही प्रशासनले ती पर्वका बेला कुनै पनि बहाना बनाएर यातायात अवरोध, चक्काजाम नगर्न सबै पक्षलाई निर्देशन दिएको थियो। प्रशासनको यस्तो कदमप्रति स्थानीय उद्योग वाणिज्य संघ, भलाइ कोष, मजदुर संगठन, प्रहरी, ट्राफिक प्रहरीहरूले समर्थन जनाएका थिए। तर, यस्तो निर्देशनको मसी सुक्न नपाउँदै र दसैं नसकिँदै यातायात अवरोधका शृंखला सुरु भएका थिए, जसप्रति प्रशासन लाचार बनिरहेको छ।

सिद्धार्थ र महेन्द्र राजमार्गका बुटवलवरपर खण्डमा जुनसुकै घटना भए पनि तत्कालै यातायात अवरोध गर्ने प्रवृत्ति अराजक तरिकाले बढेको छ। सवारीसाधनको ठक्करबाट मानिसको मृत्यु हुँदा होस् वा ठक्करबाट सामान्य घाइते हुँदा अथवा मजदुरबीच विवाद हुँदा होस् वा व्यापारीबीच विवाद हुँदा। अथवा अन्य राजनीतिक उतारचढाव हुँदा होस्। यी र यस्तै अनेक निहुँमा यातायात अवरोध नै गर्ने प्रवृत्तिले सबै क्षेत्रलाई डसिरहेको छ। क्षति पनि त्यति नै बढिरहेको छ। तीमध्ये सवारीसाधनले ठक्कर दिएर सामान्य घाइते हुँदा सवारी आवागमन ठप्प पारिएका र तोडफोड गरिएका घटना बढी भएको ट्राफिक प्रहरीको भनाइ छ। बुटवलवरपर मात्रै होइन, अन्यत्र पनि सबै खाले घटनाको आक्रोश यातायात क्षेत्रमै पोख्ने प्रवृत्ति बढेको छ। सप्तरी जिल्लामा तस्करीको अभियोगमा प्रहरीले हानेको गोली लागी स्थानीय बच्चाराम चौधरीको मृत्यु भएको विरोधमा असोज २२ गते सो क्षेत्रको यातायात बन्द गराइएको थियो। त्यस्तै डोटीमा मन्दिर प्रवेश गर्न खोज्दा दलितमाथि कुटपिट भएको विरोधमा बाँके लगायतका जिल्लामा यातायात ठप्प पारिएको थियो। ठाउँठाउँमा यस्ता धेरै घटना बढिरहेका छन्।

जति बेला पनि यातायात नै अवरोध गर्ने प्रवृत्तिले उल्टो क्षतिमात्र निम्तिइरहेको बेला कतिपय भने सबैलाई असर पुग्ने गरी यस्तै कडा आन्दोलन नगरे कुनै कुराको कतै सुनुवाइ नहुने बताउँछन्। प्रशासन लाचार बन्छ, पीडितलाई क्षतिपूर्ति दिलाउन र दोषीलाई कारबाहीका लागि दबाब दिन पनि यस्ता कडा रुप अपनाउनुपर्ने बाध्यता छ। बुटवलका युवा प्रकाश गुरुङ दाबी गर्छन्, 'यातायात अवरोध सजिलो उपाय हो। यस्तो नगरे त कसैले कुरा सुन्नेवाला छैन।'

तर उपभोक्ता हित संरक्षण मञ्च रुपन्देहीका अध्यक्ष नर्बु लामा कसैको अधिकार खोज्दा वा विरोध गर्दा अरूको अधिकार हनन गर्न नपाइने बताउँछन्। उनी भन्छन्, 'आम जनतालाई दुःख दिने प्रवृत्ति हटाएर विरोधको वैकल्पिक विधि अपनाउनुपर्छ।'

**■ दीपक ज्ञवाली/बुटवल**



ठक्करबाट एक यात्रु घाइते भएको आक्रोशमा रुपन्देहीको कालिकानगरमा जलाइएको बस।

## बुटवलवरपर यातायात अवरोधका प्रमुख घटनाहरू

| कहिले ? | कहाँ ? | किन ? | कसले ? |
|---|---|---|---|
| असोज ६ | महेन्द्रराजमार्गको बुटवल गोरुसिंग | बसको ठक्करबाट घाइते | स्थानीयवासी |
| असोज ६,७ | सिद्धार्थराजमार्गको बुटवल भैरहवा | सिन्डिकेट खारेजी | ट्रक व्यवसायी |
| असोज ९ | सिद्धार्थराजमार्गको बुटवल भैरहवा | ठक्करबाट विद्यार्थीको मृत्यु | स्थानीयवासी |
| असोज १९ | महेन्द्रराजमार्गको बुटवल पिपरा | बसको ठक्करबाट घाइते | स्थानीयवासी |
| असोज २० | महेन्द्रराजमार्गको बुटवल गोरुसिंगे | बसको ठक्करबाट घाइते | स्थानीयवासी |
| असोज २० | सिद्धार्थराजमार्गको बुटवल भैरहवा | यातायात मजदुर विवाद | यातायात मजदुरहरू |
| असोज २३ | सिद्धार्थराजमार्गको कालिकानगर | ठक्करबाट घाइते | अज्ञात समूह |




सन् २००४ मा सम्पन्न नेपाल विकास फोरमका सहभागीहरू

**नेपालको विकास र शान्ति** स्थापनाका लागि अन्तर्राष्ट्रिय समुदायको प्रत्यक्ष सहयोग नेपालले हात पारेको छ । तर, दाताहरूबाट सहयोग लिनका लागि सरकारले पर्याप्त तयारी गर्न नसक्दा आशातीत आर्थिक सहयोगबाट भने नेपाल अहिले पनि वञ्चित छ ।

राजाको प्रत्यक्ष शासनको विरोधमा खास गरी १९ माघ २०६१ पछि कटौती गरिएका आर्थिक सहयोग सुरु गर्न दाताहरू तयार भएका छन् । यस अवधिमा कटौती गरिएका कतिपय सहयोगहरू पुनः संचालित भएका छन् भने केही प्रक्रियागत अवस्थामा रहेको सरकारी अधिकारीहरूले बताएका छन् । गत वैशाखमा लोकतन्त्रको स्थापनासँगै दाताहरू नेपालको लोकतान्त्रीकरण, शान्ति प्रक्रिया, र विकास निर्माणमा सहयोग पुऱ्याउन तयार रहेको बताएका थिए । यस अवधिमा नेपालले १५ अर्ब रुपैयाँभन्दा बढी आर्थिक सहयोगका सम्झौताहरूमा गरेको हस्ताक्षरले अन्तर्राष्ट्रिय समुदाय नेपालको लोकतान्त्रीकरण प्रक्रियालाई साँच्चिकै सहयोग पुऱ्याउन तयार छन् भन्ने पुष्टि गरेको छ । सरकार गठनको तीन महिनापछि सुरु भएको आर्थिक वर्ष २०६३/०६४ का प्रथम तीन महिनाभित्र मात्रै १२ अर्ब रुपैयाँभन्दा बढीको आर्थिक सहयोगका सम्झौताहरू सम्पन्न हुनुले पनि नेपालले अन्तर्राष्ट्रिय समुदायबाट पर्याप्त माया पाएको देखिन्छ ।

नयाँ सरकारको गठनपछि सरकारले आयोजना गर्दै आएका दाताहरूको बैठकमा उनीहरूले सरकारलाई सहयोगका प्रस्ट खाका प्रस्तुत गर्न आग्रह गर्दै आएका छन् । दसवर्षे 'जनयुद्ध'का क्रममा क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण र विस्थापितहरूको पुनःस्थापना जस्ता कार्यक्रमलाई सरकारले आफ्नो मुख्य प्राथमिकतामा राखेको बताउँदै आए पनि स्पष्ट योजनाको अभावमा यस क्षेत्रमा उल्लेखनीय काम अगाडि बढ्न सकेको छैन । दाताहरूले पनि यस क्षेत्रमा पुऱ्याउन चाहेको सहयोगले गति लिएको छैन । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेल भन्छन्, 'वास्तवमा हामीलाई अहिले गाह्रो महसुस भइरहेको छ । किनभने सबै दाताहरू सहयोगका लागि तयार रहेको भनिरहेका छन्, तर हामीले नै उनीहरूलाई सहयोगको खाका प्रस्तुत गर्न सकिरहेका छैनौं ।' तर दाताहरूबाट आएको सहयोग र आवश्यक क्षेत्रमा सहयोग पुऱ्याउन आफूहरू तम्तयार रहेको जानकारीले भने नेपालीमा विश्वास जगाएको छ ।

गरिबी निवारण गर्ने नेपालको मुख्य लक्ष्य कार्यान्वयनमा प्रत्यक्ष सघाउँदै आएका विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले यसअघि अवरुद्ध गरेका आर्थिक सहयोगहरू नेपालमा पुनः सुरु गर्ने बताएका छन् । गरिबी घटाउने सरकारको योजनामा प्रत्यक्ष सहयोग पुऱ्याउँदै आएका यी अन्तर्राष्ट्रिय वित्तीय

# दानको ओइरो

■ मधुसूदन पौडेल/काठमाडौं

**केही दाताहरू माओवादीसँग जारी वार्ताले सकारात्मक मोड लिएपछि मात्र नेपालमा पैसा खर्च गर्न चाहन्छन् भने शान्ति प्रक्रिया सँगसँगै विकासका कार्यक्रमले पनि गति लिनु पर्ने धारणा राख्छन् ।**

## वैशाख–असोजसम्म नेपालले पाएको वैदेशिक सहायता

| दाता | सहयोग क्षेत्र | सहयोगको प्रकार | रकम (रु. करोडमा) |
|---|---|---|---|
| भारत | आपूर्ति व्यवस्थापन | अनुदान | ११६.०० |
| जापान | खाद्य सुरक्षा | अनुदान | १७८.५० |
| एडिबी | लैंगिक समानता र सशक्तिकरण | ऋण | ७३४.५० |
| जर्मनी | ग्रामीण गरिबी निवारण | अनुदान | ७७१.५४ |
| जर्मनी | सहरी विकास | अनुदान | ४६२.०० |
| भारत | साना परियोजना | अनुदान | २४००.०० |
| चीन | आर्थिक तथा प्राविधिक सहायता | अनुदान | ९००.०० |
| जापान | ऋण समायोजन | अनुदान | १०६७.४७ |
| अमेरिका | द्वन्द्व व्यवस्थापन | अनुदान | ७८७.२५ |
| अमेरिका | सुशासन र मानवअधिकार | अनुदान | ४२९.८७ |
| अमेरिका | कानुन र न्याय | अनुदान | ५१.९७ |
| अमेरिका | स्वास्थ्य | अनुदान | ६७७.२० |
| अमेरिका | एचआइभी/एड्स | अनुदान | ४९५.६१ |
| फिनल्यान्ड | ग्रामीण खानेपानी | अनुदान | १०८७.७० |
| एडिबी | ग्रामीण सडक | अनुदान | ४१२१.२० |
| एडिबी | ग्रामीण वित्त सुधार | ऋण/अनुदान | ४५५०.०० |
| विश्व बैंक | गरिबी निवारण | .... .... | १७५०.०० |
| भारत | बजेटरी सपोर्ट | अनुदान | १६००.०० |
| जापान | संचार | अनुदान | ५८८.४४ |

भास्वर ओझा










संस्थाहरूले पछिल्लो समयमा पनि सुधार कार्यक्रमले गति लिनु पर्ने अडान दोहोर्‍याउँदै आएका छन्। उनीहरूको साझा चासो नेपालको वित्तीय क्षेत्र सुधार, पेट्रोलियम पदार्थको स्वचालित मूल्य समायोजन प्रक्रिया, सुशासन र श्रम ऐनमा सुधार लगायत रहेका छन्। उनीहरूले यो वर्षको अन्त्यसम्म कम्तीमा अन्तर्राष्ट्रिय बजार मूल्यअनुसार तेलको मूल्य समायोजन गर्नु पर्ने सर्तलाई सरकारसामु कडा ढंगले दोहोर्‍याएका छन्। नेपालको गरिबी न्यूनीकरणमा सहयोग पुर्‍याउन विश्व बैंक र मुद्राकोषले छुट्टाछुट्टै करिब ५ अर्बको सहयोग उपलब्ध गराउने घोषणा गरे पनि राजाको शासनका समयमा यी सहयोग रोकिएका थिए। त्यसअघि उनीहरूले एक/एक किस्ता रकम मात्रै निकासा दिएका छन्। 'हामी दुईतीन महिनाभित्रै रोकिएका ती सहयोग सुरु हुनेमा विश्वस्त छौं', अर्थ मन्त्रालयमा वैदेशिक सहायता हेर्ने सहसचिव माधव घिमिरे भन्छन्। गरिबी निवारण कोषमार्फत समुदाय केन्द्रित विकास कार्यक्रममा खर्च गर्न विश्व बैंकले करिब २ अर्ब रुपैयाँको सहयोग नेपाललाई उपलब्ध गराउने निर्णय गरिसकेको छ। विश्व बैंकका अधिकारीहरूले नेपालले सुधार कार्यक्रमलाई तीव्रता दिन सके र विकास कार्यक्रममा खर्च गर्न सक्ने स्पष्ट योजना तर्जुमा गरेमा सहयोग राशि उल्लेख्य वृद्धि गर्न तयार रहेको बताउँदै आएका छन्।

राजाको शासनले संकटमा पुर्‍याएको मेलम्ची खानेपानी आयोजनामा रोकिएको लगानी पनि पुनः सुरु गर्न सरकारले पहल गरेको छ। अर्थमन्त्रालयका अधिकारीहरूका अनुसार शाही शासनका बेला मेलम्चीबाट हात झिकेका दातालाई सहयोग निरन्तर गर्न आग्रह गरिएको छ। उनीहरू पनि सकारात्मक रहेका छन्। राजनीतिक दलका नेतालाई भ्रष्टाचारी सावित गरी निरंकुश सत्ता लम्ब्याउने प्रयासमा राजाले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा, आवास तथा भौतिक योजनामन्त्री प्रकाशमान सिंह लगायतका सरकारी अधिकारीलाई शाही आयोगमार्फत थुनामा पठाएपछि दाताहरू उनको यो कदमबाट चिढिएका थिए। यसको विरोधमा नर्वे र स्विडेनले उक्त आयोजनाबाट हात झिकेका थिए। जसका कारण आयोजनाका लागि आवश्यक रकमको अभाव भएको थियो। लोकतन्त्र बहालीसँगै स्विडेनले मेलम्चीमा पुनः सहयोग गर्ने प्रतिबद्धता जनाइसकेको छ। नर्वेसँग पनि उक्त आयोजनामा रोकिएको सहयोग पुनः सुरु गराउन आवश्यक पहल भइरहेको जानकारी सहसचिव घिमिरेले दिएका छन्। आयोजनाका कार्यकारी निर्देशक सुमन शर्माका अनुसार उनीहरूको सहयोग 'टनेल' निर्माणमा खर्च गर्ने योजना छ। एसियाली विकास बैंकको नेतृत्वमा अगाडि बढिरहेको उक्त आयोजनामा ३५ अर्ब रुपैयाँ लगानी हुने अनुमान गरिएको छ। जसमध्ये नर्वे र स्विडेनले करिब ४ अर्ब रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए। दाताहरूको सहयोगले निरन्तरता पाएपछि पानीको अभाव झेलिरहेका राजधानीका बासिन्दाको मुख्य चासो बनेको उक्त आयोजना केही ढिलै भए पनि सम्पन्न हुनेछ। यसले काकाकुलको नियति भोगिरहेका राजधानीवासीमा ठूलो राहत पुग्ने विश्वास गरिएको छ।

यस अवधिमा एसियाली विकास बैंक (एडिबी)को उल्लेख्य सहयोग पाएको छ, नेपालले। उसले नेपालको ग्रामीण सडक संजाल विस्तारका लागि ४ अर्ब रुपैयाँभन्दा बढीको सहयोग उपलब्ध गराउने सम्झौतामा हस्ताक्षर गरेको छ। यसले नेपालका गाउँहरू मूलप्रवाहमा जोडिनेछन् र त्यहाँका उत्पादन बजारसम्म पुग्नेछन्। गरिबी निवारणमा सडक संजालको महत्त्व आफैंमा बढी छ। कृषि विकास बैंकको पुनर्संरचनामा पनि एडिबीले अर्को महत्त्वपूर्ण सहयोग पुर्‍याएको छ। अर्थमन्त्रालयका अनुसार कम्पनीमा परिणत गरिएको उक्त बैंकका लागि एडिबीले साढे ४ अर्ब रुपैयाँभन्दा बढीको आर्थिक सहयोग उपलब्ध गराउनेछ। सरकारी अधिकारीहरूका अनुसार एडिबीले नेपालको कृषि क्षेत्रको व्यवसायीकरणका लागि १ अर्ब र शिक्षामा २ अर्ब रुपैयाँभन्दा बढीको थप आर्थिक सहयोग उपलब्ध गराउने सहमति अन्तिम चरणमा पुगेको छ। सम्भवतः केही दिनभित्रै यी सहयोग सम्झौतामा हस्ताक्षर गरिनेछ।

नेपालको लोकतान्त्रिक आन्दोलनलाई प्रत्यक्ष साथ दिएका भारत र अमेरिकाले पनि यो अवधिमा नेपाललाई उल्लेख्य आर्थिक सहयोग उपलब्ध गराएका छन्। उनीहरूले नेपालको सरकार-माओवादीबीच जारी शान्ति वार्ता र संक्रमणकालमा पनि जारी राख्नु पर्ने विकास कार्यका लागि 'बजेटरी सपोर्ट' पनि उपलब्ध गराएका छन्। भारतले पछिल्लो पटक नेपाल सरकारले आफ्नो प्राथमिकता स्रोतमा खर्च

गर्न पाउने गरी १ अर्ब ६० करोड रुपैयाँ 'बजेटरी सपोर्ट' गरेको छ। बितेको ६ महिनाको अवधिमा भारतले नेपालको आपूर्ति व्यवस्थापन, साना परियोजना र 'बजेटरी सपोर्ट' समेतमा गरी ४ अर्ब रुपैयाँभन्दा बढीको आर्थिक सहयोग उपलब्ध गराएको छ।

अमेरिकी सहयोगको मुख्य चासो नेपालको द्वन्द्व व्यवस्थापन, शान्ति प्रक्रिया, मानवअधिकार, सुशासन र लोकतन्त्रको संस्थागत विकासमा सहयोग पुऱ्याउने कार्यक्रममा देखिएको छ। यस अवधिमा विभिन्न पाँचवटा छुट्टाछुट्टै सम्झौताहरूमार्फत नेपाललाई करिब साढे २ अर्ब रुपैयाँको सहयोग उपलब्ध गराएको छ।

नेपालको मुख्य सहयोगी जापानले यो समयमा नेपालको खाद्य सुरक्षा, संचार र वैदेशिक ऋण समायोजनका लागि करिब २ अर्ब रुपैयाँ उपलब्ध गराएको छ भने अर्को सहयोगी जर्मनीले करिब सवा अर्ब रुपैयाँ गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमहरूका लागि दिएको छ। चीनले ९० करोड र फिनल्यान्डले १ अर्ब रुपैयाँ दिएका छन्, नेपाल सरकारलाई।

एक दशक लामो द्वन्द्व समाधान गरी लोकतान्त्रीकरणको संक्रमणमा रहेको नेपालप्रति अन्तर्राष्ट्रिय समुदाय सकारात्मक रुपमा प्रस्तुत भएको पुष्टि गरेको छ, उनीहरूको अनुदान सहयोगले पनि। किनभने पछिल्लो समयमा गरिब देशहरूलाई दिइने आर्थिक सहयोगहरू मुख्यत: ऋणका रुपमा उपलब्ध गराउने बानी पारेका छन्, अन्तर्राष्ट्रिय वित्तीय संस्था र विकसित मुलुकहरूले। तर, यो अवधिमा नेपालले हात पारेका अधिकांश आर्थिक सहयोग भने अनुदान रहेका छन्।

द्वन्द्वबाट पिल्सिएको विश्वको एक गरिब मुलुक नेपाललाई आर्थिक सहयोग पुऱ्याउन दाताहरू तयार छन् र सरकारसँग प्रस्ट योजनाको अपेक्षा गरेका छन्। नेपाल सरकारको विकास प्राथमिकताका आधारमा सहयोग उपलब्ध गराउने वाचा उनीहरूले दोहोऱ्याइरहेका छन्। तर, सरकारले भने उनीहरूको आग्रहअनुसारका कार्यक्रम दिन सकिरहेको छैन। नेपालको अहिलेको प्राथमिकता पुनर्निर्माण र पुन:स्थापनसँग नै जोडिएको छ। दाताहरूको चासो पनि पुनर्निर्माण कार्यक्रमप्रति देखिएको छ। योजना आयोगका उपाध्यक्ष पोखरेल भन्छन्, 'हामी पनि यही काम पूरा गर्न लागिपरेका छौं।' भौतिक पूर्वाधार पुनर्निर्माणको गति अगाडि बढाउन आयोगले छुट्टाछुट्टै टिम बनाएर अहिले स्थलगत अध्ययनमा पठाएको छ। भौतिक क्षतिको यथार्थ विवरण संकलन गरी पुनर्निर्माण कार्यक्रम तयार गर्न सरकार र आयोगका अधिकारीहरू सम्मिलित टोलीहरूले तयार गरेका प्रतिवेदनका आधारमा आयोगले पुनर्निर्माण कार्यक्रम तयार पार्नेछ। त्यसका आधारमा दाताहरूको सहयोग परिचालन गर्ने सोच बनाइएको छ। उपाध्यक्ष पोखरेल भन्छन्, 'तिहारपछिसम्म हामीले पुनर्निर्माण कार्यक्रम तयार गर्नेछौं।' पुनर्निर्माण कार्यक्रम अगाडि बढाउन सजिलो भए पनि सामाजिक विकास कार्यक्रमहरू तयार गर्न भने सरकारलाई सजिलो छैन। तर, सामाजिक क्षेत्रमा सहयोग केन्द्रित गर्ने दाताहरूले भने सरकारलाई सामाजिक क्षेत्रको कार्यक्रम पनि अगाडि सार्न भनिरहेका छन्।

तर नेपाललाई सहयोग कसरी उपलब्ध गराउने भन्ने मामिलामा सबै दाताहरू एकमत भने छैनन्। केही दाताहरू माओवादीसँग जारी वार्ताले सकारात्मक मोड लिएपछि मात्र नेपालमा पैसा खर्च गर्न चाहन्छन् भने केही दाताहरू शान्ति प्रक्रिया सँगसँगै विकासका कार्यक्रमले पनि गति लिनु पर्ने धारणा राख्छन्। विश्व बैंक, एडिबी, अमेरिका, भारत, बेलायत लगायत मुलुकहरू विकास कार्यक्रमको प्रगतिबाट पनि द्वन्द्व व्यवस्थापनमा सहयोग पुग्ने भएकाले शान्तिवार्तासँगै विकासका कार्यक्रम अगाडि बढाउनु राम्रो हुने सोच राख्छन्।

नेपालले यो आर्थिक वर्षमा ४० अर्ब रुपैयाँभन्दा बढीको आर्थिक सहयोग जुटाएर विकास मुलुकका विकास कार्यक्रम अगाडि बढाउने लक्ष्य राखेको छ। प्रारम्भिक तीन महिनाभित्र १२ अर्ब रुपैयाँभन्दा बढीको आर्थिक सहयोगका सम्झौताहरू सम्पन्न भइसकेको अवस्थामा नेपालले आशातीत वैदेशिक सहयोग जुटाउन गाह्रो पर्ने देखिएको छैन। तर, फेरि पनि मुख्य चुनौती प्राप्त वैदेशिक सहयोग उपयोग गर्न सक्ने सरकारी क्षमतामाथि नै देखिएको छ। नेपालले विकासको खाका बनाउन सकेमा रकमको अभाव हुने अवस्था छैन। तर, प्रस्ट योजना निर्माण र कार्यान्वयनको क्षमता नराख्ने सरकारले सहयोग रकम हिसाब गरेर बस्नुको औचित्य छैन। ■






तस्विरहरू : तेजबहादुर बस्नेत

# फेरियो नेतृत्व

**चालीस वर्षदेखि नेपाल क्रिकेट संघ (क्यान)को अध्यक्ष पदमा कार्यरत जयकुमारनाथ शाहलाई हटाएर विनयराज पाण्डेलाई अध्यक्ष बनाउने निर्णय राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले गरेपछि नेपाली क्रिकेटको अवस्था सुध्रिने आशा गरिएको छ ।**

■ **नवीन अर्याल/काठमाडौं**

**एउटै व्यक्ति विशेषको नेतृत्वमा** विगत चार दशकदेखि चलिरहेको नेपाल क्रिकेट संघ (क्यान)को नेतृत्व परिवर्तन भएको छ । नेपाली खेलकुदको सर्वोच्च खेल निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले नेपालीहरूको महान् चाड दसैंअगाडि जयकुमारनाथ शाहको अध्यक्षतामा चालीस वर्षभन्दा अघिदेखि अस्तित्वमा रहेको क्यानको नेतृत्व परिवर्तन गर्ने निर्णय गरेपछि यो सम्भव भएको हो ।

नेपाल क्रिकेट संघले सन् १९९७ मा अन्तर्राष्ट्रिय क्रिकेट महासंघको स्थायी सदस्यता पाउनुअघिका अप्ठेरा दिनहरूमा नेपाली क्रिकेटको विकासका लागि सबल नेतृत्व दिँदै आइरहेका शाह पछिल्लो समय संघभित्र देखिएको चरम आर्थिक अनियमितता, लबिङ गर्न नसक्दा नेपालमा बन्ने निर्णय भइसकेको एसियाली क्रिकेट महासंघ (एसिसी)को केन्द्रीय एकेडेमीको निर्माण कार्य रोकिनु र पछिल्लो समय नेपाली राष्ट्रिय क्रिकेट टोलीको खराब प्रदर्शनका कारण आलोचित बन्दै आइरहेका थिए ।

'हामीले उहाँको पुरानो योगदानको मूल्यांकन गर्दै सम्मानित भएर बस्न आग्रह गरेका थियौं, तर उहाँले आफूलाई नेतृत्वमात्र स्वीकार्य हुने बताएपछि बिग्रँदो नेपाली क्रिकेटलाई 'ट्र्याक'मा ल्याउन यो



नवनियुक्त अध्यक्ष पाण्डे

निर्णय गर्नु पर्‍यो', राखेपका सदस्य-सचिव जीवनराम श्रेष्ठले *समय*सँग भने ।

सन् १९६५ देखि संघको अध्यक्ष पदमा कार्यरत शाहले भने परिषद्को निर्णयबारे लामो प्रतिक्रिया दिन चाहेनन् । 'नेतृत्व परिवर्तनप्रति सन्तुष्ट नै छु । म जहिले पनि नेपाली क्रिकेटको उन्नति हेर्न चाहन्छु', गत जुनमा एसिसीको विकास समितिमा मनोनीत भएका शाहले *समय*सँग भने । उनले संघको नेतृत्व परिवर्तनसँगै आफूले एसिसीको विकास समितिबाट पनि राजीनामा दिने सोच बनाएको बताउँदै भने, 'यसको निर्णय चाँडै गर्नेछु ।' शाह १९६५ देखि ६ पल्ट पुनर्गठन भएको संघको अध्यक्ष पदमा मनोनीत हुँदै आइरहेका थिए ।

सातौंपल्ट असोज १२ गते राखेपले पुनर्गठन गरेको संघको अध्यक्ष पदबाट शाहको नाम परिवर्तन गरिएपछि चालीस वर्षको अन्तरालमा क्यानको नेतृत्व सम्हाल्ने सुअवसर पाए, विनयराज पाण्डेले । पाण्डे नेपाली क्रिकेटलाई चिनाइरहनु पर्ने नाम भने होइन । नेपाली क्रिकेट अप्ठेरो दिनबाट गुज्रिँदा पूर्व अध्यक्ष शाहकै कार्यसमितिमा महासचिवको पद सम्हाल्दै आइरहेका थिए, पाण्डे । क्रिकेटका जानकारहरू नेपाली क्रिकेटलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउन शाह जति नै पाण्डेको योगदान रहेको बताउँछन् । पाण्डे 'पेपर वर्क'मा उस्ताद मानिन्छन् । छरितो र पारदर्शी भएर काम गर्ने पाण्डे स्पस्टवक्ताको रूपमा पनि परिचित छन् । अन्तर्राष्ट्रिय क्रिकेटमा उनको बलियो पकड र सम्बन्धका कारण सधैं चर्चामा रहने गर्दथे ।

जयकुमारनाथ शाहलाई सफल बनाउन लामो समय महासचिव पदमा रहेर काम गरिरहेका पाण्डेलाई असोज १८ को घटनापछि नेपाली खेलकुदमा बढ्दो दरवारीकरणका कारण उपाध्यक्ष पदमा लगेर थन्काउने काम भएको थियो । यसैबीचमा नेपाल क्रिकेट संघमा संस्थागत हुन थालेको भ्रष्टाचारको विरोध गरेबापत उनी लगायत आर्थिक समितिमा रहेका पाँच सदस्यलाई माघ १९ को घटनापछि संघबाटै निकालिएको थियो ।

'हाम्रा सामु धेरै चुनौती छन् । महासचिव हुँदा

मैले कल्पना गरेको नेपाली क्रिकेटको भविष्य भताभुंग भइसकेको छ । यतिमात्र होइन, सन् २००२ मा हामी जहाँ थियौं, त्यो अवस्थामा पुग्न पनि हामीलाई ४ वर्ष लाग्छ', नवनियुक्त क्यान अध्यक्ष विनयराज पाण्डेले भने । उनले आफू महासचिव हुँदा सन् २००७ सम्म नेपाललाई विश्वकपमा पाइला टेकाउने, एसिसीले स्वीकार गरिसकेको सेन्ट्रल एकेडेमी सन् २००४ सम्म पूरा गर्ने र एसिसीमा लबिङ गर्न नसक्दा गुमेको एसियाकप खेल्ने सपना देखेको बताउँदै यी सबै सपना चकनाचुर भएकोमा नमिठो अनुभव गरेको बताए । 'हाम्रो पहिलो प्राथमिकता नै एकेडेमी निर्माण गर्ने हुनेछ', स्कुल क्रिकेट र चौधवटै जिल्लामा द्वि-दिवसीय राष्ट्रिय लिगको नयाँ योजना सार्वजनिक गर्ने तरखरमा रहेका पाण्डेले भने, 'योविना नेपाली क्रिकेट अगाडि बढ्नै सक्दैन ।'

पूर्व अध्यक्ष शाहले नेपालमा बन्ने भनिएको 'सेन्ट्रल' एकेडेमीका लागि लबिङ गर्न नसक्दा एसिसीले केही महिनाअघि सार्वजनिक गरेको सन् २००६/०७ को वार्षिक बजेटमा एकेडेमीका लागि कुनै रकम छुट्याएको छैन । 'हाम्रा लागि सबैभन्दा ठूलो समस्या भनेको नै यही हो', काठमाडौंको मूलपानीमा बन्ने भनिएको एकेडेमीका विषयमा स्पष्ट कुरा गर्दै पाण्डेले भने । सन् २००२ मा एसिसीले नेपाललाई एकेडेमी निर्माणका लागि स्वीकृति दिँदा अठार लाख अमेरिकी डलर बजेट छुट्याएको थियो ।

पाण्डेको अध्यक्षतामा पुनर्गठित क्यानको तदर्थ समितिमा पुरानै अनुहार समावेश छन् । दामोदर सुवाल महासचिव रहेको उन्नाइस सदस्यीय कार्यसमितिमा श्रीहर्ष कोइराला, वीरेन्द्र गुरुङ, वसन्तलाल श्रेष्ठ, उपेन्द्र भट्टराई, रमेश सिलवाल र चतुरबहादुर चन्द गरी ६ जना उपाध्यक्ष पदमा नियुक्त छन् । असोज १८ पछि निकालिएका पूर्व कोषाध्यक्ष शशि पाण्डेलाई सचिव पदमा नियुक्त गरिएको छ भने नयाँ अनुहारको रुपमा टंक पनेरुलाई कोषाध्यक्षमा ल्याइएको छ । सदस्यहरूमा तारकमणि दीक्षित, प्रेम सेन्चुरी, एलबी क्षेत्री, पवन अग्रवाल, कृष्णलाल कर्ण, शैलेश चौधरी, विनय राजभण्डारी र उत्तम कर्माचार्यलाई नियुक्त गरिएको छ । ■

## अटाएनन् श्रेष्ठ

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले असोज १२ गते उन्नाइस सदस्यीय नेपाल क्रिकेट संघ (क्यान)को पुनर्गठन गरे पनि त्यसमा नरेश श्रेष्ठ अटाउन सकेनन् । चालीस वर्षदेखि नेपाली क्रिकेटमा सक्रिय श्रेष्ठ पूर्वेली क्रिकेटको खम्बा मानिन्छन् ।

'उनलाई उपेक्षा गरिएकोमा दुःख लागेको छ', विघटित संघका केन्द्रीय सदस्य अनिल साहले *समय*सँग भने । श्रेष्ठले २०४४ सालदेखि नै नेपाल क्रिकेट संघको केन्द्रीय सदस्यमा रहेर काम गर्दै आइरहेका थिए । उनी तीन वर्षअघि २०६० साउन ४ गते पुनर्गठित क्यानको कार्यसमितिबाट फ्याँकिएका थिए । उनको कार्यकालमा पूर्वाञ्चलमा क्रिकेटको ठूलै चहलपहल हुने गर्थ्यो । उनलाई संघबाट निष्कासित गरिएपछि पूर्वाञ्चलमा क्रिकेटको वातावरण कम हुँदै गएको अनुभव स्थानीय खेलाडी, प्रशिक्षक तथा रेफ्रीहरूले गर्न थालेका थिए । 'पूर्वमा उनको विकल्प छैन', राष्ट्रिय खेलाडी प्रशान्त हलवाई भन्छन् । श्रेष्ठका दुई छोरा युनिल र मञ्जित श्रेष्ठ अन्तर्राष्ट्रिय खेलाडी हुन् ।

'संघमा ६ जना व्यक्तिलाई उपाध्यक्ष पदमा नियुक्त गर्दा पनि मेरो मूल्यांकन भएन', श्रेष्ठले गुनासो पोखे । जनआन्दोलन-२ को बेला शाही शासनमा खेलाडीहरूको उन्नति नहुने घोषणा गर्दै सर्वप्रथम विराटनगरबाट क्रिकेट खेलाडीहरूलाई आन्दोलनमा उतारेका ५७ बर्षिय श्रेष्ठ नेपालको क्रिकेट खेलिने सबै जिल्लाहरूमा चिनिन्छन्, उनको क्रिकेट मोहका कारण ।



**अस्ट्रेलियाली खेलकुदमा थुप्रै स्वर्ण पदकप्राप्त ओलम्पियन खेलाडी हुँदा हुँदै पनि फ्रिम्यानलाई सिड्नी ओलम्पिकमा मसाल बाल्ने गौरव प्रदान गर्नुमा उनी अस्ट्रेलियाको आदिवासी 'एब्रोजिन' मूलकी हुनु प्रमुख कारण थियो ।**

# समावेशी खेलकुदको अवधारणा



सुधीर अर्ज्याल

**भर्खरै छापाहरूमा** नेपालका प्रख्यात बक्सर स्व. दलबहादुर राना मगरका परिवार आर्थिक समस्याले गर्दा शिक्षा, दीक्षा त परै जाओस्, छाक टार्न समस्यासँग जुध्दै गरेको खबर पढ्न पाइयो । गुल्मीमा रहेका उनका परिवारको समस्याको बारेमा नेपाल मगर संघ, जिल्ला शाखाले आवाज उठाएको रहेछ । खेलाडी जीवनमा देशको लागि रगत र पसिना बगाउने खेलाडीको परिवारको विषयमा सम्पूर्ण खेल जगत् जुर्मुराउनुको साटो गुल्मीबाट मात्र आवाज उठ्नुले खेलकुदमा निमुखाहरूको पहुँच कहिले हुने भन्ने बहसले जन्म लिएको छ ।

लोकतन्त्रको स्थापनापछि केही महिनाअघि मात्र राष्ट्रिय खेलकुद परिषद्को गठन भयो । यतिमात्र होइन, परिषद् मातहतका केही संघहरूको पुनर्गठन पनि भयो, तर यी सबैलाई नजिकबाट नियाल्दा हुनेखाने वा भनौं खास स्थानकै मान्छेहरूको बाहुल्य देखियो फेरि पनि नेपाली खेलकुदमा । यसलाई विडम्बना नै मान्नु पर्छ, खेलकुदको नेतृत्व हाँक्नेहरूको केन्द्रीकृत सोचले गर्दा आज दलबहादुर राना मगरको गुल्मीमा बस्ने परिवारको चिन्ता कसले लिने भन्ने प्रश्न तेर्सिएको छ ।

हिजो आफ्नो जमानाका नामुद कुस्तीबाज पशुपति यादव र वशीर मियाँ आज वैकल्पिक उपायको अभावमा पूर्वी तराईमा हलो जोतेर जीवन धान्दै आइरहेका छन् । सक्रिय खेल जीवन समाप्त भएपछि खेल क्षेत्रमै अटाउने उनीहरूको उत्कट चाहना पहुँच र पकड नभएकै कारण समाप्त भएको थियो । 'सायद आफ्नो मान्छे नभएर होला राष्ट्रले सम्झन चाहेन' भन्ने पशुपति यादवको भनाइले सक्रिय खेल जीवनबाट संन्यास लिएपछि पहुँच र पकड नभएकै आधारमा किन उनीहरूको सबै भूमिका समाप्त हुन्छ ? भन्ने नैतिक प्रश्न पनि खडा भएको छ । स्व. दलबहादुर राना मगरका गुल्मीमा बस्ने परिवारको दुःख यिनै कडीका नवीनतम उदाहरण हुन् ।

केही महिनाअघि विश्वविख्यात बक्सर मोहम्मद अलिलाई जर्मनीको प्रतिष्ठित शान्ति पुरस्कार प्रदान गरियो । यो पुरस्कार उनलाई अमेरिकी नागरिक अधिकार आन्दोलन र संयुक्त राष्ट्रसंघको अभियानलाई सहयोग गरेबापत प्रदान गरिएको थियो । १५ नोभेम्बर २००५ मा अमेरिकी राष्ट्रपति बुसले मोहम्मद अलिलाई स्वतन्त्रताको लागि राष्ट्रपति पुरस्कार प्रदान गरेका थिए । यति मात्र होइन, सन् १९९६ को एटलान्टा ओलम्पिकमा मसाल बाल्ने गौरव पनि अलिलाई नै प्रदान गरिएको थियो, जब कि भियतनाम युद्धताका अमेरिकी सेनामा भर्ना भएर लडाइँमा जान उनले ठाडै अस्वीकार गरेका थिए । यसबापत उनलाई बक्सिङ खेल्नबाटै प्रतिबन्ध पनि लगाइएको थियो । एउटा सामान्य अफ्रो-अमेरिकी परिवारमा जन्मेर पनि बक्सिङबाट प्रसिद्धि कमाएका अलिले खेल जीवनपछि मानव शान्ति, खेलकुद क्षेत्रको विकास र विस्तारमा योगदान दिन पाउनुमा अमेरिकी खेल जगत्मा विद्यमान उदारपन प्रमुख कारण रहेको छ । त्यस्तै सन् २००० को सिड्नी ओलम्पिकमा खेलाडीको रुपमा सहभागी अस्ट्रेलियाली क्याथी फ्रिम्यानले ओलम्पिक मसाल बाल्ने गौरव प्राप्त गरिन् । अस्ट्रेलियाली खेलकुदमा विगतमा थुप्रै स्वर्ण पदकप्राप्त ओलम्पियन खेलाडी हुँदा हुँदै पनि फ्रिम्यानलाई त्यो गौरव प्रदान गरिनुमा उनी अस्ट्रेलियाको आदिवासी 'एब्रोजिन' मूलकी हुनु प्रमुख कारण थियो ।

अहिले खेल क्षेत्रमा तल्लो एवं निमुखा वर्गको पहुँच र पकड हुनु पर्छ भन्ने आवाज सर्वत्र उठिरहेको छ । माथिको उदाहरणबाट पनि खेल प्रतिस्पर्धाबाहेक अन्य खेलसम्बन्धी गतिविधिमा सामान्य वर्गको पनि पहुँच र पकड हुनु पर्छ भन्ने कुरालाई कति गम्भीरतापूर्वक लिइन्छ भन्ने कुरा पुष्टि हुन्छ ।

प्रतिस्पर्धाको कुरा गर्ने हो भने सम्भवतः खेलकुद मात्रै यस्तो क्षेत्र हो, जहाँ कुनै भेदभाव हुँदैन । तर, खेल मैदानबाहेक अन्य व्यवस्थापकीय गतिविधिमा चाहिँ भेदभाव रहेको कटु यथार्थ स्विकार्नै पर्छ । ओलम्पिक कमिटी, ओलम्पिक काउन्सिल अफ एसिया जस्ता अन्तर्राष्ट्रिय खेल संस्थाहरूमा केही हदसम्म भेदभाव रहेको छ । यही कुरा विचार गरेर नै अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले केही निश्चित सदस्यहरू ओलम्पिक खेलाडीहरूबाटै चुनिएर आउनु पर्ने प्रावधान राखेको छ । नेपालमा पनि यहाँको ओलम्पिक कमिटीमा निश्चित सदस्यहरू पूर्व ओलम्पियन एव एसियन खेलाडीहरूबाट छानिएर आउने प्रावधान राख्न सक्नु पर्छ, जसले गर्दा खेलकुदको अन्तर्राष्ट्रिय संस्थामा निमुखा वर्गको पहुँच सम्भव हुनेछ । जहाँसम्म राष्ट्रिय खेलकुद परिषद् र संघहरूको कुरा छ, त्यहाँको संगठनात्मक संरचना हेर्दा त्यो परम्परागत सोच र मान्यताभन्दा माथि उठ्न सकेको देखिँदैन ।

अहिले संसारभर नै सक्रिय खेल जीवनबाट संन्यास लिएका खेलाडीहरूको अनुभव सदुपयोग गर्न उनीहरूलाई खेल क्षेत्रको व्यवस्थापकीय गतिविधिमा संलग्न गराउने सोच बढ्दै गएको छ । अहिले अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलले दुई राष्ट्रबीच हुने क्रिकेट म्याचमा भूतपूर्व टेस्ट खेलाडीहरूलाई म्याच रेफ्रीको रुपमा खटाएर उनीहरूको अनुभवको लाभ लिइरहेको छ । नेपालमा खेल जीवनबाट संन्यास लिनेबित्तिकै अथवा खेलाडी हुँदै नोकरी दिने सोचाइ मात्र रहेको देखिन्छ । खेलाडीलाई नोकरी दिएर उनीहरूको आर्थिक भविष्य सुदृढ गर्नु स्वागतयोग्य कुरा हो । तर, नेपाल जस्तो गरिब देशमा सबैलाई नोकरी दिन सम्भव छैन । तसर्थ खेल क्षेत्रमा लागेका खेलाडीहरूले संन्यास लिएपछि नोकरी पाउन नसकेकाहरूको अनुभवबाट लाभ लिन संघ, परिषद्, ओलम्पिक कमिटी आदिमा उनीहरूको उपस्थिति सुनिश्चित गरिनु पर्छ । अन्यथा पहुँच र पकड नभएका पशुपति यादव, वशीर मियाँको जस्तो नियति एवं दलबहादुर राना मगरको परिवारको पीडा अझै धेरै पूर्व खेलाडीहरूले भविष्यमा भोग्न बाध्य हुनेछन् । ■

(अर्ज्याल राष्ट्रिय खेलकुद परिषद्का पूर्व सदस्य हुन् ।)

# पार पाउन कठिन

■ दीपा गौतम

**फर्डनार्ड अल्वेर्टोका अनुसार प्रतिलिपि अधिकार हस्तक्षेप भए–नभएको भनेको बीचमा राखिएको रबरको मसिनो धागो हो, यो जति तन्कायो उति तन्किने र जता ढल्कायो उतै ढल्किने हुन्छ ।**

'लेकाली हे ऽऽऽ चोयाको डोको' (राम थापा), 'झम्के फूली नाकैमा बुलाकी' (ध्रुवराज खड्का) र 'मै छोरी सुन्दरी कसरी भरुँ पानी' (भारती उपाध्याय) बोलका गीतहरूको रिमिक्स एल्बम बजारमा आयो । आफूले गाएका गीतहरू अरु कसैले अनुमतिबेगर रेकर्ड र प्रसारण गरेकोमा तीनैजना गायक-गायिकाले पुनरावेदन अदालत पाटनमा निषेधाज्ञा जारी गराउन मुद्दा हाले । ८ माघ २०६१ मा अदालतले ती रिमिक्स गीतहरूको प्रकाशन, बिक्री वितरण र प्रसारण नगर्नु-नगराउनु भन्ने अन्तरिम आदेश दियो । प्रसारण संस्थाहरूले तत्कालै आदेश पालना गरे । त्यसैले अचेल ती गीतका रिमिक्स संस्करण बज्दैनन् र मौलिक गीतहरू त्यसरी नै बजिरहेछन्, जसरी पहिला बज्ने गर्दथे ।

नेपालकै एउटा टेलिभिजन च्यानलद्वारा निर्मित-प्रसारित वृत्तचित्रका दृश्यहरू नेपालकै अर्को टेलिभिजन च्यानलले प्रत्येक साँझबिहान प्रसारण हुने राष्ट्रिय धुनमा देखाइरह्यो । दृश्य संयोजन, प्रकाश र क्यामेरा एंगल एउटै भएको त्यो दृश्य निश्चय पनि स्वीकृति नलिईकन अर्को च्यानलले प्रयोग गरेको थियो, तर आफूले निर्माण गरेको वृत्तचित्रका दृश्यहरू अर्को च्यानलबाट अनुमति नलिईकन प्रसारण हुँदा सोधपुछसम्म पनि गरिएन, मुद्दा हाल्न त परै जाओस् । धन्न, शाही सरकार ढलेपछि अर्को च्यानलले 'कपी' गरिएका दृश्यसहितको राष्ट्रिय धुन बजाउन छोड्यो । नत्र कुनै दिन फेरि त्यो कुरा उठ्न पनि सक्थ्यो ।

माथिका प्रसंगहरू प्रतिलिपि अधिकार र त्यसको संरक्षणसँग सम्बन्धित छन् । नेपालको प्रतिलिपि अधिकार ऐन, २०५९ ले कुनै पनि सृजना वा रचनाको उत्पादन, पुनरुत्थान, सर्वसाधारणमा प्रचार, अनुकरण, संयोजन, अनुवाद, परिमार्जन तथा संशोधन गर्ने अधिकार सम्बन्धित स्रष्टामा मात्र निहित राखेको छ । जसमा, आफ्नो रचना वा सिर्जनाको प्रयोग गर्ने, प्रयोगको अनुमति दिने वा प्रयोगमा प्रतिबन्ध लगाउने वा लगाउन अनुमति दिनसक्ने एकलौटी अधिकार पनि केवल स्रष्टामै निहित रहने व्यवस्था गरेको छ । उक्त ऐनको सहयोगले थापा, खड्का र उपाध्यायले आफ्नो सृजनाको गुमेको प्रतिलिपि अधिकारको पुनः संरक्षण गराएको पाइयो भने वृत्तचित्र निर्माण गर्ने र राष्ट्रिय धुनमा अर्को च्यानलको दृश्य प्रसार गर्ने दुवै टेलिभिजन च्यानलहरू उदासीन भएको देखियो ।

टेलिभिजन सामग्रीहरूलाई लिएर प्रतिलिपि अधिकारको उल्लंघन भएका घटनाहरू नेपालमा प्रशस्त छन् । एक नामले एउटा च्यानलमा स्थापित भइसकेको कार्यक्रमलाई सामान्य हेरफेर गरी सोही नाममा अर्को च्यानलबाट प्रसारण हुनु र केही अघि एउटा च्यानलले 'डकुड्रामा'मा प्रयोग गरेका दृश्य केही पछि अर्को च्यानलबाट प्रसारित गीतहरूमा देखा पर्नुलाई आश्चर्य मान्नुपर्ने अवस्था छैन । अर्कै च्यानलमा संग्रहीत ऐतिहासिक घटना वा दिवंगत मनिषीहरूका दृश्यहरू साभारविना नै अर्को टेलिभिजन च्यानलबाट प्रसारित हुनु, एउटै ढाँचाको कार्यक्रम 'फर्म्याट राइट'विना अर्को च्यानलले प्रस्तुत गर्नु एवं एउटाले एउटा च्यानलको लागि परिकल्पना गरेको कन्सेप्टलाई अर्कोले उछिनेर अर्कै च्यानलबाट प्रसारण गर्नु पनि सामान्य भएको छ ।

कार्यक्रम, वृत्तचित्र, खेलकुद इभेन्ट, गीत-संगीतबाहेक टेलिभिजन समाचारको पनि प्रतिलिपि अधिकारको उल्लंघन हुने सम्भावना छ । यद्यपि समाचार आफैं भने प्रतिलिपि अधिकारको विषयभित्र पर्दैन, तर टेलिभिजनको समाचार केवल कोरा समाचार मात्र नभई थुप्रै सिर्जनशीलताको समष्टि रुप हो । मानिलिऊँ कुनै एउटा दुर्घटना भयो । दुर्घटनाको समाचार उही भए पनि त्यसको आलेख र प्रस्तुति, त्यसमा प्रयोग गरिएका सट्हरू, संवाददाताले 'स्ट्यान्डअप' गरेको ब्याकग्राउन्ड एवं सिर्जनात्मक प्रयोग लगायत समाचार 'क्याप्सुल'को समग्र प्रस्तुतीकरण (इन्टायर अपिरिअन्स) प्रत्येक संवाददाता र च्यानलको आ-आफ्नै हुन्छ । तसर्थ यदि कुनै संवाददाता वा च्यानलले अर्को च्यानलबाट प्रसारित समाचार क्याप्सुलको दुरुस्त नक्कल गर्छ भने त्यसलाई प्रतिलिपि अधिकारको उल्लंघन भएको मान्नु पर्दछ । यस कुरालाई 'प्रत्येक सृजनात्मक कार्यको प्रतिलिपि अधिकार हुन्छ' भन्ने नेपालको प्रतिलिपि अधिकारको प्रावधान र 'कपीराइट प्रोटेक्ट नट आइडियाज बट एक्सप्रेसन अफ आइडियाज' भन्ने विश्वव्यापी मान्यताले समेत पुष्टि गरेको र मान्यता दिइएको पाइन्छ ।

समाचारका रुपमा प्रयोग गरिने फुटेजहरू पनि यदाकदा प्रतिलिपि अधिकारको उल्लंघनसँग जोडिन पुग्छन् । हालै श्रीलंकामा सम्पन्न साग २००६ खेलकुदको सम्पूर्ण प्रसारणको एकलौटी अधिकार श्रीलंकाको सरकारी च्यानल रूपावाहिनीसँग एनटिभी-२ ले लिएको थियो । यसको अर्थ अरू च्यानलहरूले नियमानुसार उक्त खेलका गतिविधिहरू समाचार प्रयोजनको लागि सानो अंशबाहेक प्रसारण गर्न पाउँदैनथे । तर, समाचारकै शीर्षकमा अटाएको निहुँमा खेलकुदका दृश्यहरूको लामै अंश अरू च्यानलहरूबाट समेत प्रसारण भयो । नेपालको प्रतिलिपि अधिकार ऐन २०५९ ले अरूमा निहित प्रतिलिपि अधिकारको सानो अंशलाई स्रोत खुलाई वा अनुमति लिई पुनरुत्पादन गर्न पाउने छुट दिएको छ । तर, त्यो अंश कति सानो हो र गुण र परिमाणमध्ये कुनमा सानो हो त्यसको स्पष्ट किटान गरेको छैन । दृश्यको गुणात्मकता र दिगोपनलाई हेर्ने हो भने फुटबल खेलमा गोल भएको सट् सानै अंश भए पनि ठूलो हो र गोल नभएका दृश्यहरू ठूलै परिमाणमा देखाइए पनि साना हुन् । तसर्थ प्रतिलिपि अधिकार ऐनमा प्रयोग गर्न पाइने सानो अंशका सम्बन्धमा थप स्पष्ट व्याख्या नभएसम्म प्रसारणको एकलौटी अधिकार लिने र त्यसलाई साभार गर्ने कुनै पनि च्यानलहरू भ्रममा रहिरहने स्थिति छ ।

नेपालका प्रसारण संस्थाहरूले प्रतिलिपि अधिकारको विषयलाई प्राथमिकता दिएका छैनन् । थाहा नपाउनु, नबुभ्नु वा बुझ पचाउनु र नीच मार्नु त्यसका केही कारण हुन सक्छन् । नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयका कानुन अधिवक्ता दीपक खनाल भन्छन्, 'हालसम्म प्रसारण संस्थाहरूको प्रतिलिपि अधिकारमा हस्तक्षेप भएका मुद्दा परेको जानकारीमा आएको छैन । गीत-संगीत र पुस्तकहरूका सम्बन्धमा भने त्यस्ता मुद्दाहरू पाइन्छन्, तर मुद्दा नपर्नुको अर्थ हस्तक्षेप नहुनु भने होइन । बरु हस्तक्षेप गर्नेहरू आफ्नो कर्तव्यप्रति विमुख र मुद्दा दायर गर्न नसक्नेहरू आफ्नो अधिकारप्रति विश्वस्त नहुनु हो ।'

जटिल, प्राविधिक र कानुनी मानिने प्रतिलिपि अधिकारको 'आतंक' प्रसारण संस्थाहरूमा प्रवेश गरेपछि त्यसबाट पार पाउन कठिन छ । एसियन ब्रोडकास्टिङ युनियनका लिगल काउन्सेल फर्डनार्ड अल्वेर्टोका अनुसार प्रतिलिपि अधिकार हस्तक्षेप भए-नभएको भनेको बीचमा राखिएको रबरको मसिनो धागो हो, यो जति तन्कायो उति तन्किने र जता ढल्कायो उतै ढल्किने हुन्छ । उनी भन्छन्, 'यसै कारणले एसिया प्रशान्तक्षेत्रका प्रसारण संस्थाहरूलाई यो एउटा टाउको दुखाइको विषय भइरहेछ ।' नेपाली च्यानलहरूलाई हालसम्म नपिरलेको यो प्रकरणले भोलि समस्याको रुप नलेला भन्न सकिन्न । त्यसैले प्रतिलिपि अधिकार ऐन, २०५९ मा प्रसारण संस्थाहरू तिनका तरंग र प्रसारित सामग्रीहरूका बारेमा मिहिन ढंगले पुनर्व्याख्या वा संशोधन गर्ने बेला आइसकेको छ । तर, प्रविधिको रफ्तारमा कानुन परिवर्तन नहुने हुनाले अहिलेको स्थितिमा भने प्रसारण संस्थाहरूबीच स्वस्थ प्रतिस्पर्धा, व्यवसायिकता र स्वयं अनुशासनमा बस्ने नीति नै प्रतिलिपि अधिकारको झमेलाबाट जोगिने सबैभन्दा राम्रो उपाय हुनसक्छ । ■



# जंगल नायिका र नमेटिने घाउ



■ मणि लोहनी

**'चौबीसै घन्टा भीडमा** बसेर पनि म आफैंभित्र एक्ली छु', उसले तल्लो ओठ टोकी र मलाई हेरिरही, 'तपाईं अनुमान गर्न सक्नुहुन्छ ? मसँग अहिले पनि एउटा सिंगो बटालियन छ । ठूलै जिम्मेवारी छ र पनि म एक्ली छु ... नितान्त एक्ली ।'

चम्पादेवीबाट घाम ओर्लिएको धेरै समय भएको छैन । सडकमा घर फर्कनेहरूको व्यस्तता थपिँदै गएको छ । गाडीको झर्कोलाग्दो आवाज पनि छन् साथमा ।

म केही बोल्दिनँ । चियाको कप उठाउँछु र चुस्की लिन्छु । ऊ निहुरिन्छे । आफैंले लगाएका सटको टाँक चलाउँछे । 'भीडमा भएर पनि एक्ली हुनु कस्तो नमिल्दो हगि लोहनी ।' अब ऊ मेरो उपस्थिति खोज्छे । म केही बोलूँ र म ऊसँगै हुनुको प्रमाण पेस गरौं भन्ने उसलाई लागेको छ ।

'तिमी कहाँ एक्ली छौ र एकता । तिमीसँग सिंगो देश परिवर्तन गर्ने आकांक्षा छ । नयाँ नेपालको सपना', म भन्छु ।

'समूह र पार्टीका मामिलामा म दुःखी छैन । हामी सफलताको उपल्लो स्थानमा आइसकेका छौं । हाम्रा सपना हाम्रा पार्टीका सपना मात्र होइन । सिंगो नेपालको सपना हो, जुन पूरा हुँदै छ ।'

कार्यकर्ता प्रशिक्षण कार्यक्रममा बोलेझैं ऊ बोल्न थाली । म उसको पार्टीको कार्यकर्ता थिइनँ, तर कार्यकर्ताझैं चुप लागेर सुनिरहें,

'तर म व्यक्तिगत रुपमा खुसी छुइनँ । मेरो सपना आरु फूलका सपनामा अनुवाद भएको छ । निमेष भरमा नै झरेर गएको छ ।'

बोल्दा बोल्दै ऊ भावुक भई ।

'तपाई कल्पना पनि गर्न सक्नु हुन्न । गोली लागेपछि ऊ कसरी छटपटाएको थियो ।' म उसका कुरामा तानिँदै जान्छु ।

पिउन लागेको चिया टेबुलमै राख्छु पिउन सक्दिनँ ।

'निकैबेर छटपटिन सकेन ऊ । आफ्नै आँखाअगाडि आफ्नै प्रेमीको मृत्यु' बोल्दा बोल्दै ऊ रोकिई । रुन लागेकी हो कि भनेर म उसलाई हेर्छु, तर होइन रहेछ ।

'ऊ मरेपछि दुस्मनहरू कहाँ छन्, मलाई ख्याल भएन । सात घन्टा हिँडेर क्याम्पमा पुगेर थाहा पाएँ हामीले दुस्मनलाई भगाएछौं ।'

उसको अनुहार अलिकति उज्यालियो ।

एकता र म यतिखेर भोटाहिटीको एउटा सामान्य चिया पसलमा छौं । अलि अघिसम्म ऊ मिठो मानेर जेरी खाँदै थिई । उसलाई जेरी सारै मन पर्छ । मचाहिँ चिया पिउँदै छु ।

जनआन्दोलनको सफलतासँगै ऊ काठमाडौं छिरेकी । ऊ काठमाडौं भर्खरै आएकी भए पनि उसको र मेरो भेट भएको एक वर्ष भइसक्यो । अहिले जसरी हामी सहरको मध्यभागमा बसेर चिया पिइरहेका छौं । त्यति सहज वातावरण कहाँ थियो र मैले उसलाई पहिलो चोटि भेट्दा । डर, त्रास, आशंका र अविश्वासको वातावरण थियो हामीबीच ।

विक्रम संवत् २०६२ माघको पहिलो साता हुनुपर्छ त्यो । स्याङ्जाको कुनै घना जंगलबीच हाम्रो भेट भएको थियो । टेलिभिजनमा काम गरेको नाताले मलाई एउटा निजी कम्पनीले माओवादी छापामारको प्रेम जीवनसम्बन्धी डकुमेन्ट्री बनाउने जिम्मा दिएको थियो । माओवादी निकट पत्रकार साथीहरूको सहयोगले मैले एकतालाई भेटने अवसर पाएको । संजोग कस्तो थियो भने, स्याङ्जाको मनकामना भिडन्त भएको दुईचार दिन पनि बितेको थिएन । पुस २९ गते राति त्यहाँ ठूलो भिडन्त भएको थियो ।

चारैतिर डर र त्रासबाट आतंकित अनुहारहरू थिए । त्यही भिडन्तमा जित स्मृति ब्रिगेडका बटालियन सहायक कमान्डर प्रदीपको मृत्यु भएको थियो । कमान्डर प्रदीप माओवादी सेनामात्र थिएनन् । एकताका श्रीमान् पनि थिए ।

आफ्नो पतिको मृत्युमा ऊ भावुक थिई । मैले उसलाई आफ्नो क्यामरामा बोल्न लगाएको थिएँ ।

'हामीसँगै लड्दै थियौं । उसलाई गोली लाग्यो । ढलेर ऊ छटपटिन थाल्यो । म हेर्दै थिए उसको छटपटि सकियो । रुँदै रुँदै त्यही झोला र बन्दुक बोकेर क्याम्पमा आएँ अनि शोकलाई शक्तिमा बदल्तिर लागें ।'

त्यतिखेर र अहिलेमा, वातावरणमा मात्र होइन एकतामा समेत परिवर्तन आइसकेको छ ।

मसँगको पहिलो भेटमा ऊ जतिखेर क्यामरामा बोल्न तयार थिई । १९ ननाघेकी उसले कम्ब्याट ड्रेस लगाएकी थिई । खुट्टामा चप्पल थियो र हातमा सर्ट मेसिन गन-एसएमजी बोकेकी थिई । अहिले ऊ कपडाको सामान्य पेन्टसर्टमा आएकी छ । खुट्टामा स्पोर्ट सुज छ र हातमा नोकियाको सानो मोबाइल सेट ।

म उसलाई हेर्छु हुर्कदै गरेको बैंस उसको अनुहारमा छ । तर आँखामा... म हेर्न पनि सक्दिनँ । फुटेका सपनाका अवशेषहरू छन् आँखामा । बैंस नफक्रँदै आँखामा सपना मर्नु । कस्तो उदेकलाग्दो ..... अनौठो लाग्ने भाव छ उसको अनुहारमा । म यहाँ लेख्नु पनि सकिरहेको छैन । मलाई मन परेकी यो नायिका, जंगल नायिका अहिले दुःखको स्केच बनेकी छे ।

पहिलो चोटि मैले एकतालाई भेट्दा कस्तो आभा थियो उसको अनुहारमा । त्यतिखेर उसको लोग्नको मृत्यु भएको तीनचार दिन पनि भएको थिएन, तर दुस्मनलाई सजिलै परास्त गर्ने आँट र जोस थियो ऊ र उसका हाउभाउमा ।

तर, मनमा कहिले नपुरिने घाउ हुर्काउँदै लगिरहेकी थिई त्यतिखेरै ।

ऊ भन्थी, 'लडाइँको एउटै मोर्चामा लड्दा लड्दै प्रेमी गुमाउँदाको पीडा म कहिले भुल्न सक्दिनँ ।'

आज पनि एकतासँग त्यही घाउ छ । त्यही घाउका चस्काइहरूमा ऊ बेला बेलामा बर्बराउँछे, 'म एक्ली छु नितान्त एक्ली ।'

आफ्नै ब्रिगेडका बटालियन सहायक कमान्डरसँग प्रेम बसेपछि पार्टीको स्वीकृतिमा उसले प्रदीपसँग जनवादी विवाह गरेकी थिई । तर विवाह भएको ६ महिना पनि नबित्दै मनकामनाको भिडन्तमा प्रदीप मारिए ।

'अहिले युद्धविराम छ । सबै ढुक्कसँग बस्न पाएका छन्, तर युद्धका बेला कतिबेला मारिने हो केही ठेगान हुँदैन थियो ।' ऊ फेरि सहज भई, 'त्यही भएर हामी पार्टीमा लागेकाहरू आफूले मन पराएकासँग पार्टीको स्वीकृति लिएर विवाह गरिहाल्थ्यौं । भलै त्यो सम्बन्ध छिट्टै वियोगमा किन नबदलियोस् ।'

त्यतिखेर मलाई डकुमेन्ट्री बनाउन एकताले निकै सहयोग गरेकी थिई । पार्टीभित्रका धेरै तथ्यहरू उसैले दिएकी थिई ।

मैले मेरो डकुमेन्ट्रीको स्क्रिप्टमा लेखेको छु- माओवादीमा ४० प्रतिशत महिला सैन्य छन् । लडाइँको मोर्चामा महिला पुरुष सँगसँगै हिड्छन् । लिंग विभेद नहुने भएकाले सँगै बस्ने हिड्ने क्रममा माया बस्न पुग्छ । माया दोहोरो भयो भने पार्टीमा कुरा राखिन्छ । यौनमा माओवादी पार्टी खुलस्त छैन । तर प्रेममा भने उदार छ । पार्टीले प्रेम विवाहलाई अनुमति दिएपछि जनवादी विवाह भइहाल्छ, तर प्रेम विवाहको यो खुसी धेरै लामो समयसम्म नरहन सक्छ । बन्दुकको नाल र खुकुरीको धारमा चलेको जिन्दगीको केही भर हुँदैन । लडाइँको मोर्चामा हिँड्दा एकजना मारिएपछि बाँच्नेको लागि यो पीडा कहिल्यै नमेटिने घाउ भएर रहन्छ अनि सधैं सधैंलाई बाँकी रहन्छ.– जंगल नायिका र नमेटिने घाउहरू ।

प्राविधिक रुपमा जे जस्तै भए पनि मेरो डकुमेन्ट्रीलाई धेरैले रुचाएका थिए । पार्टी पंक्तिका केही मानिसले प्रशंसा गरेका थिए भने एक दुईले विरोध पनि गरेका थिए । तर जुन कम्पनीका लागि मैले त्यो डकमेन्ट्री बनाएको थिएँ । त्यो कम्पनीले 'जंगल नायिका र नमेटिन घाउ'बाट राम्रै व्यापार गरेको थियो ।

आज त्यही डकुमेन्ट्रीकी नायिकासँग मेरो भेट भएको छ । युद्धविरामअघि पनि उसले मलाई एक दुई ठाउँबाट फोन गरेकी थिई ।

मैले कतिपटक एकतालाई सम्झाएको पनि छु । तर ऊ मेरो कुरा सुन्दै सुन्दिन, अक्सर भन्छे, 'जिन्दगीलाई सान्त्वना दिनु अलग कुरा हो, लोहनी । तर वियोगको पीडा भुल्न निकै गाह्रो हुँदो रहेछ ।'

'अब फेरि बिहे गर्दिनौ ?' म प्रसंग फेर्छु ।

'भविष्यमा के हुन्छ ? तर अहिले दोस्रो बिहे गर्ने मन छैन ।' ऊ सहज बन्छे ।

म चिया र जेरीको पैसा तिर्छु । हामी बाहिर निस्किन्छौं । साँझको समय । सडकमा गाडीहरूको ताँती छ । ऊ नयाँबजारमा बस्ने भएकीले लैनचौरसम्म सँगै हिँडेर जाने सहमति हुन्छ ।

'फेरि जंगल फर्कने हो एकता ।'

'हेरौं पार्टीले के भन्छ । '

'मैले तिमीलाई सोधेको, पार्टीलाई होइन ।'

'साँच्चि भनौं', ऊ मेरो कुममा हात राख्छे । 'मलाई त जान मन छैन । अब मान्छेको मनहरूबाट विद्रोह गर्नुपर्छ जंगलबाट होइन ।'

कति सुल्झेको जवाफ । मलाई रमाइलो लाग्छ ।

शिक्षा मन्त्रालयअगाडि पुगेपछि ऊ रूखमा झुन्डिएका चमेराहरू हेर्दै भन्छे , 'त्यस्तै गरी झुन्डिन्थ्यौं हामी, युद्ध अभ्यासका दिनहरूमा । कति सघाउँथ्यो प्रदीपले मलाई ।' ऊ मलीन हुन्छे ।

साँझ अझ धमिलिन्छ । चराहरू उड्छन् आकाशमा विरही लयसँगै । ठमेल हान्निएका टिनएज जोडीहरूमा अल्झाइहरू छन् । माया छैन । एकता सुल्झेकी छे । प्रस्ट छे, तर मलीन छे । उदास छे । त्यतिभएरै पनि ऊभित्र माया छ । देशप्रतिको माया । अनि त्योभन्दा पनि प्रदीपप्रतिको माया । म केही बोल्न सक्दिनँ । प्रदीपबाट सुरु भएकी मेरो डकुमेन्ट्रीकी नायिका प्रदीपमै पुगेर टुङ्गिएकी छे ।

के सक्ली उसले प्रदीपबाट मुक्त हुन ??

नमेटिने घाउबाट छुटकारा पाउन ??? ■

# वर्ग संघर्ष

■ **कुलदीप पौडेल**

जब म प्रवेशिका परीक्षामा सामेल भएँ
त्यतिखेरै लेनिन र माओलाई पढ्न थालें
दुई दशकदेखि राता किताब पढे पनि
मेरो मानसपटलमा कहिल्यै घुस्न नसकेको
मेरो मनभित्र पनि कहिल्यै छिर्न नसकेको
साँच्चै भनौं भने - मैले कहिल्यै बुझ्न नसकेको
एउटा तिलस्मी विषय नै बन्न पुगेको छ,
वर्ग संघर्ष

एउटा बस्तीको यो साँचो कथा
वर्गहरू जन्मिने, हुर्कने र मौलाउने कथा
बस्तीका आधा केटाकेटी विद्यालय जान्छन्
विद्यालय नपुग्नेहरू तुरुन्तै बेग्लै वर्गमा दर्ज हुनपुग्छन्
विद्यालयको एउटा कक्षामा
एउटै शिक्षकले पढाउँछन्, उही पाठ्यक्रम पढाइ हुन्छ
एउटै प्रश्नपत्र सोधिन्छ र उही जाँचकीले उत्तरपुस्तिका जाँच्छ
तर, विडम्बना एकजना प्रथम
र, बाँकी उत्तीर्ण मात्र
यतिमात्र कहाँ हो र
औपचारिक परीक्षाको तानाबानामा अल्झनेहरू अनुत्तीर्ण हुन्छन्
सभ्यता र मानवताको पाठ पढाउने विद्यालयले नै वर्ग जन्माइदिन्छ

विद्यालय र विश्वविद्यालयले सफल ठहराएका वर्गबीच नै
लोकसेवा आयोग वा त्यस्तै अरू आयोगहरूले
तीव्र प्रतिस्पर्धा गराउँछ
उत्तमहरूबीच नै अति उत्तमहरूको छनोटको नाममा
समान योग्यता र समान क्षमता भएका उम्मेदवारबीच नै
नयाँ वर्गहरू जन्माइदिन्छ
अब ती अत्युत्तम ठहरिएकाहरू नै
सरकारी, अर्धसरकारी वा गैरसरकारी कार्यालयमा पुग्छन्
कोही काम लगाउने र मात्र निर्देशन दिने हुन्छन्
अर्काथरी थर्थरी काँप्दै निर्देशन पालना गर्ने हुन्छन्
फेरि हुन्छ, त्यहाँ पनि नयाँ वर्गहरूको जन्म
एउटा हाकिम वर्ग र अर्को कारिन्दा वर्ग

मनभित्र अझै गहिरो प्रश्न रोपिन्छ
वर्गविहीन समाजको परिकल्पना गर्नेहरूभित्रै पनि
किन नयाँ वर्गहरू उम्रिएका होलान् ?
रूस र चीनमा नयाँ वर्गहरू उम्रिए
एमाले, मसाल र वाममोर्चाहरूमा नयाँ वर्गहरू झाँगिए
माओवादीको शासनक्षेत्रमा पनि नयाँ वर्गहरू उम्रिसके

वर्ग संघर्ष चर्काउनेहरू नै शासक बनेपछि
तिनैले फेरी नयाँ पीडित वर्गहरू जन्माउन थालेपछि
अनि आफैंले जन्माएका शोषित वर्गहरूलाई दमन गर्न थालेपछि
कहिले अन्त हुने यो वर्ग संघर्ष ? ■

# कर्णप्रिय आवाजको अवसान



सौजन्य: समाचारपत्र

बाँचुन्जेल आफ्नो परिचय दिन एउटै शब्द काफी भयो उनलाई । रेडियो नेपालबाट एक दशकअघि सुरु भएको 'फोन इन' कार्यक्रमले उनलाई मुलुकभित्र सर्वाधिक लोकप्रिय रेडियो प्रस्तोताका रुपमा स्थापित गरायो । तीसको दशकतिर ओखलढुंगा जिल्लाको रगनी गाविसबाट अनेक सपना बुनेर काठमाडौं छिर्दा आफूभित्र भएको अद्भुत वाचनकलाले उनलाई रेडियो नेपालभित्रै जागिरको जोहो मिलाउन अलिकति पनि गाह्रो परेन । अन्ततः संघर्षका अनेकौं आरोह अवरोह पार गर्दै सफल व्यक्तित्वमा दरिए, पाण्डव सुनुवार ।

सुरुका दिनमा ज्यालादारी कर्मचारीका रुपमा रेडियो नेपालमा प्रवेश गरेका थिए, सुनुवार । तर, आफ्नो कर्णप्रिय आवाजका कारण छोटो समयमै पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म मात्र नभई प्रवासमा रहेका नेपाली श्रोताको मुटुमा पनि बस्न सफल भए, उनी । उनी सफल रेडियो प्रस्तोता मात्र थिएनन् । आफू पुगेको मुलुकको कुनाकन्दराको सांस्कृतिक पक्षको नालीबेली थाहा हुन्थ्यो उनलाई', सुनुवारका अन्तरंग सहकर्मी धनेन्द्र विमल पुरानो कुरा सम्झँदै भन्छन्, 'नेपालको सांस्कृतिक पक्षको सम्पूर्ण कुरा थाहा हुन्थ्यो उनलाई । अद्भुत क्षमता भएका व्यक्ति थिए पाण्डव ।'

जागिरको सिलसिलामा उनले मुलुकको प्रायः सबै क्षेत्रको भ्रमण गरेका थिए । गाउँलेहरूको स्नेहले उनको कलालाई मलजल थप्न मद्दत मिलेको थियो । इलामदेखि पश्चिमको महाकालीसम्म पुग्दा आफ्ना श्रोताले 'बाबु ! यो कार्यक्रम कहिल्यै बन्द नगर्नु है' भन्ने गरेका शब्दलाई बारम्बार आफ्नो कार्यक्रममा उल्लेख गर्थे उनी । त्यसैले पनि होला लन्डनको किङ्स कलेज हस्पिटलको मृत्यु शय्याबाटै उनले रेडियो नेपालका आफ्ना सहकर्मीलाई भनेका थिए, 'अरू कार्यक्रम बन्द गरे पनि 'फोन इन' कहिल्यै बन्द नगर्नु, म बाँचेर आएँ भने चलाउँछु ।' विडम्बना, कलेजोसम्बन्धी रोगबाट थलिएर उपचारको लागि लन्डन पुगेका सुनुवार कहिल्यै नफर्कने गरी उतैबाट बिदा भए ।

उद्घोषण कलाबाटै आफ्नो 'करियर' सुरु गरेका उनी आफूमा भएको खुबीकै कारण रेडियो नेपालको कार्यक्रम महाशाखाको प्रमुख समेत बने । व्यस्त पदभार समाल्दा पनि आफ्नो कामलाई महत्त्व दिँदै उनी 'फोन इन', सुनगाभा, प्रश्नोत्तर, इन्द्रेणीजस्ता लोकप्रिय कार्यक्रमलाई निरन्तरता दिन चुकेनन् । 'फलेको हाँगा सधैं झुक्नुपर्छ, झुक्न सिक्नुपर्छ' यही आदर्श आफ्नो जीवनमा लागू गराउन कहिल्यै पछि परेनन्, सुनुवार ।

'पाण्डव दाइ नेपालभित्र मात्र नभएर प्रवासमा समेत रेडियो प्रस्तोताका रुपमा ख्याति कमाउने व्यक्ति हुनु हुन्छ', पाण्डव सुनुवारसँगको आफ्नो छोटो सम्बन्ध सम्झँदै संगीतकार टीका भण्डारी थप्छन् । उनैले प्रयोगमा ल्याएको नयाँ शैलीको फोनबाट चलाइने कार्यक्रमको नक्कल गर्दै रेडियो मात्र होइन, हाल टेलिभिजन कार्यक्रम पनि चर्चित भएका छन् । सुनुवारले ल्याएको 'फोन इन' कार्यक्रमको क्रान्तिले अहिले सञ्चारमाध्यमलाई अत्यधिक प्रभावित बनाएको छ ।

उनले पढ्ने एकमात्र सपना बोकेर काठमाडौं छिर्दा अनेकौं संघर्षमा रुमलिनु पर्‍यो । अझ जागिर खाएपछि उनको जीवन ठूलो संघर्षमा बित्यो । हरेक पटकको राजनीतिक परिवर्तनसँगै रेडियो नेपालभित्र हुने 'काखापाखाको' राजनीतिबाट दर्जनौंपल्ट पीडित बनेका सुनुवार अन्ततः आफ्नो क्षमताका कारण सफल रेडियो प्रस्तोताका रुपमा उभिन सफल भए ।

रेडियो नेपालमा ०२९ सालमा जागिर खाइसकेपछि ०३१ सालमा उनले आफूभित्र रहेको गायन प्रतिभालाई 'सपनाभरि हाँसिरहन्छु, विपनाभरि रुन्छु...' गीतबाट सार्वजनिक गरे । यसले उनको 'करिअर'लाई नयाँ उचाइ थपेको थियो ।

गाउँका ठेट लोकगीतहरूको संकलन गरेर सीमित गीतहरू मात्र गाए, उनले । तर, जति गीत गाए नेपाली सांगीतिक आकाशमा ती गीतहरू अहिले पनि कर्णप्रिय छन् । यद्यपि, रेडियो नेपालबाट प्रसारण भइरहको 'फोन इन' कार्यक्रमको बढ्दो लोकप्रियताका कारण उनले आफ्नो गायनलाई निरन्तरता भने दिन सकेनन् । तर, उनले जति गाए, त्यो नेपाली संगीतको क्षितिजमा अमर रहिरहनेछ ।

'फोन इन' कार्यक्रमको लोकप्रियतासँगै उनले गाएका 'बाबरीफूलको बोट...', 'यो दाजुको मिर्मिरे आँखा', 'भिज्यो तिम्रो रातो पछ्यौरी' र 'साउने खोला उर्लेर आउँदा' जस्ता सदावहार गीतहरू अझै लामो समयसम्म श्रोतामाझ गुन्जिरहने छन् । श्रद्धाञ्जली सुनुवारलाई ।

■ **ज्योति देवकोटा/काठमाडौं**


दिलमाया खाती


गोपाल योन्जन


मास्टर मित्रसेन


मास्टर रत्नदास प्रकाश


शरण प्रधान

तस्वीर: कुमार आले

# छैनन् जीवन्त

**एकताका लोकगीतहरू रेडियोमा घन्किँदा आमा, बाबु र परिवारका आँखामा आँसु बिजाउँथ्यो। झलकमान गन्धर्वको 'आमाले सोध्लिन् नि खै छोरा भन्लिन्...' बोलको लोकगीत सुन्दा लाहुरे परिवारका आँखाहरूमा आँसु टल्पलाउँथ्यो।**

**'भैंसी लड्यो है माया, भीरबाट हेर,**
**नौ सय साठी है माया, गैगयो लौ खेर'**

डेजी बराइलीले तीसको दशकमा गाएकी थिइन्, यो गीत। अहिले पनि यो गीतको मिठासमा कुनै कमी आएको छैन। बराइलीमात्र होइन, पुराना पुस्ताका लोकगायक मित्रसेन, उस्ताद साइला, झलकमान, तीर्थकुमारीले गाएका गीतहरू अहिले पनि सदावहार लोकगीतहरूमा आफ्नो अस्तित्व जीवन्त बनाउन सफल भएका छन्।

एकताका यी लोकगीतहरू रेडियोमा घन्किँदा आमा, बाबु र परिवारका आखामा आँसु बिजाउँथ्यो। झलकमान गन्धर्वको 'आमाले सोध्लिन् नि खै छोरा भन्लिन्...' बोलको लोकगीत सुन्दा लाहुरे परिवारका आँखाहरूमा आँसु टल्पलाउँथ्यो। सुन्दासुन्दै श्रोता डाको छोडेरै रुन्थे, यतिसम्म मार्मिकता बोकेका हुन्थे यी सदावहार गीतहरूले।

अहिले पनि लाहुरे परिवारले यो गीत सुन्न हुँदैन। आँखामा आँसु आइहाल्छ। पोखराको लाहुरे बस्तीमा झलकमानको यही गीत सुनेर गाउँभरिका महिलाहरू रुन्थे रे त्यो बेला। त्यस्तै रामशरण नेपालीको रेशम फिरिरी गीतको बोल रेडियोमा घन्किँदा नाच्न थाल्थे मानिसहरू ।

सामाजिक परिवेशसँग यति निकट थिए यी अजम्बरी गीतहरू। अब यस्ता गीतहरूको उदय हुने सम्भावना हराएको मात्र छैन, यिनै गीतहरूको अस्तित्व नै कतै हराउने त होइन भन्ने आशंकासमेत हुन थालेको छ।

'नयाँ पुस्ता'सँगै सबै क्षेत्रमा परिवर्तन आएको छ। अब झलकमान, डेजी बराइली, मित्रसेन, उस्ताद साइला, तीर्थकुमारी जस्ता लोकगीतको उचाइ थप्ने सदावहार गायकहरू जन्मिने सम्भावना पनि छैन, नेपाली लोकगीतको क्षेत्रमा। पाश्चात्य संगीतले गहिरो जरा गाडिसकेको छ, नेपाली गीतसंगीतको बजारमा। मनोरञ्जनको साधनको प्रभाव विस्तारै बढ्दै जान थालेपछि यी गीतहरू नौलो पुस्ताका लागि 'पाखे' गीत बनेका छन्।

लालबहादुर खातीले गाएको, हजुर कालो रेलको धुवाँले, म त कालो हजुर छाता ओढ्दै नओढ्नाले। एउटै गीतले उनको परिचय मात्र होइन, नेपाली लोकगीतको धरोहरको उचाइ थपेको छ। तर, अहिले बजारमा प्रतिस्पर्धामै उत्रिएका गायकहरूले वर्षमा सयौं गीत गाउँदा पनि उनीहरूको परिचय स्थापित हुन सकेको छैन। गायन क्षेत्रले व्यवसायिकता नपाएका कारण लोकगायकहरूको जीवनशैलीले कहिल्यै कोल्टे फेरेन। अहिले लोकगीतको क्षेत्रले व्यवसायिकता त पायो, तर लोकगीतमा जीवन्तता अटाउन सकेन।

पछिल्लो पुस्तामा आएर लोकगीतको क्षेत्रलाई व्यवसायिकतासँगै डोऱ्याउँदै अगाडि बढेका कुमार बस्नेत, राम थापा, पाण्डव सुनुवार हुँदै प्रेमराजा महतका गीतहरू बजारमा आउँदासम्म लोकगीतको यात्राले केही व्यवसायिकतातिर लम्कँदै गर्दा पनि मौलिकता जोगाइराख्न सफल भएका थिए।

अहिले लोकगीतको क्षेत्रले एक सय असी डिग्रीले कोल्टो फेरेको छ। पछिल्लो पुस्ताले लोकगीतको ढर्रा नै परिवर्तन गरिदिएको छ। कोठे लोकगीतले भरिभराउ भएको छ, अहिले लोकगीतको बजार। अधिकांश लोकगीतहरूमा कोठाकै गन्ध मात्र होइन, अश्लीलता समेत झल्किन्छ। सदावहार गीतहरूको बिंडो थाम्न पूरै असफल भएको छ, अहिलेको लोकगीत बजार। तैपनि, आशाको झिनो त्यान्द्रो बाट्दै लोकगायक कुमार बस्नेत भन्छन्, 'बाहिरी गीतको प्रभाव रोक्न केही हदसम्म अहिलेका नेपाली लोकगीतले मद्दत पुऱ्याएका छन्, व्यवसायिकतातिर फड्को मारेका छन्, पहिले यसैलाई फैलिन दिऊँ पछि गुणस्तरका कुरा गरौंला।'

'अहिले लोकगीतको बजारले व्यवसायिकतातिर फड्को मारेका कारण गायकहरू सम्पन्न भएका छन्। लोकगीत गाएरै सहरबजारमा घरजग्गा मात्र जोडेका छैनन्, आधुनिक सवारीसाधनहरूमा आफ्नो दैनिक जीवन सयर गराइरहेका छन्। पहिले गाउँमा मात्र लोकगीतको प्रभाव रहन्थ्यो भने अहिले सहरबजारमा समेत आफ्नो प्रभाव छोड्न सफल छ। यो उपलब्धिलाई नकारात्मक रुपमा हेर्न हुँदैन', पछिल्लो पुस्ताकी लोकगायिका बिमाकुमारी दुरा भन्छिन्।


पाश्चात्य संगीतको प्रभावले नयाँ पुस्ताको ध्यान उतैतिर मोडिदिएको छ। तैपनि, पुराना सदावहार गीत मन पराउनेहरूको कमी छैन बजारमा। 'हामीलाई एउटै डर के छ भने भावी पुस्ताले उस जमानाका सदावहार गीत र ती गीत गाउने हस्तीहरूको नाम नै सुन्न पाउँदैनन् कि जस्तो लाग्छ, उसै पनि नयाँ पुस्तालाई यसको रत्तिभर जानकारी छैन', गायक बस्नेत भन्छन्।

व्यापारीकरणले गर्दा गीतको मर्म मारेर गाउने प्रचलन बढेको छ, जसले ठेट लोकगीतलाई जीवन्तता दिन सकेको छैन। 'उति बेलाका गीतले गाउँमा घाँस काट्दा निस्कने शब्द समेटेका हुन्थे, अहिले त्यो जमाना छैन, गाउँमा गएर ढिँडो खोले खाँदै संकलन गरिएका गीतहरूको दाजोमा यसैले पनि अहिलेका लोकगीतले बराबरीको हैसियत राख्न नसक्ने बताउँछन्, लोकगायक कुमार बस्नेत।

'पुराना गीतहरूसँग अहिलेका कोठे लोकगीत कदापि दाँज्न सकिँदैन, अश्लीलता र भद्दापन छ अहिलेका लोकगीतहरूमा, पहिलेको जुगको गीतमा जति जादु हुन्थ्यो, त्यो जादु अहिलेका लोकगीतले समेट्न सकेका छैनन्', पुराना लोकसंगीत संरक्षणमा सक्रिय प्रकाश सायमीको भनाइ छ।

शरण प्रधान, लालबहादुर खाती, गोपाल योन्जन, क्षेत्र गुरुङ, कृष्ण भक्तहरूको जुगमात्र सकिएको छैन, अहिले यी गीतहरू पनि आफैं विलीन हुने अवस्थामा छन्। पाश्चात्य संगीतले लोकसंगीतलाई थला पार्न थालेको छ भने लोकसंगीतले सदावहार लोकगीतहरूको अस्तित्वमाथि धावा बोल्दै जान थालेका छन्।

**■ ज्योति देवकोटा/काठमाडौं**




# सुयोग्य गुरु

**पढाइको छुट्टीमा** काठमाडौं घुम्न आएको ठिटोको मनमा पिछडिएको नेपालमै जीवन बित्ला भन्ने कल्पनाको कुनै कसर थिएन। घुम्ने क्रममा उनको अंग्रेजी दक्षता देखेर ड्राइक्लिनर्सका साहुले विदेशी पर्यटकसँग कुरा गर्ने जागिर दिएका थिए काठमाडौं नयाँसडकमा। त्यसपछि यतै अल्झेका उनी पनि ड्राइक्लिनर्स छेवैको सीताराम टाइपिङ इन्स्टिच्युटमा शिक्षकको रुपमा काम गर्न थाले। जागिर दिने क्रम त्यतिमै टुंगिएन। पोखराबाट क्याम्पस प्रमुखको जिम्मेवारी सम्हालिदिन आएको अनुरोध अस्वीकार गर्न नसकेपछि हिमालफेदीको पोखरा उक्लेका उनी ४० वर्षदेखि यतैको यतै छन्। पृथ्वीनारायण क्याम्पस (पिएन)का संस्थापक प्रमुख जर्ज जोनले अचेल त भन्न थालिसकेका छन्, 'म यो माटोमा जन्मन नपाए पनि यहीं मर्न चाहन्छु।'

भारतको केरला राज्यमा जन्मी हुर्की उतै पढेका उनले त्यति बेलै राखेको दूरदृष्टिकोणबाटै आज झन्डै १५ हजार विद्यार्थीले बर्सेनि आफ्नो भविष्य पिएन क्याम्पसबाटै कोर्न पाइरहेका छन्। पहिलो दिनमा १३ विद्यार्थी हुनु र अहिले १५ हजार पुग्नु त्यति बेला कोरिएको योजनाकै प्रतिफल हो। स्याल कराउने झाडी फाँडेर रुखो जमिनमा पराले झुपडी बनाएरै भए पनि क्याम्पसको रुपरेखा कोरेका उनले ०१७ सालताकै अहिलेको विद्यार्थी चाप र समयअनुसार विभिन्न संकाय खुल्ने दृश्य उतिबेलै उनले देखिसकेको अहिले पुष्टि भएको छ। केही समयअघि सुयोग्य शिक्षक पुरस्कार पाउँदा उनले 'हैन मैले त केही गरेको होइनँ केवल जागिर खाएको मात्रै हुँ' भन्ने अभिव्यक्ति दिँदै फलेको वृक्ष निहुरिने कुरा सावित गराए। तर उनले जागिर मात्रै खान पोखरा आएको भए सायद काठमाडौंको २ हजार ७ सयको जागिर छाडेर ३ सयका लागि आउँदैनथे होला भन्ने सबैले बुझेका छन्। क्याम्पस स्थापना गर्दा आफैंले खर र बाँस बोकेर उनले देखाएको सरलताबाट जो-कोही पनि नतमस्तक रहे। त्यसो त अहिले क्याम्पसबाट सेवानिवृत्त भइसकेपछि पनि पढाउने काम भने छाडेका छैनन्।

अहिले अमरसिंह उच्चमाविमा अध्यापनरत उनी सक्ने उमेरसम्म पढाउने कर्म नछाड्ने बताउँछन्। जन्मले भारतीय भए पनि कर्मले नेपाली भएका जो सरलाई नेपाली नागरिकता पाउन भने कम्ती धौ भएन। तर अब त उनको सानो र सुखी परिवार पोखरामा रमाइसकेको छ। जोन सरले अब आफूले मलजल गरेको क्याम्पस विश्वविद्यालय बनेको हेर्ने रहर पालेका छन्। ■



## शून्य समय



युवराज घिमिरे

# बन्दुक नपड्काउने हो भने भिर्न नै किन पर्‍यो त ?

**प्रचण्डजी,**

झन्डै ११ वर्ष सशस्त्र संघर्ष कुन हदसम्म सफल भयो, त्यसको औचित्य कति थियो, त्यसबारे बहस जारी नै रहनेछ, यद्यपि त्यसमा एकमत बन्न सम्भव छैन । तेह्र हजार नेपालीको रगतले सिंचिएको यो मुलुक तपाईं र सात दलले भने जस्तै शान्ति, प्रजातन्त्र र समुन्नतिका लागि कति उब्जाउ हुन्छ- त्यो भविष्यकै गर्भमा छ । तर सही अर्थमा प्रजातन्त्र स्थापित भएमा, जनउत्तरदायित्वमा आधारित सक्रिय सरकारले कमसेकम माथिका ३ व्यापक लक्ष्य हासिल गर्न सक्नेछ ।

तपाईं खुला राजनीतिमा आएपछि केही कूटनीतिज्ञ लगायत तपाईंलाई भेट्ने अन्य केहीले तपाईंमा एउटा 'स्टेट्सम्यान' (राजनेता) का सम्भाव्यता देखेका छन् । तर म तपाईं एउटा फरक नेताका रुपमा नै पहिले स्थापित हुन सक्नुपर्छ भन्ने मान्यता राख्छु । त्यो प्रक्रियामा बन्दुक हैन, तपाईंको विचारले मात्र जनतालाई प्रभावित पार्न सक्छ । राजा ज्ञानेन्द्रलाई पनि 'स्टेट्सम्यान' भन्नेहरूको कमी थिएन मुलुकमा । सायद उनले पनि तिनीहरूको कुरा पत्याए ।

अहिलेको मुख्य चुनौती इमानदार रुपमा दीर्घकालीन शान्ति र समुन्नतिका आधार तय गर्नु हो । प्रजातन्त्र त्यसको विकल्पहीन माध्यम हो । प्रजातन्त्र स्वयंमा जनसहभागिता, समावेशी र पारदर्शितामा आधारित राज्य संचालन व्यवस्था हो । जनतासँग सही अर्थमा नेताहरूको कान निमोठ्ने अधिकार हुन्छ, त्यो व्यवस्थामा । तर, हतियारमाथि तपाईंको विश्वास यति बढी देखिन्छ कि जनता तपाईंको नजिकै आउन सक्तैनन् । आखिर तपाईं कसको नेता ? हतियारको कि जनताको ? जनताका नेता नबनी तपाईं राजनेता बन्न सक्नुहुन्न । तपाईंले भनेअनुसार तपाईं संवेदनशील हुनुहुन्छ होला । माडी नरसंहार र तपाईंका अनुयायीहरूका तर्फबाट भएका 'वर्गशत्रु'हरूको हत्याले पनि तपाईंलाई मर्माहत तुल्याएको होला । तपाईंले भनेजस्तै तपाईंले आफ्नै हातले एकजनाको पनि हत्या गर्नुभएको छैन होला । तर त्यसले तपाईंलाई हिंसाको अपराध भनौं वा दोषबाट मुक्त गर्दैन । र, त्यसलाई नस्विकारेसम्म तपाईं प्रजातन्त्रमा समाहित हुन सक्नुहुन्न ।

हो, माओवादी हिंसात्मक आन्दोलनले नेपालको राजनीतिमा परिवर्तनको गति र दिशालाई प्रभावित गरेको छ, तर गन्तव्य अझै ओझेलमा छ । समस्या समाधानका सम्भावनासँगै त्यसमा नयाँ जटिलता थपिएको छ । गन्तव्य परिभाषित गर्ने क्रममा अहिले जारी वार्ता एउटा सकारात्मक कोसेढुंगा हुनसक्छ यदि तपाईंले बन्दुकको शक्तिको आडमा कोठामा 'बार्गेन' गर्नुको साटो जनताप्रति समर्पित र नतमस्तक भएर सात दलका नेतालाई उनीहरूले 'दानपात्र'मा दिने अंशभन्दा जनताको समर्थनबाट आमनिर्वाचनपछि निर्माण हुने व्यवस्थापिकामा केही सिटहरू बढी मञ्जुर भएको सन्देशका साथ प्रतिस्पर्धात्मक राजनीतिमा शान्तिपूर्ण तरिकाले उत्रिएको घोषणा अहिल्यै गर्नुभयो भने ।

याद राख्नोस् प्रचण्डजी, बन्दुकको शक्ति छँदाको हठ र 'छद्मपन'लाई पनि चलाखी वा कूटनीति भन्लान् केहीले । अहिंसामा आधारित राजनीति गर्न कठिन भए पनि त्यसको प्रभाव दिगो र दरिलो हुन्छ । 'हाम्रा बन्दुक शान्ति प्रक्रियामा बाधक हुँदैन' भन्नु सदाशयताको परिचायक हुन सक्ला, तर बन्दुक लिएका तपाईंका छापामारहरूले अहिले पनि जस्तो आचरण गरिरहेका छन्, त्यसले तपाईंको सदाशयतालाई अव्यवहारिक सावित गरिसकेको छ । र, अन्ततोगत्वा त्यसले या त तपाईंको विश्वसनीयता समाप्त पार्नेछ या तपाईंलाई बन्दुककै राजनीतिमा धकेल्नेछ ।

नेपालमा नेपालीहरूले नेपालीहरूलाई मारिरहेको हिजोको परिस्थिति र त्यो दोहोरिने भोलिको सम्भावनालाई न्यून गर्ने जिम्मेवारी तपाईंको हो मुख्य रुपमा । हो, हिंसाको वैधानिकता र प्रभाव राजनीतिमा देखिएपछि त्यसलाई अरूले पनि अपनाउन सक्छन् । र, त्यसको फैलावट तथा निसानाको हुन जान्छ, त्यो तपाईंको नियन्त्रणमा हुँदैन । जनतान्त्रिक तराई मोर्चाद्वारा कृष्णचरण श्रेष्ठको हत्या त्यसको उदाहरण हो । मुलुकभित्रै कुनै रूपमा युद्ध जारी रहनु गृहयुद्धकै स्वरुप हो, आकार जत्रो भए पनि ।

तपाईं अक्सर राजनीति 'विज्ञान'सम्मत हुनुपर्छ भन्ने तर्क पेस गर्नुहुन्छ, हो पनि । तर प्रयोग र पर्यवेक्षणबाट नतिजा निकाल्ने प्रक्रियात्मक शैली हो विज्ञान । त्यस्तो प्रयोग गर्न स्वतन्त्रता र अधिकार विज्ञानको आवश्यक सर्त हो । ज्ञान विज्ञानको गन्तव्य हो । भयबाट स्वतन्त्रता ज्ञान र विज्ञान दुवैका आवश्यक सर्त हुन् । शिक्षाको अधिकार ज्ञान र विज्ञान दुवैका आवश्यक सर्त हुन् । र, प्रयोग र मान्यताका आधारमा रोज्ने र त्याग्ने अधिकारलाई संरक्षण गर्ने राजनीतिलाई नै प्रजातन्त्र भनिन्छ । बन्दुकबाट निर्देशित राजनीतिले विज्ञानका सर्त मान्दैन ।

पाँच महिनाको खुला राजनीतिक जीवनमा तपाईंले उद्योग, व्यापार, संचार, राजनीतिक तथा कूटनीतिक क्षेत्रका प्रतिनिधिहरूसँग अन्तरक्रिया गर्नुभएको छ । तर तपाईंको प्राथमिकतामा बालबालिका परेका छैनन् । स्कुल परेका छैनन् । शिक्षाक्षेत्र र बालबालिकाहरूप्रति तपाईंहरूको नकारात्मक भूमिकाबारे उनीहरू अनभिज्ञ छैनन् । त्यसले स्वभाविक रुपमा प्रश्न उब्जाउँछ- तपाईं मुलुकको भविष्यका बारेमा सचेत हुनुहुन्छ ? वा खाली अन्तरिम संविधान, सरकार हुँदै संविधानसभाको यात्रा मात्र तपाईंको लक्ष्य हो ?

अब सात दलसँगको सहमतिलाई गन्तव्यमा पुर्‍याउन शान्ति सम्झौता नगर्ने रणनीतिले शान्ति प्रक्रियामा तपाईंको इमानदारी प्रश्नको घेरामा आउन सक्छ । साँच्चै यो शान्ति प्रक्रियालाई सार्थक बनाउने हो भने तपाईंहरूले बोलाइसकेको संयुक्त राष्ट्रसंघलाई स्पष्ट जिम्मेवारी सुम्पिनुहोस् । अन्तर्राष्ट्रिय रुपमा मान्य प्रक्रियाद्वारा तपाईंले जनताको अनुमोदन खोज्ने राजनीतिक प्रक्रियासम्म पुग्नुपर्छ अब । संविधानसभाको चुनावका लागि तयार हुनु, तर त्योसँग जोडिएका हतियार व्यवस्थापनलाई थाती राख्नु र आचारसंहिता उल्लंघन गर्नु राजनीतिक इमानदारी मान्न सकिँदैन ।

त्यस्तै हतियार व्यवस्थापनका लागि अहिले नै तपाईं तयार हुनुभएन भने अन्ततोगत्वा त्यसको श्रेय मोरियार्टीलाई जानेछ ? के तपाईंको चाहना त्यही हो र ? हतियार नपड्काउने हो भने त्यसलाई किन भिरिराख्न चाहनुहुन्छ ? पहिलो विश्वयुद्ध रोक्ने आग्रहका साथ महान् दार्शनिक बर्ट्रान्ड रसेलले तत्कालीन अमेरिकी राष्ट्रपति विल्सनलाई लेखेको पत्रबाट यो अंश उद्धृत गर्न चाहन्छु, 'यो परिस्थिति मानवीयतासहितको कुनै पनि मानवका लागि असह्य बन्न पुगेको छ । महाशय, तपाईंले यो परिस्थिति अन्त गर्न सक्नुहुन्छ । तपाईंको शक्तिमा एउटा अवसर छ र एउटा उत्तरदायित्व पनि निहित छ त्यसमा । पूर्वमा तपाईंका केही कार्यहरूबाट म आश्वस्त छु कि तपाईंले आफ्नो शक्तिलाई केही बुद्धि (विवेक) र मानवीयताका साथ प्रयोग गर्नुहुनेछ- यद्यपि यी दुई गुणहरू राजनेताहरूमा विरलै हुने गर्छन् ।' हामी रोक्नै पर्ने गृहयुद्धको सँघारमा छौं । र, युद्धविरामको घोषणा र प्रतिस्पर्धात्मक खुला राजनीतिमा आउनेजस्ता तपाईंका कार्यहरूले तपाईं बन्दुकभन्दा जनताको शक्तिमा आधारित राजनीति गर्न चाहनुहुन्छ अब भन्ने केही आधार प्रस्तुत गरेका छन् । तर विवेक र मानवीयताको प्रदर्शनले तपाईं अरू शक्तिशाली हुनुहुनेछ । त्योअनुसारको चरित्र तपाईंले देखाउनुभएमा नेपालको भावी राजनीतिले पनि काँचुली फेर्न सक्छ ।

बाह्र वर्षमा तपाईंले प्रदर्शन गर्नुभएका आवेश, तिक्तता, विद्रोहको पृष्ठभूमिलाई तपाईंको संवेदनशीलताले डोर्‍याएर तपाईंलाई गान्धी अथवा मार्टिन लुथर किङ अथवा नेल्सन मन्डेला बनाउन सफल भएमा के त्यो तपाईंको 'क्रान्तिकारी' राजनीतिप्रति अन्याय होला र ? तर बन्दुकको संगतले तपाईंलाई प्रचण्डबाहेक अरू केही बन्न दिनेछैन ।

**तपाईंको शुभेच्छुक**
**युवराज घिमिरे**
**पत्रकार**